जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM National Weekly


www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २७ अंक १२ २०८२ असार २९ गते आइतबार (Jul. 13, 2025) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## नेपाली कांग्रेस र एमाले शक्तिकेन्द्रहरुको घेराबन्दीमा

# सरकार टिकाउन पुनरगठनको तयारी





काठमाडौं। बर्तमान सरकार गठन भएको आज २९ गते एकबर्ष पूरा हुँदैछ। गतबर्ष असार ३० गते बर्तमान सरकार गठन भएको थियो । यसबीचमा सत्तारुढ दलभित्र र बाहिर बिभिन्न चलखेलहरु भएका छन्। संसदमा रहेका १४ मध्ये प्रमुख दुई दलसहित सात दलको सरकार गठन भएकोमा उपेन्द्र यादव नेतृत्वको जसपा शुरुदेखि नै समर्थन गरेपनि सरकारमा गएको थिएन। सो पार्टीको संसदीय दलले गतसाता सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेपनि औपचारिक जानकारी दिएको छैन। त्यसैगरी नाउपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको संसदलाई औपचारिक जानकारी दिएपनि आफ्नो पार्टीका मन्त्रिलाई हटाएको छैन। प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र कहिले सरकार बिरुद्ध उग्र आक्रामक हुने र कहिले समर्थनगर्ने गर्दैआएको छ। नेकां र एमालेको गठबन्धन फुटाउने प्रयास पनि भैरहेका छन्भने उक्त दुबै पार्टीमा आन्तरिक खिचलो पनि अनपेक्षित ढंगले बढेर गएको छ। सबै घटनाक्रमहरुले गर्दा नेपालको आन्तरिक राजनीतिमा बाह्य शक्ति खासगरी दिल्लीले उल्टो पुल्टो खेल खेलेर अस्थिरता बढाउने काम गरिरहेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। जसलेगर्दा बर्तमान सरकार टिकाउनका लागि मन्त्रिपरिषद पुनरगठन हुने संकेत देखिएको छ। यसअघि नै नेकांका सभापति शेरबहादुर देउवा र एमालेका अध्इक्ष तथा प्रधानमन्त्रि केपी ओलीले पटक, पटक मन्त्रिपरिषद पुनरगठनगर्ने असफल प्रयास गर्नुभएको थियो। प्रधानमन्त्री ओलीले गत मंसिर १२ गते सिंहदरबारमा आफ्नो मन्त्रिपरिषदका सबै मन्त्री र सचिवहरुलाई बोलाएर त्रैमासिक समीक्षा गर्नुभएको थियो। जसमा उहाँले मन्त्री परिवर्तन हुनसक्ने संकेतगर्दै प्रभावकारीरुपमा कामगर्न निर्देशन दिनु भएको थियो। गत सात महिना अघिनै प्रधानमन्त्रीले काम नगर्ने र गर्ननसक्ने मन्त्री सरकारमा राखेर उपलब्धि नहुनेभन्दै सोच्नुपर्ने अवस्था आउनसक्ने बताउनु भएपनि बिभिन्न आरोह अवरोहका कारण पुनरगठनगर्न सक्नुभएको थिएन। हाल आएर माओवादी केन्द्रले पनि तेश्रो तहमा रहेर भएपनि सरकारमा जाने संकेत गरेको छ। जसलेगर्दा नेकांका सभापति देउवाले सर्बदलीय सरकारको **बाँकी ८ पेजमा**

## एमालेमा अराजकता र गुटबन्दी बढ्दो

काठमाडौं। एमालेमा अराजकता बढेकोभन्दै कतिपय नेताहरुबाट आक्रोश ब्यक्त हुन थालेको छ। त्यसैक्रममा सो पार्टीका महासचिव शंकर पोखरेलले पछिल्ला केही सार्बजनिक कार्यक्रमहरुमा पार्टीको १० औं राष्ट्रिय महाधिवेशनले पारित गरेको विधानका विषयमा प्रश्न उठाउनु संगठनात्मक अराजकता भएको बताउने गर्नुभएको छ। आगामी भदौमा हुनेभनिएको विधान महाधिवेशनको तयारीका सन्दर्भमा गतसाता ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा जनसंगठनका इन्चार्ज र पदाधिकारीहरुको भेलालाई सम्बोधनगर्दै उहाँले आफू सहभागी भएर पारित गरेको विधानकाबारेमा प्रश्न उठाउनु संगठनात्मक अराजकता भएको बताउनुभएको थियो। महासचिव पोखरेलले विधान महाधिवेशनले अन्तिमरुप दिएका कतिपय प्रावधान तत्कालीन आवश्यकताका आधारमा राष्ट्रिय महाधिवेशनले संशोधन गर्नसक्ने धारणा राख्नुभएको थियो। उहाँले पार्टी र नेतृत्व विरुद्धको आक्रमण गतबर्ष पार्टीका अध्यक्ष केपी ओलीले **बाँकी ८ पेजमा**

## पूर्ब राजा बिरुद्ध प्रहरी परिचालन

काठमाडौं। बर्तमान सरकारले पूर्ब राजा बिरुद्ध प्रहरी परिचालन गरेको देखिएको छ। यसैक्रममा प्रहरीले सम्वाद सचिव फणिराज पाठकलाई पूर्वराजा ज्ञानेन्द्र शाहलाई अबदेखि श्री ५ महाराजधिराज नलेख्ने कागज गराएर छाडेको थाहाभएको छ। पाठकले कागज गरेपछि गत शुक्रवार साँझ उनलाई परिवारको जिम्मा लगाइएको प्रहरीको भनाई छ। संविधानले नचिन्ने सम्बोधन प्रयोगगरी सामाजिक सञ्जालमा पोष्ट र विज्ञप्ति जारीगरेको भन्दै प्रहरीले पाठकलाई सोधपुछका लागि बोलाएको भनिएको थियो। जिल्ला प्रहरी परिसर काठमाडौंले उपस्थित हुनभन्दै सम्पर्क गरेपछि उहाँ भद्रकाली पुग्नुभएको थियो। हालसम्म पनि **बाँकी ८ पेजमा**

## बामदेव गौतम माधव समूहको तेश्रो नेता

काठमाडौं। नेपालका अस्थिर बाम नेतामध्ये एक मानिनुहुने बामदेव गौतम फेरी माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीसँग जोडिनु भएको छ। सो पार्टीसँग गत शुक्रबार पार्टी एकतागर्ने सहमतिमा हस्ताक्षरपछि नेता गौतमले एमालेले अपमान गरेकाले आफू अन्ततः एकीकृत समाजवादीसँग एकतागर्ने निचोडमा पुगेको प्रतिक्रिया दिनुभएको थियो। एकीकृत समाजवादीसँग करिव चार बर्षदेखि वार्ताको कुरा चलेको र हाल आएर त्यो प्रयासलाई एकतामा परिणत गरेको बताउँदै गौतमले कम्युनिष्ट पार्टीलाई एकताबद्धगर्ने आफूहरुको साझा उद्देश्य रहेको पनि बताउनु भएको छ। माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी र वामदेव गौतम नेतृत्वको नेकपा एकता राष्ट्रिय अभियानबीच **बाँकी ८ पेजमा**

## देशका बिभिन्न स्थानमा औलोको जोखिम बढ्दै

काठमाडौं। देशका चितवन र कञ्चनपुर लगायतका बिभिन्न स्थानमा औलोको जोखिम बढ्दै गएको देखिएको छ। यसैक्रममा प्राप्त एक समाचार अनुसार कञ्चनपुरमा एनोफिलिज जातको पोथी संक्रमित लामखुट्टेको टोकाइबाट हुने औलोका आयातित बिरामीको संख्या बढ्दै जानथालेको हो। स्वास्थ्य कार्यालय कञ्चनपुरका औलो निरीक्षक सिद्धराज भट्टकाअनुसार चालु आबको हालसम्म औलोबाट जिल्लामा ५६ जना संक्रमित भएका छन्। भारत र अफ्रिकन मुलुकबाट फर्केका व्यक्तिहरुमा औलोको संक्रमण उच्च रहेको पाइएको छ। भारतबाट फर्केका ५२ जना, अफ्रिकन मुलुकबाट फर्केका दुईजना र स्थानीय दुई जनामा औलोको संक्रमण देखापरेको औलो निरीक्षक भट्टले बताउनुभएको छ। उहाँले प्लाज्मोडियम फाल्सिपारम र प्याज्मोडियम भाइभेक्स लगायतका दुई परजिविबाट औलो सर्ने गर्दछ। भाइभेक्सभन्दा प्लाज्मोडियम फाल्सिपारम बढी जोखिमयुक्त हुने गरेको छ, समयमै उपचार नभए फाल्सिपारमबाट **बाँकी ८ पेजमा**

## काठमाडौंमा साम्राज्यवाद बिरुद्ध प्रदर्शन

काठमाडौं। काठमाडौंमा गत शुक्रबार क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल र नेकपा (मसाल) सहितका बिभिन्न १२ वटा पार्टी तथा संस्थाहरुले साम्राज्यवाद बिरुद्ध प्रदर्शन र सभा सम्पन्न गरेका छन्। उनीहरुले दिउँसो करिव दुईबजे अमेरिकी तथा इजरायली साम्राज्यवादले प्यालेष्टाइन र इरानलगायतमाथि थोपरेको युद्धको विरोधगर्दै शान्ति शान्तिवाटिकाबाट जमल, बागबजार, पुतलीसडकहुँदै भृकटीमण्डपसम्म जुलुस प्रदर्शन गरेका थिए। त्यसपछि भृकुटीमण्डपमा बिरोधसभा भएको थियो। नेकपा (मसाल) का नेता समीर सिंहको सञ्चालन र नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष ऋषि कट्टेलको अध्यक्षतामा भएको सो कार्यक्रममा जनता समाजवादी पार्टीका लालबहादुर तामाङले स्वागत मन्तव्य राख्नुभएको थियो। सो कार्यक्रमलाई माओवादी केन्द्रका नेता लीलामणि पोखरेल, एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डे, जनता समाजवादी पार्टी नेपालका नेता तथा राष्ट्रियसभाका सांसद खालिद सिद्धिकी, राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा प्रतिनिधिसभाका सांसदचित्रबहादुर केसी, नेपाल कम्युनिष्ट पार्टीका **बाँकी ८ पेजमा**

## माओवादी केन्द्रमा बिभाजनको संकेत

काठमाडौं। माओवादी केन्द्रमा बबण्डर कायमै रहेको र बिवादको मुख्यकारण अध्यक्ष पुष्पकमल दाहाल हुनेगरेको सो पार्टी सम्बद्ध सूत्रहरुले उल्लेख गरेका छन्। कतिपयले पार्टी कुनैपनि बेला बिभाजन हुनसक्ने अवस्था रहेको बताएका छन्। यसैक्रममा सो पार्टीले विधान संशोधन, केन्द्रीय समिति बैठकको मिति तयगर्नका लागि स्थायी समितिको बैठक बोलाउने निर्णय गरेको छ। आगामी साउनको दोश्रो हप्ताभित्र स्थायी समितिको बैठक राख्ने निर्णय गरेको थाहाभएको छ। यसअघि असारभित्र केन्द्रीय समितिको बैठक राख्ने निर्णय भएको भनिएको थियो। यसैबीच माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ गत १९ गते बिहान नौबजे काठमाडौंको भंगालस्थित पूर्ब राष्ट्रपति बिद्यादेवी भण्डारीको निवास पुगेको घटनाले सो पार्टीमा हलचल ल्याएको छ। गत १४ गते मदन जयन्तीको अवसरमा आयोजित कार्यक्रममा बोल्दै भण्डारीले एमालेको सदस्यता नवीकरण गरेर सक्रिय राजनीतिमा फर्किएको घोषणा **बाँकी ८ पेजमा**

## नेपालीलाई अमेरिकाबाट धपाउन अनेक षडयन्त्र

काठमाडौं। नेपालीलाई अमेरिकाबाट धपाउन अनेक षडयन्त्र भैरहेको थाहाभएको छ। हालै प्राप्त एक समाचारअनुसार अमेरिकी सरकारले अध्यागमनसम्बन्धी अस्थायी संरक्षणको व्यवस्था अर्थात टेम्पोररी प्रोटेक्टेड स्टाटस (टीपीएस) खारेजगर्ने निर्णय गरेपछि १२ हजार ७ सय नेपालीको अमेरिका बसाइ अन्त्यहुने भएको छ। नेपालीलाई अमेरिकी सरकारले उपलब्ध गराएको टीपीएस ०८२ साउन २० (२०२५ अगष्ट ५) बाट खारेज हुने निर्णय युएस डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटी (डीएचएस) ले २०८२ जेठ २३ (२०२५ जुन ६) मा गरेको हो। डीएचएसको निर्णयपछि साउन २० बाट १२ हजार ७०० नेपालीको कानूनरुपमा कामगर्ने मान्यता र अमेरिका बसाइसमेत अन्त्य हुनेभएको हो। हाल अमेरिकामा १४ हजार ५०० नेपाली टीपीएसवाहक छन्। तीमध्ये १२ हजार ७०० को टीपीएस खारेजगरिएको नेशनल इमिग्रेसन फोरम को सूचीमा उल्लेख गरिएको छ। ०७२ वैशाख १२ को भूकम्पपछि प्रभावितका लागि अमेरिकी सरकारले टीपीएस उपलब्ध गराएको थियो। द्वन्दकालमा **बाँकी ८ पेजमा**

## क्रान्तिकारी पार्टी देशब्यापि अभियानमा

काठमाडौं। क्रान्तिकारी कम्युनिष्ट पार्टी देशब्यापि अभियानमा रहेको थाहा भएको छ। सो पार्टीका कार्यबाहक महासचिव सिपि गजुरेलले हालै मूलबाटो डटकमलाई एक अन्तवार्तादिँदै उपरोक्त कुराको खुलाशा गर्नुभएको हो। सो अन्तवार्तामा उहाँले भन्नुभएको छ- हामीले असार पाँचगते



देशैभर भ्रष्टाचारविरोधी अभियानको उद्घाटन गऱ्यौं। यो अभियान अहिले विकेन्द्रितरुपमा ब्यूरोस्तरमा चलिरहेको छ। ब्यूरो अन्तर्गतका जिल्लाहरुमा भइरहेका भ्रष्टाचार, अनियमितता, जनतामाथि **बाँकी ८ पेजमा**

## नेपाली कांग्रेसमा दोहोरो उजुरी, पार्टी संकटमा

काठमाडौं। नेपाली कांग्रेसमा दोहोरो उजुरीकोक्रम चलेको छभने पार्टी संकटमा परेको बताउन थालिएको छ। नेपाली कांग्रेसभित्र आन्तरिक बिवाद बढिरहेकै बेला गतसाता ११ जना केन्द्रीय सदस्यसहित दुईहजार १०० जनाविरुद्ध अनुशासनको कारवाही मागगर्दै उजुरीपरेको थियो। पार्टीको अनुशासन समितिमा उक्त उजुरी परेपछि कारवाही थालिएको थियो। गतसाता आइतबारको केन्द्रीय समिति बैठकमा बोल्दै अनुशासन समितिका संयोजक आनन्द ढुंगानाले समितिमा दुईहजार १०० वटा उजुरी प्राप्तभएको खुलाशा गर्नुभएको थियो। उक्त उजुरी ५० जिल्लाबाटमात्र परेका हुन्। जसमा ११ जना केन्द्रीय सदस्य, एकजना प्रदेश सभापति, सातजना जिल्ला सभापतिसहित नेता रहेको भनिएको थियो। त्यसपछि कांग्रेसले स्थानीय तह,

**समाचार विश्लेषण**

प्रदेश सभा र प्रतिनिधिसभा निर्वाचन-०७९ मा पार्टीका उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारलाई असहयोगगर्ने २६ नेता तथा कार्यकर्ता लाई सचेत गराएको थियो। पार्टीको केन्द्रीय अनुशासन समितिको गत नौदेखि १७ गतेसम्म बसेको बैठकले गरेको निर्णयको हवालादिँदै यसअघि १८ जनालाई पार्टीबाट निष्काशन पनि गरेको थियो। समितिले कैलालीमा दुई, डोल्पामा १०, सल्यानमा ११, दैलेखमा एक, खोटाङमा एक र धनुषामा एकगरी २६ जना पार्टीका नेता तथा कार्यकर्तालाई अब उप्रान्त पार्टी हितविरुद्ध काम नगर्न सचेत गराउने निर्णय गरेपछि त्यसका बिरुद्ध प्रति उजुरीहरु पनि शुरुभएको देखिएको छ। प्राप्त भएका पुनरावेदनका हकमा समितिले आवश्यक निर्णयका लागि पार्टीको केन्द्रीय कार्यसमितिको गत २२ गतेको बैठकमा पेश गरेको थियो। त्यस्ता सम्पूर्ण निवेदनहरुलाई आवश्यक कारवाहीका लागि कोशी प्रदेशबाट १७, मधेस प्रदेशबाट २३, बागमती प्रदेशबाट चार, गण्डकी प्रदेशबाट तीन, लुम्बिनी प्रदेशबाट ३६, कर्णाली प्रदेशबाट चार र सुदूरपश्चिम प्रदेशबाट एकगरी ८८ जनाको निवेदन रहेको पार्टी **बाँकी ८ पेजमा**

## अख्तियारद्वारा भ्रष्टाचार बिरुद्ध मुद्धा दायर

काठमाडौं। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार बिरुद्ध मुद्धा दायर गर्नेक्रमलाई तीब्र बनाएको छ। यसैक्रममा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेलसहितका छजनाविरुद्ध १५ करोड ८८ ला[redacted] रुपियाँको भ्रष्टाचार मु[redacted] छ। आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले उनीहरु बिरुद्ध गत शुक्रबार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्धादायर गरिएको जानकारी दिनुभएको हो। मुद्धा दायरहुनेमा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेल, तत्कालीन निर्देशक सफल श्रेष्ठ, सहायक निर्देशक रमेश पोखरेल र कम्प्युटर इन्जिनियर रामशरण गायक हुनुहुन्छ। त्यसैगरी राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन लेखा अधिकृत निमबहादुर वली, वर्ल्ड डिष्ट्रिब्युसन नेपाल प्रालि कान्तिपथ काठमाडौं र उक्त कम्पनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक अरुण श्रेष्ठविरुद्ध मुद्धादायर भएको पौडेले बताउनुभएको छ। त्यसैगरी आयोगले खोटाङका तत्कालीन जिल्ला शिक्षा अधिकारी बालकृष्ण चापागाईसहित नौजनाविरुद्ध भ्रष्टाचार मुद्धादायर गरेको छ। बिद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत आब ०७०/७१ मा १० लाख रुपैयाँ र आर्थिक बर्ष ०७१/७२ मा १४ लाख रुपैयाँगरी जम्मा २४ लाख रुपैयाँ तत्कालीन जिल्ला शिक्षा कार्यालय, खोटाङले जनता उच्च माध्यमिक बिद्यालयको लागत अनुमा[redacted]ख १० हजार ८६४ रुपैयाँ [redacted] चारकोठे भवन निर्माण [redacted] अनुदान दिनेभनी ०७० [redacted] सम्झौता भएकोमा आर[redacted]म तथा गारोको जग खनी डीपीसी टाइबीमसम्मको कार्य सम्पन्न भएपछि कूल अनुदान रकमको बढीमा २० प्रतिशत र कार्यसम्पन्न भएपश्चात् अन्तिम किस्ता बापतको रकम निकाशागर्ने भनिएकोमा सम्झौताको शर्त विपरीत डीपीसीसम्मको काम सम्पन्न नहुँदै अन्तिम किस्तासमेत गरी २४ लाख रुपैयाँ रकम जिल्ला शिक्षा कार्यालयले जनता उमाविलाई निकाशा गराएको **बाँकी ८ पेजमा**

## कतिपय....

छ । त्यसर्थ, जलवायु न्यायका लागि हामीले अन्तर्राष्ट्रिय समुदायमा वकालत बढाउनुपर्छ । जलवायु अनुकूलन, पूर्वसूचना प्रणाली विकास, विपद् व्यवस्थापन र प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । जनचेतना बढाउनुपर्छ । हिमाल हाम्रो सम्पत्ति हो – जलवायु संकटबाट हिमाल जोगाउन पैरवी बढाउनुपर्छ ।

## सरकार...

अवधारणा अगाडि सार्नुभएको छ । नेकांको गतसाता भएको केन्द्रिय कार्य समितिको बैठकले बर्तमान सरकारलाईनै निरन्तरता दिने भनेका कारण प्रधानमन्त्रि परिवर्तन हुने कुनै संभावना छैन । केही मन्त्रिहरु फेरिने र केहीको बिभाग परिवर्तन हुने संभावना भने बढेर गएको छ । कतिपय समाचार सूत्रले सरकारमा रास्वपालाईसमेत गोलबन्दगर्ने संभावना रहेको बताएका छन् । मन्त्रिपरिषदको पुनरगठनपछि प्रम ओली आगामी साउनको दोश्रो हप्तामा दिल्ली जाने संकेतहरु पनि देखिएका छन् ।

## एमालेमा....

सरकारको नेतृत्व गरेदेखि झनै बढेको बताउनुभएको थियो । एमाले सरकारमा रहेको धेरैलाई मन नपरेकाले अनेक लाञ्छना लगाएर हरेक दुईमहिनामा सरकार परिवर्तनको हल्ला फैलाइने गरेको उहाँको भनाइ थियो । पार्टी स्थायी कमिटी सदस्य एवं जनसंगठन संयन्त्रका प्रमुख भानुभक्त ढकालले पार्टीको निर्णयविरुद्ध नबोली नेता भईदैनभन्ने मानसिकता त्याग्न आग्रह गर्नुभएको थियो । एमालेमा अहिलेबाटै आगामी अध्यक्ष को हुनेभन्ने बिषयमा पनि बहस शुरुभएको छ । सो पार्टीकी पूर्ब उपाध्यक्ष तथा पूर्ब राष्ट्रपति बिद्या भण्डारीले अहिलेबाटै आफू पार्टीको अध्यक्ष हुने भन्ने अभियान चलाउनु भएपछि एमालेमा चरम गुटबन्दी शुरु भएको छ । एमालेबाट बर्तमान अध्यक्ष केपी ओलीलाई बेदखल गराउन चाहाने समूहहरुबाट बिद्या भण्डारीलाई भेट्नेक्रम बढेर गएको छ ।

## पूर्ब राजा...

बिभिन्न योगीहरुले आफूलाई श्री ८ र श्री ६ महाराजभन्दै प्रचारगर्दै आएका छन् । ०७२ को संविधानमा श्री ५ महाराजाधिराज लेख्न नपाउने र सम्वाद सचिवालय शब्द प्रयोगगर्न नपाइने कुनै किटानी प्रतिवन्ध लगाइएको छैन । दरबारका सचिवलाई प्रधानमन्त्रि वा गृहमन्त्रि कस्को आदेशमा त्यसरी प्रहरीले बोलाएर कारवाही गरेको होभन्ने खुलेको छैन ।

## बामदेव....

एकतागर्ने सहमति भएपनि त्यसको औपचारिक घोषणा आगामी साउन दुईगते शुक्रबार हुने भएकाले बीचमा कुनै घटना हुने संभावना पछि छ । गत शुक्रबार नेपाल र गौतमले संयुक्तरुपमा हस्ताक्षरगर्दै जारीगरेको वक्तव्यमा राजनीतिक दर्शन, सिद्धान्त, कार्यक्रम, रणनीति र कार्यदिशामा एकरुपता रहेको र नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्नुपर्ने आजको ऐतिहासिक आवश्यकतालाई ध्यानमा राख्दै एकताबद्ध भएर अघिबढ्ने सहमति भएको उल्लेख छ । एकतापछि पनि पार्टीको नाम एकीकृत समाजवादीनै रहने भनिएको छ । ०७७ सालमा तत्कालीन नेकपा बिभाजनका बेला गौतमले छुट्टै अभियानको घोषणागर्दै नेकपा एकता अभियान चलाउनुभएको थियो । नेकपा विभाजनपछि एमाले र माओवादी केन्द्र अलग भएका थिएभने ०७८ मा माधव नेपालले एकीकृत समाजवादी गठन गर्नुभएको थियो । दुई पार्टीबीच एकतागर्ने सहमतिकाक्रममा गौतमलाई तेश्रो वरीयताको वरिष्ठ नेता बनाउने सहमति भएको जानकारीदिँदै एकीकृत समाजवादीका उपाध्यक्ष तथा प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले आफ्नो पार्टीको विधानमा अध्यक्ष, सम्मानित नेता, वरिष्ठ नेता र वरिष्ठ उपाध्यक्षलगायत पद रहने व्यवस्था भएकाले गौतमलाई नेता झलनाथ खनालपछि तेश्रो वरीयतामा वरिष्ठ नेता दिने सहमति भएको बताउनु भएको छ । कतिपयले बामदेव गौतमको प्रवेशपछि एकीकृत समाजवादीबाट अध्यक्ष माधव नेपाल किनारा लाग्नसक्ने बताएका छन् । यसैबीच एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफूमाथि लागेको मुद्धाका कारण पार्टीले निर्णय गरे बिदा लिन तयार रहेको बताउनुभएको छ । गत शुक्रबार काठमाडौंमा पार्टीनिकट अनेरास्ववियूको प्रथम केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले उपरोक्त कुरा बताउनुभएको थियो । उहाँलाई एकीकृत समाजवादीभित्र नैतिकताका आधारमा पद त्याग्न दबाब बढ्दैगएको थाहाभएको छ ।

## देशका...

बिरामीको मृत्यु हुनसक्ने सम्भावना उच्चरहने गर्दछ भन्नुभएको छ । औलो संक्रमितमध्ये प्लाज्मोडियम फाल्सिपारमबाट १२ जना र प्याज्मोडियम भाइभेक्सबाट ४४ जना बिरामी संक्रमित भएको पाइएका छन् । गत बर्षको यसै अवधिमा भारतलगायत मुलुकबाट फर्केका २९ जनामा औलोको संक्रमण देखापरेको थियो । औलो निरीक्षक भट्टले बर्सेनि भारतबट फर्कने व्यक्तिहरुमा औलोको संक्रमण देखिँदै आएको छ, स्थानीय औलोका बिरामी न्यून मात्रामा रहे पनि आयातीत बिरामीको संख्या बढ्दो छ । खुला सीमानाकाका कारण औलो नियन्त्रण गर्नमा चुनौती छ, सीमानाकामै औलोका शंकास्पद बिरामीको रगत चेकजाँचगर्ने व्यवस्थालाई भरपर्दो बनाउन आवश्यक छ भन्नुभएको छ । औलो लागेको व्यक्तिलाई लामखुट्टेले टोक्दा रगतसँगै औलोको परजीवी पनि चुस्ने र लामखुट्टे संक्रमित हुने भएकाले त्यस्ता संक्रमित लामखुट्टेले स्वस्थ मानिसलाई टोकेमा औलो सर्ने उहाँको भनाइ रहेको छ ।

## काठमाडौंमा....

चिरन पुन, जनता समाजवादी पार्टीका राजु थापा, क्रान्तिकारी कम्युनिष्ट पार्टीका रामसिंह श्रीस, वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका महासचिव विश्वभक्त दुलाल, नेकपा (बहुमत) का सागर लिम्बु, देशभक्त समाजवादी मोर्चाका गोपाल किराँती र राजनीतिक संवाद थालनी अभियानका संयोजक संगीत श्रोताले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा सुशेला संगीत समूह, रक्तिम सांस्कृतिक अभियानका महासचिव हेमराज आश्रम, जनवादी सांस्कृतिककर्मी कुश्मिता दर्लामी लगायतले सांगीतिक प्रस्तुति दिनुभएको थियो ।

## माओवादी...

गरेपछि श्रेष्ठ उहाँलाई भेट्न जानुभएको थियो । त्यहाँ करिब ४५ मिनेट छलफल र भलाकुसारी भएको भनिएको थियो । पछिल्लो समयमा अध्यक्ष दाहालको व्यवहारले वाक्क दिक्क भएका माओवादी केन्द्रका नेताहरु एमालेप्रति आकर्षित हुँदैगएको देखिएको छ । गत बिहीबार बोटेश्वरमा बसेको माओवादी केन्द्को पदाधिकारी बैठकमा पार्टी अध्यक्ष दाहालले श्रेष्ठले भण्डारीलाई भेटेकोबारे आक्रोश ब्यक्त गर्नुभएको थियो । सो बैठकमा श्रेष्ठ र उपमहासचिव जनार्दन शर्मा पनि उपस्थित हुनुभएको थिएन । बैठकमा अध्यक्ष दाहालले आफूलाई थाहैनदिई श्रेष्ठ भण्डारीकहाँ पुगेको कुरा दुईदिन ढिला थाहापाएको बताउनु भएको थियो । उक्त भेटको सुइँको पाउनासाथ माओवादी केन्द्रका उपाध्यक्ष तथा प्रबक्ता अग्नी सापकोटाले एक बक्तब्य प्रकाशितगरी आफ्नो पार्टीको एमालेसँग पार्टी एकतागर्ने कुनै नीति नरहेको जनाउनु भएको थियो । हाल संसदवादी कम्युनिष्टहरु एमालेप्रति आकर्षित हुँदैगएको देखिएको छ ।

## नेपालीलाई...

द्वन्द पीडितकारुपमा अमेरिका गएका र टीपीएस लिएका व्यक्तिहरु पनि अमेरिकी सरकारको यो निर्णयबाट प्रभावित हुनेभएका छन् । डीएचएसले जारीगरेको सूचना अनुसार पछिल्लो पटक सन् २०२३ डिसेम्बर २५ मा १८ महिनाका लागि, अर्थात २०२५ जुन २४ सम्म, १४ हजार ५०० नेपालीको टीपीएस अवधि नवीकरण गरिएको थियो । तर, डीएचएसले अवधि सकिनुअघिनै २०२५ जुन छमा टीपीएस २०२५ अगष्ट पाँचमा खारेज हुने निर्णय गरेपछि १२ हजार ७०० नेपालीको अमेरिका बसाइ र कामगर्न पाउने अनुमति अन्त्य हुने निश्चित भएको बताइन्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनको प्रशासनको कडा अध्यागमन नीतिको प्रभाव अमेरिकाको भिजिटर भिसामा व्यापक देखिएको छ । अमेरिकी सरकारको विदेश मन्त्रालय ब्यूरो अफ कन्सुलर अफेयर्सको तथ्यांकअनुसार मे महिनामा जम्मा ९०८ जना नेपालीहरुले अमेरिकाको भिजिटर भिसा पाएका छन् । यो चालु आर्थिक बर्षका कुनै पनि महिनाको तुलनामा कम हो । चालु आबका विगतका महिनाहरुसँग तुलनागर्दा यो गिरावट ३० देखि ६० प्रतिशतसम्म रहेको छ ।

## क्रान्तिकारी....

लादिएका अन्याय, अत्याचारका विवरणहरु संकलन भइरहेका छन् । आवश्यकताअनुसार ब्यूरोले भ्रष्टाचारीहरुमाथि कारबाहीका योजना बनाउने छ र कार्यान्वयनगर्ने छ । समग्रमा हामीले यो अभियानमार्फत ग्रामीण बर्गसंघर्ष उठाउन खोजेका छौं । ग्रामीण बर्गसंघर्ष अहिलेको ज्वलन्त आवश्यकता बनेको छ । आज स्थिति यस्तो बनेको छकि गाउँ गाउँमा फटाहा, दलालहरुको बिगबिगी छ । जनता ती तत्वहरुबाट आजित बनेकका छन् । युवाहरुको कहाली लाग्दो विदेश पलायन छ । भएका मान्छेहरु बस्नै नसक्ने अवस्थामा पुगेका छन् । यो अवस्थाबाट मुक्ति कसरी दिने ? गाउँ, गाउँमा जनताको अवस्था दयनीय बनेको छ । जनयुद्धताका ग्रामीण भेगका जनताले आफूलाई सबैभन्दा शक्तिशाली र सुरक्षित महशुस गर्थे तर आज ठीक उल्टो हुनपुगेको छ । हामीलाई जनसम्बन्ध विस्तार अभियानबाट महशुस भयोकि अब गाउँ गाउँमा जनतालाई साथदिने एउटा क्रान्तिकारी पार्टी चाहिएको छ । ती शोषित पीडित जनताको असल साथी बन्ने शोचकासाथ अहिले हाम्रो पार्टीले काम गरिरहेको छ । जनताले खोजेको जस्तो पार्टी क्रान्तिकारी कम्युनिष्ट पार्टीबाहेक अरु हुनसक्दैन । जनताले हामीलाई साथ दिने, नेतृत्वगर्ने होभने आफूहरु संगठित हुन र लड्न तयार छौंभन्ने सन्देश दिएका छन् । यही स्थितिको मूल्यांकन गरेर हामीले अहिले देश र जनताको सबैभन्दा ठूलो समस्यानै भ्रष्टाचार रहेकोले हामीले भ्रष्टाचार विरोधी अभियान सञ्चालनगर्ने निर्णय गरेका हौं । एकैदिन सबै ब्यूरो र अधिकांश जिल्लाहरुमासमेत एकसाथ अभियान उद्घाटन गरेर एउटा सन्देश दिइसकेका छौं, अब भ्रष्टाचारीहरुलाई कारबाही गरेर अर्को सन्देश प्रवाहगर्ने छौं । हाम्रो अभियानबाट जनतामा नयाँ आशा र विश्वासको सञ्चार हुने विश्वास लिएका छौं । उहाँले अर्को एक प्रश्नको उत्तरमा भ्रष्टाचार अहिले सर्वव्यापी बनेको छ । भ्रष्टाचार विरोधी अभियानमा रहेका तथा हाम्रो पार्टीको एजेण्डा मिल्नेहरुसँग हामी सहकार्यगर्न सकारात्मक छौं । तर हामी अहिले आफ्नो पार्टीपंक्तिलाई सुदृढ गरेर, पार्टीको आत्मगत शक्तिलाई एउटा उचाइमा उठाएरमात्र अन्य पार्टी वा समूहसँग सहकार्य वा कार्यगत एकतागर्ने पक्षमा छौं । अन्तर्राष्ट्रिय मुद्धाहरुमाभने सहकार्य गरिरहेका छौं भन्नुभएको छ ।

## नेपाली....

कार्यालयले जनाएको थियो । गत ०७९ को निर्वाचनमा कांग्रेसले माओवादी केन्द्रसँग गठबन्धन गरेको थियो । निर्वाचनपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले कांग्रेसलाई धोका दिएर एमालेसँग मिलेर सरकार बनाएपछि स्थिति बिथोलिएको थियो । नेपाली कांग्रेसबाट बिभिन्न १८ जना नेताहरुलाई पार्टीको विधान २०१७ ( संशोधन सहित) धारा ३४ को उपधारा १ (क) ( ख) (घ) अनुसार निष्काशन गरिएको भनिएपनि त्यस बिरुद्ध संस्थापन इतर नेताहरु संगठित भएका छन् । उक्त कारवाहीमा जिल्ला सभापतिदेखि पूर्वमन्त्रीसम्म परेका छन् । कांग्रेसको अनुशासन समितिमा संयोजक ढुंगाना र सदस्यहरु ईश्वरी न्यौपाने, ध्रुव वाग्ले, सञ्जयकुमार गौतम र राजिव कोइराला हुनुहुन्छ । कारवाही गरिएकाहरुमा तेह्रथुम जिल्लाका महासमिति सदस्य तुलसी सुब्बा, कास्की जिल्लाका महासमिति सदस्य एवं गण्डकी प्रदेशका पूर्वमन्त्री कुमार खड्का, लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनाल, खोटाङ जिल्लाका सभापति विष्णुकुमार राई र पर्सा जिल्ला क्षेत्रतयस्नम्बर एकका क्षेत्रीय सभापति अरविन्दकुमार गुप्तालाई एकबर्षका लागि पार्टी सदस्यताबाट निष्काशन गरिएको छ । त्यसैगरी धनुषाको लक्ष्मीनीयाँ गाउँपालिकाका सभापति आनन्द यादवलाई छमहिने कारवाही गरिएको छ । त्यसैगरी धनुषाको सबैला नगरपालिकाका नगर सभापति खटरु यादव, धनुषाधाम नगरपालिका - १ का रामवावु यादव र मुखियापट्टी मुसहरनियाका सभापति फुलगेन यादव र कास्की - २ का क्षेत्रीय सहसचिव भावना श्रेष्ठ, कैलाली जिल्ला धनगढी उपमहानगरपालिका - २ का महाधिवेशन प्रतिनिधि भीमबहादुर शाह, निवर्तमान जिल्ला सचिव पूर्णकुमार कुँवर, धनगढी उपमहानगरपालिका - १ का पूर्वमहासमिति सदस्य आनन्दराज जोशी, धनगढी उपमहानगरपालिका - २ का क्षेत्रीय प्रतिनिधि रविन्द्रप्रताप सिंह, क्रियाशील सदस्य लेखराज ओझा, धनगढी उपमहानगरपालिका - १ का क्रियाशील सदस्य सुभाष चन्द, धनगढी उपमहानगरपालिका - ५ का पूर्व महाधिवेशन प्रतिनिधि बब्लुकुमार चौधरीलाई पनि छमहिना र नेपाली कांग्रेस कास्कीका निवर्तमान सभापति कृष्ण केसीलाई तीनमहिनाको लागि निलम्बनगर्ने निर्णय भएको ढुंगानाले बताउनु भएको छ । कारवाहीमा परेकाहरुबाट नेतृत्वप्रति बिभिन्न आक्रोश ब्यक्त भैरहेको छ । जसलेगर्दा संस्थापन पक्ष उक्त कारवाही फिर्ता लिन बाध्य हुने देखिएको छ ।

## अख्तियार...

थियो । तत्कालीन जिल्ला शिक्षा अधिकारी चापागाईविरुद्ध १० लाख, गणेशप्रसाद भट्टराईविरुद्ध १४ लाख, तत्कालीन लेखा अधिकृत भुवनप्रसाद आचार्यविरुद्ध १५ लाख, तत्कालीन सुरेशकुमार श्रेष्ठविरुद्ध दुईलाख ८० हजार, तत्कालीन सब-इन्जिनियर शिवराज राईविरुद्ध २४ लाख रुपैयाँ भ्रष्टाचार मुद्धा दायरभएको छ । जनता उमाविका तत्कालीन प्रधानाध्यापक तथा बिद्यालय भवन निर्माण समितिका सदस्य हेम्वर बस्नेत र तत्कालीन बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा भवन निर्माण समितिका सदस्य दिलिपकुमार राईविरुद्ध ३० लाख ५० हजार, तत्कालीन बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष चर्चबहादुर विश्वकर्माविरुद्ध २४ लाख र चारकोठे बिद्यालय भवन निर्माणगर्ने व्यक्ति बबेन्द्र राईविरुद्ध सातलाख रुपैयाँ बिगो कायमगरी भ्रष्टाचार मुद्धादायर भएको बताइएको छ । त्यसैगरी गण्डकी प्रदेश अन्तर्गतको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, पोखरा, कास्कीका लेखा अधिकृत ( आठौं तह) झलक शर्माविरुद्ध छकरोड २६ लाख ९३ हजार १२९ रुपियाँ भ्रष्टाचार मुद्धादायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलकाअनुसार पौडेल सो पदमा नियुक्त भएको ०५४ माघ आठ गतेदेखि ०८० मंसिर १० गतेसम्मको जाँच अवधिमा निजले प्राप्तगरेको पारिश्रमिक/तलब बचत बापतको रकम, दैनिक भ्रमण भत्ता बचत बापतको रकम, प्रोत्साहन भत्ता, बैठक भत्ता, कर्मचारी सञ्चय कोष, कृषि आय, जग्गा बिक्रीलगायतको कूल आय तीन करोड ३९ लाख ८७ हजार ४९० रुपैयाँ देखिएको छ । त्यसैगरी सोही अवधिमा निज तथा निजको परिवारको नाममा रहेको बिभिन्न बैंक तथा वित्तीय संस्था एवं सहकारीमा रहेको बैंक खाताबाट बिभिन्न व्यक्तिलाई दिएको ऋण सापटी, कर्मचारी सञ्चय कोषबाट लिएको विशेष सापटी, बिभिन्न कम्पनीको शेयर दरिखमा भएको लगानी रकम, शैक्षिक खर्च, सवारी साधन खरिद तथा नवीकरण खर्च रकम, सुन लगायतका बहुमूल्य धातुका गरगहना खरिदगरी सो अवधिमा कुल खर्च नौकरोड ६६ लाख ८० हजार ६२० रुपियाँ भएको देखिएको छ । जाँच अवधिमा खर्च भएको छकरोड २६ लाख ९३ लाख १२९ रुपियाँ बराबरको सम्पत्तिको श्रोत पुष्टि नभएकाले उक्त मुद्धादर्ता गरिएको हो । त्यसैगरी आयोगले डोल्पाको अन्नपूर्ण माध्यामिक बिद्यालयका प्रधानाध्यापक नरदेव रोकायासहितका १४ जनाविरुद्ध २९ लाख ६० हजार ६९२ रुपैयाँको भ्रष्टाचार मुद्धादायर गरेको छ । भ्रष्टाचार निवारण ऐन-०५९ बमोजिम सजाय हुने मागदाबीलिइ उपरोक्त रकम बिगो कायमगरी हिजो आइतबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ । आयोगका प्रवक्ता पौडेलकाअनुसार प्रधानाध्यापक रोकायासमेतको मिलेमतोमा उक्त बिद्यालयको ठेक्का गाउँपालिकाका अध्यक्षकी श्रीमती एवं सोही बिद्यालयका शिक्षिकाको नाममा रहेको दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई बोलपत्र पारी सार्वजनिक खरिद ऐन नियमावली विपरीत कार्यगरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी पुऱ्याएको पाइएपछि उक्त मुद्धादायर गरिएको हो । आब ०७९/८० मा डोल्पाको मुड्केचुला-७ स्थित अन्नपूर्ण माविको ठेक्का इबीआइडीमार्फत बोलपत्र आव्हानगरी बोलपत्रको मूल्यांकन गरेको, सार्वजनिक खरिद ऐन, नियम तथा शिक्षा ऐन, नियमको मर्मविपरीत सम्बन्धित बिद्यालयमै कार्यरत शिक्षिकाको दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई छनौट गरेको र बोलपत्र मूल्यांकनगर्दा न्यून कबोल अंक भ्याट बाहेक ४९ लाख ८३ हजार ३९४ रुपैयाँकबोल गरेको महातारा निर्माण सेवालाई बिना कारण साइट भिजिट नभएकोभन्ने आधारलिइ अयोग्य ठहराएको र चौथो नम्बरको कम कबोल अंक भ्याट बाहेक ७९ लाख ५१ हजार ७२९ रुपैयाँभएको दिग्दर्शनलाई आफूखुसी छनौट गरेको आयोगको दाबि छ । आयोगकाअनुसार दिग्दर्शन निर्माण सेवाले भुक्तानी पाएको ७९ लाख ४४ हजार ८७ रुपियाँबाट सबैभन्दा न्यून अंक कबोलगर्ने महातारा निर्माण सेवाको ४९ लाख ८३ हजार ३९४ रुपैयाँघटाउँदा हुनआउने फरक रकम २९ लाख ६० हजार ६९२ रुपैयाँबराबरको रकम अन्नपूर्ण माविलाई हानिनोक्सानी पुगेको पाइएको छ । बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनक बुढा, सहायक शिक्षकद्वय हृदयनारायण साह र जयबहादुर ठकुल्ला, इन्जिनियर देवराज रावत, व्यवस्थापन समितिका पदेन सदस्य तथा मुड्केचुला - ७ का अध्यक्ष दत्तबहादुर बुढा र सदस्य दुर्गा देवी लामा, अशोक रोकाया, कविता बुढा ( ठकुल्ला), रुपा रोकाया, पृथि ठकुल्ला, धनबहादुर कामी र नारायणी ठकुल्लाविरुद्ध आरोप लागेको छ । बिद्यालयका शिक्षिका तथा दर्शन एण्ड दिग्दर्शन निर्माण सेवाका प्रोपाइटर उषा कुमारी सिंह र सो निर्माण सेवालाई समेत सो भ्रष्टाचार मुद्धादायर भएको छ । आबको अन्तिम समयमा अख्तियारले धमाधम कारवाही अगाडि बढाएको छ ।

# प्रम केपी ओली गृह जिल्ला झापामा ब्यस्त

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली हिजो गृह जिल्ला झापा पुग्नुभएको छ । दुई दिनसम्म झापा र इलामका बिभिन्न कार्यक्रममा सहभागी हुन उहाँ झापा पुग्नुभएको हो । राससका अनुसार हिजो बिहान ११ बजे उहाँलाई चन्द्रगढी विमानस्थलमा एमालेका कोशी प्रदेश इन्चार्ज शेरधन राई, मुख्यमन्त्री हिक्मतकुमार कार्की, पार्टीका कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडालगायत नेताले स्वागत गर्नुभएको छ । प्रधानमन्त्री ओली हिजो र आज झापा र इलाम जिल्लाका बिभिन्न कार्यक्रममा सहभागी हुने एमाले जिल्ला अध्यक्ष प्रेम गिरीले जानकारी दिनुभयो ।

**विपदको पूर्वतयारी गरौं**

उहाँकाअनुसार प्रधानमन्त्री ओलीले हिजै बुद्धशान्ति-३ स्थित भागीरथा न्यौपाने बुद्धशान्ति अस्पतालको उद्घाटन गर्नुकासाथै कन्काई नगरपालिकामा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाको धनीपूर्जा वितरणगर्ने कार्यक्रम छ । प्रधानमन्त्री ओलीले हिजै इलाम जिल्लाको माई नगरपालिकाका अव्यवस्थित बसोबासी, भूमिहीन दलित र सुकुम्बासीलाई जग्गाको धनीपूर्जा वितरणगर्ने र माई नगरपालिकामा रहेको नगर अस्पतालको उद्घाटनगर्ने कार्यक्रम रहेको अध्यक्ष गिरीले बताउनुभयो । आज असार २९ गते दमक नगरपालिकास्थित कृष्ण मन्दिरबाट उत्तरपूर्वतर्फको मदनडाँगी-ताराबारी-डिपो सडकखण्डको उद्घाटन र बिर्तामोडको सिटीसेन्टरमा आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गरेपछि उहाँ काठमाडौं फर्किने कार्यक्रम रहेको गिरीले जानकारी दिनुभएको छ । प्रधानमन्त्री ओलीले हिजो एक समारोहबीच भागीरथा न्यौपाने बुद्धशान्ति अस्पतालको उद्घाटन गर्नुभएको छ । बुद्धशान्ति-३ मा दाताले दिएको १५ कठ्ठा जग्गामा छकरोड ५० लाखको लागतमा १० शैया रहेको अस्पताल निर्माण भएको हो । नेपालकै पहिलो महिला प्रधानपञ्च भागीरथा न्यौपानेको स्मृतिमा उहाँका छोराछोरीले प्रदान गरेको उक्त जग्गामा अस्पताल निर्माण गरिएको बुद्धशान्ति गाउँपालिका एवं अस्पताल व्यवस्थापन समितिका अध्यक्ष मनोज प्रसाईंले बताउनुभयो । स्व. भागीरथा न्यौपाने तत्कालीन बुधवारे गाउँ पञ्चायतको प्रधानपञ्च हुनुहुन्थ्यो । उहाँकै स्मृतिमा अस्पतालको नामकरण गरिएको हो । अस्पतालमा एकजना एमडी, चारजना एमबीबीएस र एकजना रेडियोलोजिस्ट सहित छ जना चिकित्सकले उपचार सेवा प्रदान गरिरहेका छन् । जसमध्ये पालिकाले आफ्नै स्रोतबाट तीनजना एमबीबीएस डाक्टर नियुक्त गरेको छ । बहिरंग र अन्तरंग चिकित्सकीय सेवाअन्तर्गत अस्पतालमा सामान्य चिकित्सा, सामान्य शल्यक्रिया, स्त्री तथा प्रसूति उपचार, शिशु तथा बाल स्वास्थ्य उपचार, सामान्य दन्त सेवा, प्राथमिक आँखा उपचार, प्रयोगशाला सुविधा, फार्मेसी सुविधा, एक्स रे सुविधा र मुटुको इको सेवा सञ्चालन भइरहेको छ । आगामी साउन एक गतेदेखि अस्पतालमा २४ घण्टै उपचार र बर्थिङ सेवा प्रदान गरिने अध्यक्ष प्रसाईंले बताउनुभयो । पालिकाले गत जेठ २६ गते भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि-०८२ लाई बुद्धशान्ति राजपत्रमा प्रकाशितगरी कार्यान्वयनमा ल्याएको उहाँले जानकारी दिनुभयो । कार्यविधिअनुसार पालिकाका अध्यक्ष नै अस्पताल व्यवस्थापन समितिको पदेन अध्यक्ष रहने व्यवस्था छ । अस्पताल सञ्चालनका लागि कार्यविधिले छुट्टै कोषकोसमेत व्यवस्था गरेको छ । इलाम जिल्लासँग सीमा जोडिएको बुद्धशान्ति गाउँपालिकाको एकमात्र सरकारी अस्पतालको रुपमा रहेको यस भागीरथा अस्पतालले बुद्धशान्तिको ५३ हजार जनसंख्यालाई स्वास्थ्य उपचार सेवा प्रदानगर्नेछ भने दक्षिणी इलामबाट आउने सेवाग्राहीले उपचार पाउनेछन् । प्रधानमन्त्री ओलीले अस्पतालको उद्घाटन गर्नुहुँदै उपचार सेवाबाट कोही पनि नागरिक वञ्चित हुनु नपरोस् भनेर सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको बताउनुभयो । उहाँले यस अस्पतालको सञ्चालनपछि बुद्धशान्ति गाउँपालिकाका बासिन्दाले गुणस्तरीय र भरपर्दो आधारभूत स्वास्थ्य सेवा आफ्नै गाउँमा पाउने विश्वास व्यक्त गर्नुभएको थियो । प्रम ओलीले भगीरथा न्यौपाने एउटा समाजको उदाहरणीय व्यक्तित्व भएको भन्दै उहाँको प्रशंसा गर्नुभएको थियो ।

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# बिद्यमान ब्यवस्थामा देखिएको संकट र दलीय ध्रुबिकरणका अवस्थाहरु

**नेपालमा एकातिर बिद्यमान राजनीतिक ब्यवस्थामा संकट देखिएको छभने अर्कातिर दलहरुमा ध्रुकिरणको अवस्था पनि देखिएको छ। उपरोक्त दुबै कुरा एकसाथ देखिनुलाई राम्रो संकेत मान्न सकिन्न। कस्तो अचम्म छभने बिद्यमान राजनीतिक ब्यवस्था आफूहरुले स्थापना गराएको दाबिगर्ने धेरै छन्। तर यसको सुधार र संरक्षणगर्ने केही पनि भएन। गतसाता माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले कांग्रेस र एमाले संविधान र गणतन्त्रको आधिकारिक पक्ष नभएको आरोप लगाउनु भएको थियो। सामाजिक सञ्जालमा लेख्दै उहाँले ३२ सिट वा त्योभन्दा कम संख्या भएपनि माओवादी संस्थापन भएको उल्लेख गर्नुभएको थियो। उहाँले आफ्नो पार्टी सदनमा तेश्रो भएपनि नेपाली राजनीति, संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान सबै उत्पीडित समुदायको अधिकार र पहिचान स्थापनागर्ने हिसाबले नेपाली राजनीतिको संस्थापन पक्ष माओवादी केन्द्रनै भएको दाबी गर्नुभएको थियो। तर कस्तो आश्चर्यको बिषय छभने त्यही माओवादी केन्द्र बिद्यमान राजनीतिक ब्यवस्थामा सुधारगर्ने र यसको संरक्षण गर्ने/गराउने तिर लागिरहेको छैन। बरु माओवादी केन्द्रका अध्यक्ष दाहाललेनै गतसाता बिद्यमान राजनीतिक ब्यवस्था खसीको टाउको देखाएर कुकुरको मासु बेच्नेतिर अग्रसर भएको बताउनु भएको थियो। त्यसअघि उहाँले नेपालको बिद्यमान गणतन्त्र बुर्जुवा भएको पनि बताउनु भएको थियो। जसलेगर्दा माओवादी केन्द्रका अध्यक्षको प्रयास बिद्यमान राजनीतिक ब्यवस्थामा सुधार गरेर जनप्रिय बनाउन नदिने बरु यसलाई कमजोर बनाएर देशमा अस्थिरता कायम राख्न बल दिनेमा केन्द्रित रहेको देखिएको छ। उहाँले देशको बिद्यमान राजनीतिक ब्यवस्थामा संकट देखिएको र १२ बुँदे सहमतिका पक्षधरहरुले यसको संरक्षण गर्नुपर्ने कुराहरु पनि बेला बखत उठाउने गर्नुभएको छ। मुख्य त केही राजावादी समूहहरुले गत महिना काठमाडौं उपत्यकामा गरेको बिरोध प्रदर्शनले बिभिन्न प्रश्नहरु उठाएको थियो र छ पनि। जसको मुख्य कारण नेपालको राष्ट्रिय राजनीतिमा बिदेशी संलग्नतानै हो।**

**माओवादी केन्द्रका अध्यक्ष दाहालले बिद्यमान राजनीतिक ब्यवस्थामाथि संकट सिर्जना भएको र राजावादीहरुले टाउको उठाएको बहाना सिर्जना गरेर १२ बुँदे सहमतिमा हस्ताक्षरगर्नेहरुलाई संगठितगर्ने र आफूहरु फेरी सत्ता र शक्तिमा पुग्ने खेल खेल्दैआएको देखिएको छ। ०६२ मंसिर सातमा दिल्लीमा मुख्य त भारत र अमेरिकालगायतका इण्डो पश्चिमा शक्तिले नेपालका केही माओवादी र सात दलबीच गराएको १२ बुँदे सहमतिलाई हेर्ने दृष्टिकोणमानै बदलावहरु आइसकेको अवस्था छ। खास माओवादीहरुले त्यसलाई जनयुद्धलाई धोखादिएको घटनाकारुपमा हेरेका छन्भने सात संसदवादी दलभित्र रहेका देशभक्त शक्तिहरुले बिदेशी शक्तिलाई नेपालको आन्तरिक राजनीतिमा प्रबेश गराएको भन्नेरुपमा लिएका छन्। ०६३ मा स्थापना गराइएको राजनीतिक ब्यवस्था आफैमा बिकृत थियो। जुन ब्यवस्था नेपालको ठोस परिस्थितिको ठोस बिश्लेषणका आधारमा लागू गरे/गराइएको थिएन। जुन चर्चा त्यतिबेलै पनि भएको हो। तर केही समूहहरुले बल प्रयोगको सिद्धान्तका आधारमा संविधानसभालाई पनि पूर्बशर्तहरुको भारी बोकाएर संघीयता लगायतका कुराहरु घुसाउन सफलता प्राप्त गरेका थिए। आज तिनै कुराहरुले बिद्यमान राजनीतिक ब्यवस्थालाई संकटग्रस्त बनाउँदै लगेका हुन्। हाल सत्ता र शक्तिमा रहेकाहरुको चरित्र आफूलाई स्वेच्छाचारी बन्नुपर्ने तर सर्बसाधारणलाई सामान्य अधिकार पनि दिन नचाहानेजस्तो देखिएको छ। बर्तमान ब्यवस्थाका बिकृतिकारुपमा रहेका संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन प्रणालीलगायतको संरक्षणगर्ने भनिएका कारण यो ब्यवस्था झन संकटग्रस्त हुने देखिएको छ। त्यो संकटले हालका ठूला भनिएका दलहरुलाई पनि संकटमै धकेल्छभने त्यसले देशलाई पनि अकल्पनीय संकटमा पुऱ्याउन सक्छ। त्यसैले प्रमुख दलहरुले देशमा बढ्दैगएको बिद्यमान राजनीतिक ब्यवस्थाको संकट र दलीय ध्रुबिकरणकाबारेमा आन्तरिक र अन्तरदलीय छलफल चलाउनसक्नु आजको प्रमुख आवश्यकता भएको छ।**

# बढ्दो बिदेशी हस्तक्षेपका सन्दर्भमा कम्युनिष्ट एकताका कुरा

**देश/परिवेश** डा. केशव देवकोटा

नेपालमा एकातिर बिदेशी हस्तक्षेप सबैले अनुभव गर्नेगरी बढिरहेको छभने अर्कातिर देशभक्त शक्तिहरु एक जुट पनि हुन सकिरहेका छैनन्। गत २७ गते केही बाम समूहहरुले विश्व साम्राज्यवादको बिरोधगर्ने प्रयास गरेपनि उनीहरुले नेपालमा बढ्दै गएको बिदेशी हस्तक्षेपको प्रशंगलाई संझनासम्म पनि गरेनन्। नेपालका केही कम्युनिष्ट पार्टीहरुले बेला बखत पार्टी एकताको कुरालाई उठाए पनि त्यसलाई सार्थक बनाउनेतिर खासै प्रयास गर्नेगरेको देखिएको छैन। बेलाबखत वार्ता समितिहरु पनि बन्ने गरेका छन्। तर हालको अवस्थामा त्यस्ता एकता र फुटले कुनै अर्थ राख्ने देखिएको छैन। किनकी नेपालमा बढ्दैगएको बिदेशी हस्तक्षेप र बिभिन्न पार्टीहरुमा हराउँदै गएको देशभक्तिको भावनालेगर्दा संसदवादी राजनीतिक पार्टीहरुप्रति नै बितृष्णा बढेर गएको देखिएको छ। नेपालजस्तो मुलुकमा राजनीतिप्रति बितृष्णा बढेर जानु कदापि राम्रो कुरा होइन। यस्तो बितृष्णा मुख्यत हाल सत्ता र शक्तिमा रहेका तथा संसदवादी राजनीतिमा प्रबेश गर्दैगरेकाहरुप्रति बढेको देखिएको छ। आज पनि क्रान्तिकारी कम्युनिष्ट पार्टीप्रतिको आकर्षण र विश्वास कायमै रहेको छ। तर उनीहरुलेसमेत पार्टीको ब्यवस्थापन राम्रोसँग गर्नसकिरहेका छैनन्।

देश वा राष्ट्र भनेको राजनीतिक भूगोल तथा अन्तर्राष्ट्रिय राजनीतिअनुसार निश्चित सीमारेखा भित्रको भौगोलिक भूभाग हो। भक्ति भनेको आस्था, निष्ठा वा पूजाको भावना हो। जातिवाचक संज्ञा देश र भाववाचक संज्ञा भक्ति दुइशब्दका बीच समासप्रक्रियाद्वारा निर्मित समस्त शब्द देशभक्ति हो। देशभक्ति भन्ने शब्दले आफू जन्मेको देश र त्यस देशका जनताप्रति भित्री हृदयदेखिनै गरिने आमिट आस्था, सम्मान र पूजाको भावलाई जनाउँदछ। जसलाई एक प्रकारको निस्वार्थ, उच्च एवं उदात् भावना मानिन्छ। त्यसैगरी राष्ट्रवाद मानिसहरुलाई साझा इतिहास, परम्परा, भाषा, जातीयता या जातिवाद र संस्कृति को आधारमा एकजुट बनाउने आस्था हो। राष्ट्रवादको आधारमा बनेको राष्ट्र त्यस समयसम्म कल्पनामानै रहन्छ जबसम्म उसलाई एक राष्ट्र-राज्यको रुप दिइदैन। तर के देखिएको छभने ०६३ को राजनीतिक परिवर्तनपछि सत्ता र शक्तिमा पुगेकाहरुमा देशभक्ति र राष्ट्रियताको भावना दुबै छैन। उनीहरु हरतरहरले देशलाई आर्थिक, सामाजिक र राजनीतिकरुपमा अस्तब्यस्त बनाउने कुकर्ममा लागेको देखिन्छ। जसको मूलकारण उनीहरुको बिदेशीसँगको संलग्नता हो। हाल सत्तामा रहेका दलहरुको कुन बिदेशीसँग कस्को संलग्नता कस्तो छभन्ने कुरा दिनको घाम जतिकै छर्लङ्ग हुँदैगएको छ। बिभिन्न सामाजिक सञ्जाल र सञ्चार माध्यमहरुमा बिभिन्न खालका चर्चा परिचर्चाहरु पनि हुनेगरेका छन्। तर उनीहरुले न त आफ्नो ब्यवहारमा सुधार गरिरहेका छन्। न उनीहरुलाई जनताले सत्ता र शक्रिबाट ओराल्न सकिरहेका छन्। सत्ता र शक्तिमा रहेकाहरुको बिदेशी संलग्नतालेगर्दा जनसाधारणबाट उनीहरुले आवश्यक सहयोग र समर्थन प्राप्तगर्न सकिरहेका छैनन्। त्यसैले नेपाली समाजमा शासक र शाषितहरुबीचको दुरी दिन प्रतिदिन बढेर गैरहेको छ। एउटै देशमा शासक र शाषितकाबीचको दुरी दिन प्रतिदिन नजिकिएर जानुपर्नेमा टाढिँदै जानु राम्रो संकेत होइन। जसले देशलाई कुनैपनि दिन कुनैपनि प्रकारको राजनीतिक दुर्घटनामा पार्नसक्छ। पूर्वपरराष्ट्रमन्त्री तथा अन्तर्राष्ट्रिय मामिलाका जानकारहरुलेसमेत नेपालमा बिदेशी हस्तक्षेप व्यापक रहेको बताउने गर्नुभएको छ। अन्तर्राष्ट्रिय मामिलाका जानकारहरुले नेपालमा बिदेशी प्रभाव माइक्रो म्यानेजमेन्टको अवस्थामा रहेको बताउँदै यदि देशलाई अगाडि बढाउने होभने त्यसको अन्त्य गर्नुपर्नेमा जोड दिनुभएको छ। कतिपयले चीन र भारतजस्ता दुई शक्तिशाली देशकाबीचमा रहेको भूपरिवेष्ठित र कम विकसित मुलुक नेपाललाई स्वतन्त्र बिदेश नीति अघिबढाउन निकै गाह्रोभएको बताउनु भएको छ। खासमा सदियौंदेखि छिमेकी चीन र भारतसँग सन्तुलित ब्यवहारगर्दै आएको नेपाललाई ०७८ असारपछि गठन भएको नेकां र माओवादी केन्द्र सम्मिलित सरकारले एकपक्षीय ढंगले इण्डो पश्चिमा शक्ति निकट बनाउने प्रयासगर्दा यस्तो असहज अवस्था आएको हो। नेपालले असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिको अक्षरस पालना नगरेसम्म परराष्ट्र मामिलामा देखिएको समस्याको समाधान हुने कुनै संभावना छैन। उपरोक्त कार्यक्रममा नेपालमाजस्तो आन्तरिक राजनीतिमा बाहिरी प्रभाव अन्य मुलुकमा कमै हुने बिषयमा पनि जानकारहरुकाबीचमा छलफल भएको देखिन्थ्यो। नेपालका शासकहरुको अन्तराष्ट्रिय संलग्नताका कारण देशले आफ्नो आन्तरिक नीतिसमेत आफैं तयगर्न नसकेको देखिएको छ। आन्तरिक गतिविधिमा बिदेशी प्रभाव पर्नदिनुनै नेपालका लागि सबैभन्दा ठूलो समस्या भएको छ। नेपाल एक सार्वभौम मुलुक हो। तर यसलाई सार्बभौम मुलुकबाट च्युत गराउन बिभिन्न बिदेशी प्रपञ्चहरु भैरहेका छन्। तिनै बिदेशी प्रपञ्चलाई सफल बनाउन नेपालका केही राजनीतिक दल र तिन्का नेताहरु प्रयोग भैरहेको देखिएको छ। जसको खुलेरै भण्डाफोर हुनु आज देशको प्रमुख आवश्यकता भएको छ। कुनैबेला संसदबाट थपडी बजाएर सर्बसम्मत रुपमा चुच्चे नक्सा पारित भएपनि त्यसलाई हालसम्म दुईपक्षीय छलफलका लागि टेबलमा लैजाने प्रयाससमेत हुनसकेको छैन। जो जसले चुच्चे नक्सा पारित गराउन भूमिका खेलेका थिए, तिन्लाई त्यतिबेलानै सत्ताबाट धपाउने काम भएको थियो। ठूलो जोडबलकासाथ गठबन्धन बनाएर सत्ता र शक्तिबाट हटाइएको थियो। चुच्चे नक्साभित्र परेका स्थानहरुमा नेपालले निर्वाचनसमेत गराउन सकिरहेको छैनभने त्यहाँका नागरिकलाई मतदाता नामावलीमासमेत समेट्न नसकिएको अवस्था छ। नेपालले दुई छिमेकीलाई सन्तुलनगर्न नसकेकै कारण यस्तो अवस्था आएको हो। भारतलाई ठूल्दाई र चीनलाई पराई ठान्नेहरु हाल सत्ता र शक्तिमा रहेका कारणले पनि धेरै कुराहरुमा सन्तुलन कायम हुननसकेको हो। कस्तो भैदियोभने एउटा छिमेकीको लगानीमा नेपालमा उत्पादन भएको सामग्री अर्को छिमेकीले नलिने भन्नेजस्ता लज्जास्पद कुराहरु हुनथालेका छन्। त्यसैलाई संस्थागत गराउन र भबिश्यमा नेपाललाई भारतको एकछत्र प्रभावमा राख्नका लागि बेला बखत नेपाल र भारतकाबीचमा असमान संझौताहरु हुने गरेका छन्। हुँदाहुँदा पछिल्ला दिनमा कुनै एउटा पक्षको सरकारहुँदा सहमति भएको परियोजना अर्को सरकार आएपछि रद्ध गरिदिनेसम्मका गतिबिधिहरु भएका छन्। जसलेगर्दा राष्ट्रिय हितको महत्वपूर्ण पक्ष मानिने आर्थिक क्षेत्र संकुचित भएको छ। देशका महत्वपूर्ण र संवेदनशील विषयमा मिलेर त्यसको समाधान गर्नेभन्दा एकअर्कालाई दोषारोपणगर्ने प्रबृत्ति रहेसम्म यो देशको उन्नति र प्रगति हुनसक्दैन। कुनैपनि सरकारलाई एक-अर्काको अविच्छिन्न उत्तराधिकारी मनिन्छ। त्यसैले सन्धिसम्झौता जसका पालामा भएको भएपनि त्यसको जिम्मा सबै सरकारले लिनुपर्छ। कुनैपनि राष्ट्रको बिदेश नीति, राष्ट्रिय सुरक्षा र आर्थिक विकासको कुरा कुनै दल वा पार्टी सापेक्ष हुनुहुँदैन। नेपालमा बढ्दैगएको बिदेशी हस्तक्षेपका कारण दलहरुकाबीचमा गंभिर बिभाजन रहेका कारण मुलुक कमजोर बन्दै गइरहेको हो। जुन देशको बिदेश नीति र राष्ट्रिय सुरक्षाजस्ता मामिलाहरुमा राष्ट्रिय सहमति कायम रहेको हुँदैन, निश्चयनै ति देशलाई हेर्ने अन्तराष्ट्रिय दृष्टिकोणनै फरक हुन्छ। हाल नेपालमा भएको पनि त्यहीनै हो। राष्ट्रिय हितका विषयमा सबै दलमा समान धारणा हुनु आवश्यक छ। पछिल्ला कार्यक्रममा बोल्ने कतिपय ब्यक्तित्वहरुले नेपालले बिदेश नीति बनाउँदा चीन र भारतको स्वार्थलाई पनि ध्यानदिनु र सन्तुलनगर्नु आवश्यक रहेको बताउने गर्नुभएको छ। त्यो बिचारणिय कुरा हो। पछिल्लो समयमा नेपाल **बाँकी ७ पेजमा**

# मसालले रुपन्देहीमा राष्ट्रिय जनमोर्चामार्फत उपचुनाव लड्ने कुरा

काठमाडौं। नेकपा(मसाल) ले रुपन्देहीमा राष्ट्रिय जनमोर्चामार्फत उपचुनाव लड्ने कुरा आएको छ। जबकी यसअघि मसालले आफूलाई भूमिगत पार्टी र राष्ट्रिय जनमोर्चालाई चुनावी मोर्चा भन्दै आएको थियो। नेकपा (मसाल) ले रुपन्देहीको उपचुनाव राष्ट्रिय जनमोर्चाको ब्यानरमा एक्लै भाग लिने जनाएको हो। मसालका महामन्त्री मोहनविक्रम सिंहले जारीगर्नुभएको एक बक्तब्यमा रुपन्देहीमा छिट्टै उपचुनाव हुँदैछ। हाम्रो पार्टीले त्यो चुनावलाई उपयोगगर्ने निर्णय गरेको छ। त्यो चुनावसम्बन्धी केही नीतिगत प्रश्नबारे प्रकाश हाल्नका लागि यो वक्तव्य जारीगरिएको छ। योभन्दा पहिलेका दुईवटा आमचुनावमा हामीले अन्य कतिपय पक्षसित चुनावी तालमेलगरेर चुनाव लडेका थियौं भनिएको छ। सो बक्तब्यमा आवश्यकताअनुसार बिभिन्न राजनीतिक शक्तिसित गठबन्धनको हाम्रो नीति अहिले पनि कायम छ तर कुन बेला कुन राजनीतिक शक्तिसित गठबन्धन वा कार्यगत एकतागर्ने ? त्यो देशको कुनै बेलाको खास राजनीतिक स्थिति, आवश्यकता र बेग्लाबेग्लै राजनीतिक शक्तिसित हाम्रो कति समझ्दारी वा सहमति कायम हुन सक्दछ ? त्यसमाथि निर्भरगर्ने कुरा हो। चुनावको प्रश्नमा पनि हामीले गत कालमा कैयौं राजनीतिक शक्तिसित चुनावी तालमेल गरेर चुनावमा भाग लिँदै आएका थियौं तर हाम्रो पार्टीको नवौं महाधिवेशनले आगामी चुनावलाई कसैसँग तालमेल नगरिकन चुनावको उपयोग गर्ने निर्णय गरेको छ। राष्ट्रियस्तरमा हामीले त्यस प्रकारको चुनावको नीति अपनाउने निर्णय गरेको भएपनि स्थानीय रुपमा कुनै पक्षसित विश्वसनीय समझदारी कायम हुनसकेमा चुनावी तालमेल गर्न सक्ने सम्भावनालाई हाम्रो पार्टीको नवौं महाधिवेशनले पूरै अस्वीकार पनि गरेको छैन। आवश्यकताअनुसार अन्य पक्षसित चुनावी तालमेलगर्ने नीतिलाई हामीले सिद्धान्ततः नै अस्वीकार गरेका छैनौं तर गत चुनावमा हामीले चुनावी तालमेल गरेका अन्य बिभिन्न पक्षले इमानदारिता नदेखाएको वा अन्तर्घात गरेको हुनाले नै हामीले मुख्य रुपले चुनावलाई एक्लै उपयोगगर्ने नीति अपनाउने निर्णय गरेका हौं।

हामीले चुनावी तालमेलमा भएको सहमतिलाई इमानदारीपूर्वक पालना गरेका थियौं र चुनाव लड्ने राम्रो सम्भावना भएका स्थानमा पनि हामीले आफ्ना उम्मेदवारलाई उठाएनौं वा अन्य उम्मेदवारलाई समर्थन गर्ने कार्य गऱ्यौं तर अन्य कतिपय पक्षले त्यस प्रकारको इमानदारिता देखाएनन्। अन्तर्घात गरे वा सहमति भएका उम्मेदवारका विरुद्ध विद्रोही उम्मेदवार उठाउनेसमेत काम गरे। त्यो स्थितिले बाध्य भएरनै हामीले आगामी चुनावलाई एक्लै उपयोग गर्ने निर्णय गरेका छौं। त्यही नीतिअनुसार रुपन्देहीको उपचुनावलाई पनि हामीले एक्लै उपयोग गर्ने नीति अपनाउनेछौं। हाम्रो पार्टीको लागि चुनाव उपयोगको अर्थ राजनीतिक भण्डाफोर गर्नु, जनताको चेतना उठाउनु वा जनाधार तयार पार्नु नै हो। ०८४ मा चुनावको उपयोग गर्दा पनि ती उद्देश्य पूरा गर्नु नै हाम्रो मुख्य प्राथमिकता हुनेछ। अहिलेको रुपन्देहीको चुनावले ०८४ को चुनावका लागि पनि नीतिगत आधार तयार पार्नेछभन्ने हामीलाई विश्वास छ। गतकालमा जुन पक्षसित हामीले चुनावी तालमेल गरेका थियौं, त्यस प्रकारको तालमेल सिद्धान्तहीन वा अराजनीतिक प्रकारले सौदाबाजी गरेर हामीले कहिल्यै पनि कसैसित तालमेल गरेका थिएनौं र भविष्यमा पनि हाम्रो त्यो नीति कायम रहनेछ। हाम्रो चुनावी तालमेलको आधार कुनै बेला वामपन्थीका बिचको एकता हुन्थ्योभने कुनै बेला प्रतिगमनका विरुद्ध संघर्षका लागि नै एकता हुन्थ्यो। खालि चुनावमा सफलताका लागि नै हामीले कहिल्यै चुनावी तालमेल गरेका थिएनौं यद्यपि कुनै चुनावलाई उपयोग गर्नुको अर्थ बढीभन्दा बढी भोट वा सफलता प्राप्तगर्नु पनि हुन्छ। बक्तब्यको अन्त्यमा रुपन्देहीमा हुन थालिरहेको चुनावमा पनि हाम्रो उद्देश्य बढीभन्दा बढी राजनीतिक भण्डाफोर गर्नु, जनताको राजनीतिक चेतना उठाउनु र जनाधारको निर्माण गर्नुनै हुनेछ यद्यपि त्यसका साथ साथै जनताको बढी समर्थन प्राप्तगरेर बढीभन्दा बढी भोट प्राप्त गर्नका लागि हामीले कोसिस गर्नेछौं।

रुपन्देहीमा उपचुनावको उपनष्योगको सिलसिलामा ती उद्देश्य पूरागर्नको लागि बढीभन्दा बढी ध्यान दिन हामीले आफ्नो पार्टी, मोर्चा वा जनवर्गीय संगठनका कार्यकर्ता, समर्थक र जनतासित पनि अपिल गर्दछौं भनिएको छ। मसालका महामन्त्रिबाट आएको संसदीय निर्वाचनमा भाग लिने सम्बन्धी यो पहिलो बक्तब्य हो। जबकी यसअघि राजमोमार्फत मात्र यस्ता बक्तब्यहरु आउने गरेका थिए। पछिल्लो समयमा मसालले पनि माओवादी केन्द्र लगायतका संसदवादी पार्टीहरुसँग हिमखिम बढाएको देखिको छ। जसलाई राजनीतिक पर्यबेक्षकहरुले आश्चर्यकारुपमा लिनथालेको देखिएको छ। यसैक्रममा राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा सांसद चित्रबहादुर केसीले प्रतिनिधिसभाबाट पारित कुलिङ पिरियडसम्बन्धी घटनालाई सार्वभौम संसदको घोरअपमान तथा जालसाजी दुष्कार्य भएको बताउनु भएको छ।

एक प्रेसवक्तव्य जारीगर्दै उहाँले निजामती सेवा विधेयकमा कुनै निजामती कर्मचारी सेवा अवकाश वा सेवानिवृत्त भएको दुईबर्षसम्म संवैधानिक, राजनीतिक तथा अन्य नियुक्तिमा जान नपाउनेगरी कुलिङ अफ पिरियड राख्ने व्यवस्था गरिएको थियो भन्नुभएको छ। उहाँले बक्तब्यमा निजामती सेवा विधेयकमा कुलिङ अफ पिरियडको व्यवस्थागर्नुका पछाडि नेपालका पूर्वप्रशासकहरु राजनीतिक नेतृत्वसँग एक प्रकारको सम्बन्ध वा राखेर राजनीतिक सेटिङका आधारमा संवैधानिक, राजनीतिक तथा अन्य नियुक्तिमा जाने प्रवृत्ति बढ्दो छ, जसको परिणाम संवैधानिक संस्था वा राजनीतिक नियुक्तिमा जाने व्यक्तिको हैसियत स्वतन्त्र र निष्पक्ष नभई दल वा राजनीतिक नेतृत्व पक्षधर हुनेगरेको र त्यसबाट सुशासनमा गम्भीर समस्या देखापर्ने गरेका छन्। यो तितो यथार्थमाथि **बाँकी ७ पेजमा**

# कतिपय नेताहरुमा विवेक भन्दा आबेग बढ्दै गएको देखिन्छ

## सांसद विश्वप्रकाश शर्मा (नेकांका महामन्त्रि तथा सांसद)

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा झापा जिल्ला निर्वाचन क्षेत्रनम्बर एकबाट पहिलोपटक प्रतिनिधिसभामा निर्वाचित सांसद हुनुहुन्छ। संसदमा अहिलेको भूमिकालाई सिकाइ र अनुभवका रुपमा लिनुभएका सांसद शर्मा राष्ट्रिय एजेण्डा उठाउन, लोकतान्त्रिक सुसंस्कृतिको अभ्यास गर्न र जनतालाई दिइएका वाचा पूरागर्न क्रियाशील हुनुहुन्छ। तार्किक बहस र भद्र प्रस्तुतिको बेग्लै परिचय बनाउनुभएका महामन्त्री शर्मा जलवायु न्यायका वकालतकर्ता समेत हुनुहुन्छ। सांसद शर्माले राजनीतिलाई नैतिक र पारदर्शी बनाउन कानून कडा बनाउनुपर्ने र त्यसको कार्यान्वयनमा इमानदारी जरुरी भएको धारणा राख्नुहुन्छरु। झापाको मेचीनगर-५ स्थायी बसोबास रहेका शर्माले ०४१ सालमा नेपाल विद्यार्थी संघको बिद्यालय अध्यक्ष भई प्रजातान्त्रिक विचारधारालाई आत्मसात् गर्नुभएका उहाँ सोही संघको क्याम्पस अध्यक्ष, केन्द्रीय सदस्य, महामन्त्री, उपाध्यक्ष हुँदै अध्यक्ष हुनुभयो। त्यसपछि शर्मा नेपाली कांग्रेसको केन्द्रीय सदस्य, प्रवक्ताहुँदै ०७८ देखि महामन्त्रीको जिम्मेवारीमा हुनुहुन्छ। यसै सन्दर्भमा प्रतिनिधिसभा सदस्य शर्मासँग संसदीय अभ्यास, संसदमा देखिने गरेका अवरोध, राजनीतिक सुधार, नयाँ नेतृत्वको तयारीलगायतका विषयमा राससका संमाचारदाता प्रगति ढकालले गर्नुभएको कुराकानीको सम्पादित अंश:

**यहाँको संसदीय अभ्यासको अनुभव बताइदिनुहोस् न ?**

प्रतिनिधिसभा सदस्यका रुपमा निर्वाचित भएर आएको पहिलो पटक हो। पहिलो पटकमा सामान्यतया सिक्ने कुरा नै पहिलो अवसरको रुपमा प्रयोग गर्नुपर्छभन्ने लाग्छ। कतिपय नसिक्नुपर्ने पाठहरु पनि पढिरहेको छु। राम्रा काम पनि संसदबाट भएका छन्। संसदबाट राम्रा सन्देश नगएका पनि उदाहरण छन्। कुन कुरालाई जीवनमा आत्मसातगर्ने, कुन कुराबाट प्रभावित हुने र के कुरालाई अनुसरण गर्ने भन्ने महत्वपूर्ण हुन्छ। अहिले म सिक्ने चरणमा नै छु। संसदमार्फत राष्ट्रिय राजनीतिका कतिपय महत्वपूर्ण विषयहरुमा आफ्नो स्पष्ट दृष्टिकोण राख्ने प्रयास गरिरहेको छु। आफ्नो निर्वाचन क्षेत्रको विकास र समग्र मुलुकको विकासमा पनि उचित ठानिएका विषयलाई आफ्ना प्रस्तुतिमा समेट्ने प्रयास गरिरहेको छु।

**संसदमा यहाँले कस्ता एजेन्डा प्राथमिकताका साथ उठाउँदै आउनुभएको छ र ती एजेन्डा सम्बोधन भएका छन् ?**

संसदमा उठाइएका विषयवस्तु सम्बोधन नहुँदासम्म निरन्तर प्रयास गरिरहनुपर्छ। मैले निर्वाचनको समयमा नै सोचेका मुख्य दुई-तीन विषय थिए। बाटो बन्नु र बिजुली बल्नु मात्र विकास होइन, समग्र मानव विकास नै विकास हो। तर राजनीतिक प्रणालीलाई सुसंस्कृत बनाउँदै जानुपर्छ। यो कर्तव्य राजनीतिक दलहरुको हो। राजनीतिक दलको आलोचना त हुन्छ, तर ती आलोचनालाई कति विनम्र बनाएर लैजाने भन्ने हुन्छ। शब्दमा विनम्रता र भावमा क्रान्तिकारी भाव राख्दा पनि आफ्नो कुरा खरो रुपमा राख्न सकिन्छ। ठूलो स्वरमा र कडा शब्द मात्रै राखेर अगाडि बढ्ने कुरा संसदीय संस्कृति होइन। त्यसमा विपक्षीको आलोचना, सरकारको आलोचना, आफ्नै आलोचना लोकतन्त्रमा स्वभाविक हो। अब राजनीतिमा परिवर्तन जरुरी छ। अर्को कुरा, मुलुकको विकासमा हामी कहाँ चुक्यौं ? यसको व्याख्या पनि आउनुपर्छ। नबन्नुपर्ने संरचनाहरु बनेका छन्, घाटा बेहोर्नुपरेको छ। बन्नैपर्ने संरचना बनाउन कतिपय स्थानमा ध्यान पुगेन। लहडमा हुने कुरालाई रोक्नुपर्छ। उत्पादनशील क्षेत्रमा राज्यको लगानी हुनुपर्छ। कामको गति बढाउने सन्दर्भमा संसदमा मैले निरन्तर बोलिरहेको छु। तर संसदमा मात्र बोलेर हुँदैन भनेर मैले 'ऐना' कार्यक्रममार्फत पनि विषय उठान गरिरहेको छु। धनी मुलुकचाहिँ राति पनि बाटो बनाउँछ। गरिब राष्ट्र नेपालचाहिँ 'सूर्य अस्त, नेपाल मस्त' किन हुन्छ ? नेपालले तीन सिफ्टमा काम गर्नुपर्छ। तीन सिफ्टमा तीन समूह श्रमिकले कार्य गर्न सम्भव पनि छ। तसर्थ राजनीतिक परिवर्तनदेखि, गरेका गल्तीहरुमा सुधार गरेर अगाडि बढ्ने कुरा, काम गर्ने शैलीमा रुपान्तरण गर्ने कुरा निर्वाचनको समयदेखि संसदमा राख्दै आएको छु।

**यहाँले प्रतिनिधित्वगर्ने क्षेत्रका समस्याहरुलाई सम्बोधनगर्न पहल कस्तो छ त ?**

सामान्यतया एउटा सांसदले आफ्ना निर्वाचन क्षेत्रहरुमा दुई-तीन वटा काम गर्नुपर्छ। त्यो क्षेत्रसँग सम्बन्धित मुद्धाहरु संसदमा प्रस्तुत गर्नुपर्छ। जस्तै, डुबान, नदी तटबन्धका कुराहरु मैले उठाउँदै आएको छु। कतिपय व्यक्तिले धनीपुर्जा नपाएको अवस्था छ, अव्यवस्थित बसोबास, सुकुम्बासीका समस्या छन्। यी समस्या सम्बोधन गरियोस् भनेर कुरा उठाउँदै आएको छु। भारतबाट ठूलो सङ्ख्यामा झापामा हात्ती प्रवेश गरेर मानिसको ज्यान लिएको छ, यस्ता समस्याहरु पनि उठाएँ। भोली असार ३० गते सबै राजनीतिक दल एकै ठाउँमा उभिएर करिब दुई सयजना नागरिकलाई जग्गाधनी पुर्जा वितरण गरी वर्षौंदेखिको समस्यालाई हल गर्दैछौं। हात्तीको समस्या समाधान गर्न गएको तीन महिनामा मात्रै साढे चार करोड थप निकासा गराएर हात्ती नियन्त्रणको काम भइरहेको छ। अढाइ करोड मूल्य बराबरको वन मन्त्रालयमार्फत १८ किलोमिटर लामो सोलार फेन्सिङ बनाउने क्रममा जादैछौं। ती क्षेत्रमा यी मुद्धाहरु ज्वलन्त थिए। त्यसबाहेक पर्यटनको सन्दर्भमा पनि कामहरु भएका छन्। चन्द्रागढ भन्ने ठाउँमा सिमसार छ, त्यसलाई बजेट राखेर पर्यटकीय विकासका कामहरु गर्दैछौं। काँकडभित्तामा खेल मैदान निर्माणका लागि पहल भएको छ। बुद्धशान्ति गाउँपालिकाको वडा नं ६ र ७ वारि र पारिमा जोड्ने पाँच करोड ९८ लाखको लागतमा नेपालको तेस्रो लामो झोलुंगे पुल बनायौं। खानेपानीका परियोजना लगेका छौं। झापामा सामुदायिक इञ्जिनियरिङ क्याम्पस खुलेको छ। त्यो सबैको प्रयास थियो, तर म जनप्रतिनिधि भएकाले मेरो पहल अलिक बढी भयो। बजेट बनाउने बेलामा, कुनै पनि दलले आफ्नो गल्तीबाट प्रभावित भएर प्रस्तुति गर्न हुन्न। झापा क्षेत्र नं १ को सन्दर्भमा, संघीय सांसद कांग्रेसको, प्रदेश सांसद राष्ट्रिय प्रजातन्त्र पार्टीको, अर्को प्रदेश सांसद कांग्रेसको, नगरप्रमुख एमालेको, अन्य स्थानीय तहका प्रमुख पनि विभिन्न दलका छन् तर हामी सबै एकै ठाउँमा बसेर सल्लाह गर्छौं, काठमाडौं आएर प्रधानमन्त्री तथा सम्बन्धित मन्त्रीलाई भेट्छौं। हामी राजनीतिलाई आफ्नो ठाउँमा राखेर, विकासको सन्दर्भमा एकै ठाउँमा उभिन्छौं। विकासका प्राथमिकता प्रस्तुत गरेर बजेट माग गर्छौं। विकास र समृद्धि सहकार्यमा हुनुपर्छ। प्राथमिकता स्पष्ट हुनुपर्छ र सबैले अपनत्व बोध गर्नुपर्छ।

**उसो भए यहाँले निर्वाचनको समयमा जनतासमक्ष राखेका प्रतिबद्धता सबै पूरा हुनेतर्फ अगाडि बढेका छन् ?**

निर्वाचनअघि मैले ठोसरुपमा 'यो बाटो, यो पुल म बनाउँछु' भन्ने किसिमको प्रतिबद्धता गरेको थिइनँ। चुनावमा जाँदा म अनावश्यक कुरा गर्दिन। मैले भनेको थिएँ - म विपक्षीलाई गाली गर्दिन। गाली गरेर चुनाव जितिन्छ भन्ने सोच्ने हो भने माफ गर्नुहोला, म तेस्रो पटक हार्न तयार छु भनेको थिएँ। अनि अर्को कुरा, खोला देख्दासाथ पुल बनाउँछु भन्ने शैली गलत छ। सांसदले के भन्नुपर्छ भने - म आफ्नो योग्यता र क्षमताले भ्याएसम्म इमान्दारीपूर्वक लाग्नेछु। यो गर्छु त्यो गर्छु भन्दा म जे सक्छु त्यो गर्छुभनेर बोलेको थिएँ।

**पछिल्लो समय संसदमा देखिने गरेका अवरोध र बहिष्कारका प्रवृत्तिलाई तपाईं कसरी हेर्नुहुन्छ ?**

विषयवस्तुलाई हेरेर विवेकसङ्गत रुपमा कुरा गर्दा सजिलो हुन्छ। आवेगलाई हावी बनाउँदा यस्ता

**यो साताको बिशेष**



जटिलता आउने गर्छन्। अहिलेको समस्याको हल गर्नके लागि छानबिन समिति बनाइएको छ। भिजिट भिसा प्रकरण वर्षौंदेखि चल्दै आएको रहेछ। यसबीचमा छ जना गृहमन्त्री बन्नुभयो। अख्तियारजस्तो संवेदनशील संस्थाले अनुसन्धान सुरु गरिसकेपछि त्यो अनुसन्धानलाई सबैले सघाएर जानुपर्छ। जो-जो दोषी देखिन्छन्, उनीहरुलाई कारवाही गर्नुपर्छ। संवैधानिक अङ्गले अनुसन्धान गरेको कुरामा भरोसा गर्नुपर्छ। अर्को, विपक्षी दलबाट गृहमन्त्रीमाथि छानबिन अहिले किन नगर्ने भन्ने कुरा आएको छ। प्रष्टै छ, गृहमन्त्रीविरुद्ध कुनै अदालतमा उजुरी परेको अवस्था छैन। अहिलेको भिजिट भिसा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ। आवेगमा आएर छोडभन्नु वा नछोड्दासम्म विरोधगर्नु राजनीतिक फण्डा मात्रै हो। ठगिएका मानिस सबै पार्टीका हुन्, उनीहरुले न्याय पाउनुपर्छ। अनुसन्धान राम्रोसँग हुनुपर्छ र त्यो अनुसन्धानलाई सबै दलले सघाउनुपर्छ। कानून सक्रियहुँदा राजनीति मौन बस्नुपर्छ। प्रतिपक्षीले प्रश्न उठाउँदा त्यसलाई सकारात्मक रुपमा लिएर अगाडि बढ्नुपर्छ। प्रश्न र गुनासोमात्रै नभई अहिले देखिएको भिजिट भिसा प्रकरणजस्तो विषय छानबिनबाट टुङ्गिनुपर्छ।

**संसदमा प्रस्तुत हुने विधेयकमा गहिरो छलफल हुनुको सट्टा हतारमा पारित हुन्छभन्ने आलोचना छ, तपाईंको धारणा के छ ?**

निजामती विधेयकको 'कुलिङ पिरियड' सन्दर्भमा भएको शब्द फेरबदल गम्भीर त्रुटी हो। हामी सबै त्यसका अंशियार छौं - मात्रात्मक रुपमा कमबेसी होला। यसमा सर्वदलीय छानबिन समिति पनि बनेको छ। तर विधेयकको सन्दर्भमा कम छलफल हुन्छ भन्ने होइन। राज्य व्यवस्था समितिमा निजामती विधेयक पनि लामो समय छलफल भएको थियो। भ्रष्टाचार निवारण ऐन-०५९ लाई संशोधन गर्न ०७६ सालमा आएको विधेयक पनि सोही समितिले लामो छलफलपछि संसदमा पठाएको हो। कहिलेकाहीं हतारिएर विधेयक पारित गराउने प्रयास हुन्छ त्यस्तो रोक्न हामी लागेका छौं। केही दिनअघि संसदमा प्रस्तुतगर्ने तयारीसहित कार्यसूचीमा राखिएको भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकमा सहमति जुटाएर मात्र अगाडि बढाउनुपर्ने भन्दै कार्यसूचीबाट हटाउन मैले नै पहल गरेको थिएँ।

**सांसदको रुपमा तपाईंले देख्नुभएको विधेयक निर्माण प्रक्रियामा सबैभन्दा ठूलो कमजोरी के हो ? सुधारका लागि तपाईंका दृष्टिकोणहरु के छन् ?**

अध्यादेशमार्फत पनि विधेयक आउँछ। संसद्ले स्वीकृत गरेपछि प्रतिस्थापन विधेयककारुपमा आउँछ। अध्यादेश मार्फत् विधेयक ल्याएको कुरामा प्रश्न उठ्छ। आरोप पनि आउँछ - नेपाली कांग्रेसले विपक्षमा हुँदा अध्यादेशको विरोध गऱ्यो, सरकारमा हुँदा समर्थन गऱ्यो। तर यो बिर्सनुभएन कि - २०८१ साल वैशाखमा हामी विपक्षमा हुँदा लगानी सहजीकरणसम्बन्धी विधेयकलाई समर्थन गरेका थियौं। विषयवस्तु हेरेर समर्थन-विरोध गर्नुपर्छ। विषयलाई राम्रोसँग अध्ययन गरेर आवेगविहीन सोचको विकास गर्नुपर्छ।

**राजनीतिमा देखिएको नैतिकताको गिरावट र भ्रष्टाचारबारे तपाईंको दृष्टिकोण के छ ? यसमा कांग्रेसको भूमिका कस्तो हुनुपर्छ ?**

कुनैपनि देशमा बलियो कानून भएमा भ्रष्टाचार नियन्त्रणगर्न सकिन्छ। भ्रष्टाचारका मुद्धामा सबै दलका नेताहरु परेका छन्। कानून निर्माण गरेर भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ भन्नेमा सबैभन्दा अग्रसर नेपाली कांग्रेस देखिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान ऐन-०४८ कांग्रेस नेतृत्वको सरकारले ल्याएको हो। भ्रष्टाचार निवारण ऐन-०५९ पनि कांग्रेस नेतृत्वकै सरकारले ल्याएको हो। कानून पढेर संसदमा प्रस्तुतगर्ने कांग्रेसकै मन्त्री जेल जानुभयो। मुलुकी अपराध संहिता-०७४ पनि कांग्रेस नेतृत्वकै सरकारबाट आएको हो। कांग्रेसले बनाएको कानूनले कांग्रेसकै नेता जेल गएका छन् नि। भोलि मैले गल्ती गरे म पनि जेल जान्छु। तर कानून कार्यान्वयन इमान्दारपूर्वक हुनुपर्छ। आफ्नो दललाई कारबाहीगर्दा गलत र प्रतिस्पर्धी दललाई कारबाही गर्दा ठीकभन्ने प्रवृत्ति गलत हो। कानून कार्यान्वयन गर्ने निकायले पारदर्शी रुपमा काम गर्नुपर्छ। ती निकायहरुलाई राजनीतिमुक्त गराउनुपर्छ। नेपाललाई पूर्ण रुपमा भ्रष्टाचारमुक्त बनाउन समय लाग्ला, तर त्यस दिशामा प्रयास भइरहेका छन्।

**आफ्नो पार्टीभित्रको आन्तरिक लोकतन्त्र, नव-नेतृत्व उत्पादन र प्रशिक्षणको अभ्यासबारे तपाईंको मूल्यांकन के छ ?**

अन्य दलको तुलनामा नेपाली कांग्रेसभित्र अलि व्यवस्थित अभ्यास छ। जति लोकप्रिय भएपनि दुई पटकभन्दा बढी जिल्ला वा केन्द्रीय सभापति बन्न पाईदैन। महाधिवेशन आउनुअघि नै अहिले पाँच जना सभापतिका आकाङ्क्षी देखिनुभएको छ। को बन्छ थाहाछैन, तर अरु दलमा चाहिँ को अध्यक्ष हुन्छ पहिल्यै थाहाहुन्छ। कांग्रेसमा हरेक ४-५ वर्षमा महाधिवेशन हुने, प्रतिस्पर्धाको आधारमा नेतृत्व चयन हुने परिपाटी छ। प्रश्न उठाउँदैमा पार्टीबाट निष्कासन हुँदैन। मैले सभापति शेरबहादुर देउवालाई तपाई अब छैठौं पटक प्रधानमन्त्री बन्दहुन्नभनेको थिएँ, भोलिपल्ट उहाँसँगै बसेर चिया पियौं। मेरो हातमा स्पष्टीकरणको पत्र परेन नि त।

**अबको महाधिवेशनमा नेपाली कांग्रेस नेतृत्व चयनको प्रक्रियामा प्रवेश गर्दैछ। तपाई स्वयं लामो समयदेखि पार्टीको विचार, सिद्धान्त र संगठनमा सक्रिय हुनुहुन्छ। सभापतिको जिम्मेवारीमा उम्मेदवारी दिने चाहना वा तयारी तपाईंको छ कि छैन ?**

पार्टीको महामन्त्री भइसकेको मान्छे सभापति बन्नुपर्छ भन्ने आकांक्षा हुनु अनौठो कुरा होइन। आकांक्षा पूरा गर्नुपर्छ, तर अहिले गर्नुपर्छ भन्ने छैन। म पक्कै जित्छु तर अहिले होइन। अहिले जसको हातमा जे जिम्मेवारी छ, उसले त्यो जिम्मेवारी इमान्दारितापूर्वक पूरा गर्नुपर्छ। सिधै भन्नुपर्दा १५ औं महाधिवेशनमा नै सभापति बन्ने मेरो आकांक्षा छैन। अरु साथीहरुलाई शुभेच्छा र शुभकामना छ।

**जलवायु परिवर्तनका विषयमा तपाईंको चासो भनै बढेको देखिन्छ। जलवायुजन्य संकटको प्रभाव न्यूनीकरण तथा व्यवस्थापनमा तपाईंको भूमिका कस्तो रहनेछ ?**

धेरै कुरामा रुपान्तरण जरुरी छ। जलवायु परिवर्तनको असरका कारण हिमालको हिउँ पग्लिएर कालापत्थरमा परिणत भएका छन्। यसको असर विश्वव्यापीरुपमा परेको छ। नेपालले बेमौसमी बाढीका घटना बेहोर्नुपरेको छ। इसिमोड र युएनडिपीका अध्ययनले नेपाल, भारत र चीनमा अवस्थित ४७ वटा हिमताल फुट्न सक्ने देखाएको छ। तीमध्ये २५ चीनमा, २१ नेपालमा र १ भारतमा पर्छ। यी हिमताल जुनसुकै बेला पनि फुट्न सक्छन्। तिनको सतह घटाएपछि मात्रै क्षति न्यूनीकरण गर्न सकिन्छ। असार २४ गते सुप्राग्लेसियर ताल फुट्दा रसुवामा बाढी आयो। नेपालले नगरेको गल्तीको सजाय भोगिरहेको

बाँकी ८ पेजमा

## देशका बिभिन्न भागमा बिपद बढ्दै, बिस्थापित हुनेक्रम जारी

काठमाडौं। देशका बिभिन्न भागमा मनसुनजन्य विपद बढ्दैछभने बिस्थापित हुनेक्रम जारी छ। यसैक्रममा प्राप्त समाचारहरु अनुसार काभ्रेपलाञ्चोकको १३ स्थानीय तहमा ३९५ बस्ती मनसुनजन्य विपदमा उच्च जोखिममा परेका छन्। स्थानीयस्तरबाट जिल्लास्थित विपद् व्यवस्थापन समितिलाई प्राप्त प्रतिवेदनमा यस बर्षको मनसुनजन्य विपदमा उक्त संख्याको बस्तीका छहजार ३७५ घरपरिवार उच्च जोखिममा रहेको जनाइएको छ। समितिकाअनुसार ती बस्तीको परिवारका २३ हजार ४५ नागरिक मनसुनजन्य विपद्बाट प्रभावित हुनसक्ने आँकलन गरिएको छ।

समितिले स्थानीय तहका विपद् व्यवस्थापन समिति तथा जनप्रतिनिधि र सुरक्षाकर्मीको तथ्यांकका आधारमा उक्त जनसंख्या यस बर्षको मनसुनजन्य विपद्बाट प्रभावित हुनसक्ने प्रक्षेपण गरेको जनाइएको छ। समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी उमेश ढकालले विशेषगरी यस बर्षको बाढीपहिराले जिल्लाका रोशी, सुनकोशी, इन्द्रावती, पुण्यमाता, झिकुखोला, दाप्चाखोला लगायत तटीय क्षेत्र आसपास बसोबासगर्ने नागरिक प्रभावित हुने अनुमान गरिएको छ, यसबाट सतर्कता अपनाउन आग्रह पनि गर्दैआएको बताउनु भएको छ। ढकालकाअनुसार काभ्रेपलाञ्चोकका १३ वटै स्थानीय तहमा बाढीपहिराको उच्चजोखिम देखिएको छ। समितिलाई प्राप्त तथ्यांकअनुसार जिल्लामा सबैभन्दा बढी रोशी गाउँपालिकामा ५६ बस्ती र सबैभन्दा कम खानीखोला गाउँपालिकामा नौ बस्ती उच्च जोखिममा रहेको जनाइएको छ। रोशीमा एकहजार ४३८ घरपरिवारका तीनहजार ६६२ नागरिक उच्च जोखिममा रहेको पाइएको हो। नमोबुद्ध नगरपालिकाकोमा एकहजार १४२ घरपरिवारका चारहजार ४११ नागरिक प्रभावित हुने आंकलन गरिएको छ। त्यस्तै पाँचखाल नगरका ४१ बस्तीमा ८६९ घरपरिवारका पाँच हजार ६६८ नागरिक प्रभावित हुने देखिएको हो। मण्डनदेउपुर नगरमा २४ बस्तीका २४३ घरका ९४७ जना नागरिक प्रभावित हुने जनाइएको हो। शहरी क्षेत्रमापर्ने बनेपामा २७ स्थान जोखिममा रहेकोमा ८११ घरपरिवारका दुई हजार २६१ नागरिक प्रभावित हुने आंकलन गरिएको छभने पनौतीमा १६ बस्तीका २८६ घरका एक हजार ३९५ परिवार प्रभावित हुनसक्ने देखिएको समितिले जनाएको छ। समितिकाअनुसार अर्को शहरी क्षेत्र अर्थात सदरमुकाम धुलिखेलका २५ बस्ती उच्च जोखिममा रहेकोमा त्यस क्षेत्रका ५२९ घरपरिवारका एक हजार ३५१ नागरिक प्रभावित हुने प्रक्षेपण गरिएको छ। त्यसैगरि तेमालको ४६ बस्तीमा ३०८ घर परिवारका ८५०, बेथानचोकमा १३ बस्ती उच्च जोखिममा रहेकोमा त्यस क्षेत्रका ७७ घरका २८८ नागरिक सदस्य जोखिममा रहेका छन्। डाँडापारी क्षेत्रका महाभारतमा १३ जोखिमयुक्त बस्तीमा १३६ घरपरिवारका ५६९, खानीखोलामा नौ उच्च जोखिम बस्तीमा ४७ परिवारका २३३ नागरिक उच्च जोखिममा रहेको जनाइएको छ। कोशीपुर्व क्षेत्रस्थित चौँरीदेउरालीको उच्च जोखिममा रहेको ३६ बस्तीका २७६ घरपरिवारका ६११, भुम्लुमा उच्च जोखिममा रहेको ३९ बस्तीमा २२१ घरका ७९१ नागरिक प्रभावित हुने आकलन गरिएको छ। गतसाल असोज ११ र १२ गतेको अविरल वर्षामा बाढीपहिराका कारण काभ्रेपलाञ्चोका ७८ को निधन भएको थियोभने छजना बेपत्ता भएकाको अवस्थामा रहे। उक्त घटनामा ७५ जना घाइते भएका थिए। बाढीपहिरोमा मृत्युहुनेमा सबैभन्दा बढी पनौती नगरका १७ जना रहेका थिए। काभ्रेपलाञ्चोकको १३ स्थानीय तहमध्ये पाँचखाल, खानीखोला र महाभारतमाभने मानवीय क्षतिहुन पाएन। बाढीपहिराबाट अन्य जिल्लाभन्दा काभ्रेपलाञ्चोकमा ठूलो संख्यामा मानवीय क्षतिभएको हो। मृतकको संख्या देशभर मृत्यु भएकामध्ये ३१.५६ प्रतिशत रहेको थियो। समितिले मनसुनजन्य विपद् न्यूनीकरणका लागि स्थानीय तह, बिभिन्न सुरक्षा निकाय, संस्थालगायतका सरोकारवालासँग उद्धार, राहत तथा सुरक्षित स्थानमा बसोबास गराउने प्रबन्ध तयारी अवस्थामा राख्न अनुरोध गरेको छ। त्यस्तै विपदको समयमा तत्कालै प्रयोगगर्न मिल्नेगरी जिल्लाका १३५ वटा वडामा कम्तिमा प्रत्येक वडामा अथवा नजिकको वडालाई समेटेर हेलिप्याड तयार गरिएको, बिभिन्न बिद्यालय, क्लब, सामुदायिक भवन तथा खुलास्थानलाई प्रयोगगर्न मिल्नेगरी व्यवस्थापन

बाँकी ७ पेजमा

# विश्व कम्युनिष्ट आन्दोलनभित्र देखिने समस्याहरुबारे

विश्व कम्युनिष्ट आन्दोलनभित्र समयक्रममा बिभिन्न समस्याहरु देखिने गरेका छन्। जसको साङ्गोपाङ्ग समीक्षा र बहस आवश्यक छ। कम्युनिष्ट पार्टी भनेको सर्वहारा बर्गको मुक्तिका लागि कामगर्ने पार्टी हो। सर्वहारा बर्गभनेको मार्क्सको व्याख्यामा सामन्तवादी व्यवस्थाको अन्तसँगै पूँजीपति बर्गसँगै जन्मिएको अर्को तर पूँजीपतिबर्गकै विरुद्ध जाइलाग्ने बर्ग हो। किनभने सामन्तवादी व्यवस्थाको अन्तपछि संसारमा कि त पूँजीपतिबर्गको राज्यसत्ता हुन्छ कि त सर्वहारा बर्गको। पूँजीपतिबर्ग र सर्वहारा बर्ग आआफ्नो राज्यसत्ताका निम्ति एक अर्काका विरुद्ध जाइलाग्ने बर्ग हुन्। संसारमा कि त पूँजीपतिबर्गको राज्यसत्ता हुन्छ किभने सर्वहारा बर्गको राज्यसत्ता, दुवैको एउटै राज्यसत्ता भ्रममात्रै हो। मार्क्सले समाज विकासको व्याख्यागर्ने क्रममा भन्नुभएको छ-सामन्तवादी व्यवस्थाको अन्त्यसँगै दुईवटा बर्गहरु पूँजीपति बर्ग र सर्वहारा बर्गको जन्म हुन्छ। तर, पूँजीपति बर्गसँग राज्यको शक्ति जसलाई राज्यसत्ता भनिन्छ, उत्पादनका साधन र पूँजी हुन्छभने सर्वहारा बर्गसँग केवल श्रममात्रै रहन्छ। यहि श्रम उसले पूँजीपति बर्गलाई बिक्री गरेर आफ्नो जीविका चलाउँछ। सर्वहारा बर्गले श्रम गरेपनि उसको आर्थिक हालत कमजोर रहने तर पूँजीपति बर्गले श्रम नगरिकननै आर्थिक सम्पन्नताको शिखरतर्फ लम्किरहने हुन्छ। यो हुनका पछाडि पूँजीपति बर्गसँग राज्यसत्ता, उत्पादनका साधन र पूँजी हुनु हो। त्यसकारण सर्वहारा बर्गले आफ्नो बर्गको मुक्तिका लागि पूँजीपति बर्गसँग भएको राज्यसत्ता, उत्पादनका साधन र पूँजी खोसेर आफ्नो अधीनमा ल्याउनुपर्छ। अहिलेसम्मको विश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा सर्वहारा बर्गले आफ्नो बर्गको मुक्तिको लागि पूँजीपति बर्गसँग भएको राज्यसत्ता, उत्पादनका साधन र पूँजी खोसेर आफ्नो अधीनमा ल्याएका अनगिन्ति उदाहरणहरु छन्। साथै क्रान्तिद्वारा पूँजीपति बर्गसँग भएको राज्यसत्ता, उत्पादनका साधन र पूँजी खोसेर आफ्नो एक्लौटी अधीनमा ल्याउन नसकेका तर सामन्तवादको अन्त्यको लागि पूँजीपति बर्गसँग सहकार्य गरेर पूँजीवादी व्यवस्थाअन्तर्गत आमश्रमजीविको हितमा सुधारवादी खालको राज्यसत्ता सञ्चालनगर्ने प्रयास गरिरहेका उदाहरणहरु पनि प्रसस्त छन् र यो पछिल्लो प्रयास नेपालको सन्दर्भमा कार्यान्वयनगर्न खोजिएको छ। जहाँसम्म पूँजीपति बर्गसँग सामन्तवादको अन्त्यको लागि सहकार्यको सवाल छ, सिद्धान्ततः त्यो सही छ। तर पनि सर्वहारा बर्गको वास्तविक मुक्तिका लागि पूँजीपति बर्गसँग भएको राज्यसत्ता, उत्पादनका साधन र पूँजी खोसेर सर्वहारा बर्गले आफ्नो अधीनमा ल्याउनैपर्छ, त्यो बाहेक उसका लागि अर्को विकल्प छँदैछैन्। अन्य विकल्प भनेको सर्वहारा बर्गका लागि सबै भ्रममात्रै हुन।

मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओले सर्वहारा बर्गको राज्यसत्ताबारे जे व्याख्यागर्नु भएको थियो र त्यस दौरानमा जेजस्ता उपलब्धिहरु उहाँहरुले प्राप्त गर्नुभएको थियो, त्यसका आधारमा सञ्चालित राज्यसत्ताको अस्तित्व वर्तमान विश्वमा छैन्। विश्वको पहिलो समाजवादी देश सोभियत संघ १९८९मा पुगेर भंग भयो ? चीनले सन् १९७८ मा नै राज्यको आर्थिक नियन्त्रणहरु माथिको अधिकारलाई खुकूलोपार्दै त्याहाँ पूँजीपति बर्गको राज्यसत्ता पुनर्स्थापना गरेर त्यसलाई सुदृढ गराउने काम गरिरहेको छ र अहिले त्यही अभियानमा लागेको छ। भियतनाम, कम्बोडिया, पूर्वि युरोपका देशहरुबाट समाजवादी व्यवस्था खतम हुन केहीबर्ष र दशक पनि लागेन्। हामीले देखिरहेका छौ, सर्वहारा बर्गको राज्यसत्ताको नाममा

**हुकुमबहादुर सिंह**

सर्वहारा बर्गले श्रम गरेपनि उसको आर्थिक हालत कमजोर रहने तर पूँजीपति बर्गले श्रम नगरिकननै आर्थिक सम्पन्नताको शिखरतर्फ लम्किरहने हुन्छ। यो हुनका पछाडि पूँजीपति बर्गसँग राज्यसत्ता, उत्पादनका साधन र पूँजी हुनु हो। त्यसकारण सर्वहारा बर्गले आफ्नो बर्गको मुक्तिका लागि पूँजीपति बर्गसँग भएको राज्यसत्ता, उत्पादनका साधन र पूँजी खोसेर आफ्नो अधीनमा ल्याउनुपर्छ। अहिलेसम्मको विश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा सर्वहारा बर्गले आफ्नो बर्गको मुक्तिको लागि पूँजीपति बर्गसँग भएको राज्यसत्ता, उत्पादनका साधन र पूँजी खोसेर आफ्नो अधीनमा ल्याएका अनगिन्ति उदाहरणहरु छन्। साथै क्रान्तिद्वारा पूँजीपति बर्गसँग भएको राज्यसत्ता, उत्पादनका साधन र पूँजी खोसेर आफ्नो एक्लौटी अधीनमा ल्याउन नसकेका तर सामन्तवादको अन्त्यको लागि पूँजीपति बर्गसँग सहकार्य गरेर पूँजीवादी व्यवस्थाअन्तर्गत आमश्रमजीविको हितमा सुधारवादी खालको राज्यसत्ता सञ्चालनगर्ने प्रयास गरिरहेका उदाहरणहरु पनि प्रसस्त छन् र यो पछिल्लो प्रयास नेपालको सन्दर्भमा कार्यान्वयनगर्न खोजिएको छ।

अहिले पनि केही कम्युनिष्ट नेताले आजन्म शासनगर्ने र आफ्नो शेषपछि आफ्ना सन्तानलाई उत्तराधिकारी घोषणा गर्ने गरेको पनि पाइन्छ। देशमा सर्वहारा बर्गको शासनव्यवस्था स्थापना गनका लागि वर्षौसम्म जनताको बीचमा काम गर्दा कठिन भन्दा कठिन परिस्थितिको सामनागर्न पनि पछिनपरेका कैयौ नेता तथा कार्यकर्ता बिभिन्न राजनीतिक परिस्थितिले सत्तामा गए पछि आमश्रमजीवि बर्गको हितलाई नहेरी केवल आफ्नो व्यक्तिगत स्वार्थ वा पारिवारिक स्वार्थका लागि जे पनि गर्न तयार भएको हामीले देखेका, भोगेका छौ। मार्क्सले बारम्बार जोड दिएको तथ्य के होभने सर्वहारा बर्गको पार्टीको नेतृत्व गर्ने कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताले आफ्नो मात्र भलाई नहेरेर आमश्रमजीविको हितलाई हेर्छन्, जसलाई उहाँले सर्वहारावादी विश्व दृष्टिकोण भन्नुभएको छ र सर्वहारा बर्गको मुक्तिको लागि काम गर्ने कम्युनिष्ट पाटीका नेता तथा कार्यकर्ताहरु यो सर्वहारा बर्गीय विश्व दृष्टिकोणले लैस हुनैपर्छ।

विश्व कम्युनिष्ट आन्दोलन र नेपालकै अनुभवमा पनि कम्युनिष्ट पाटीका नेता तथा कार्यकर्ताहरुले पार्टीभन्दा आफू, आफ्नो परिवार र नातागोतालाईमाथि राखि सोंच्नेगरेको पाइएको छ। यस्तो चिन्तनको विरुद्ध सचेत गराउँदै क.माओले लिन प्याओको चरित्रको बारेमा मन्तव्य दिने क्रममा भन्नुभएको थियो-मैले कहिले पनि कसैलाई पनि आफ्नै श्रीमतीलाई अफिसको म्यानेजर बनाउने कुराको स्वीकृति दिएको छैन्। तर लिन प्याओको श्रीमती येह चुन, जसले कार्यालय व्यवस्थापन गर्छिन्। चारजना मान्छेहरुले लिन प्याओलाई भेट्न चाहेमा उनीहरुले उनकी श्रीमतीको अनुमति लिनुपर्छ। कुनै कामगर्नु परेमा जो कोहीले पनि आफैले काम गर्नुपर्छ, आफैले कागजपत्रहरु पढनु पर्छ। कसैले पनि सेक्रेटरीमार्फत् कामगर्ने होइन्। मेरो आफ्नो सेक्रेटरीले त कागजातहरु लिने र मलाई दिने मात्रै जिम्मेवारी पाएका छन्। म आफै कागजातहरु छान्छु, आफै पढछु र केही लेख्नुपर्ने भयोभने आफै लेख्छु ताकि गल्ती हुन नपाओस। क.माओको उल्लेखित भनाईको महत्व सर्वहारा बर्गीय विश्व दृष्टिकोणले लैस हुनेकि परीवर्तन र क्रान्तिविरोधी दुइवटा धार दक्षिणपन्थी र वामपन्थी अराजकतावादी धारको दलदलमा नउठ्नेगरी भासिदै जाने भन्ने हो। मार्क्स, ऐङ्गेल्स, लेनिन, स्टालिन र माओले कम्युनिष्ट घोषणापत्रमा लेखिएझै निजी सम्पतिको व्यवस्थाको खारेजी, आय, सम्पत्ति, उद्योग, व्यपार र व्यवसाय आदि सबै राज्यको अधीनमा ल्याउने , राजनीतिक र व्यक्तिगत अधिकारहरु सबै राज्यको अधीनस्थ राख्ने नै सर्वहारा बर्गीय सिद्धान्त होभनेर त्यसैलाई हृदयदेखि आत्मसातगर्दै कार्यान्वयनगर्नु भयो। यदि अहिलेका कम्युनिष्टहरुले पनि त्यसैगर्ने होभने क.माओले भनेझै न त श्रीमती, न छोरा वा सालोलाई आफ्नो स्वकीय सचिव वा सेक्रेटरी राख्ने आवश्यकतानै पर्छ। न सत्तामा जाँदैमा अनावश्यक मोजमस्ती, सुखसयलका लागि राज्यको ढुकुटी सिध्याउने नै मन लाग्छ। न त एउटा मन्त्री पद प्राप्त गर्न त्यसका लागि न्याल चुहाउननै पर्छ।

नेपालका कम्युनिष्ट सभासदहरुले, मन्त्रीहरुले अहिले जसरी आफ्ना छोराछोरी, वा नातेदारहरुलाई सरकारी तलबी सुविधामा नीजि सहायक वा अनेक नाम दिएर राख्ने गरिरहेका छन्, तिनका लागि मार्क्सले भनेझै आफ्नोमात्र भलाई हेरेर आमश्रमजीविको हितलाई नहेरेको नै ठहर्छ। यसले सर्वहारा बर्गीय विश्व दृष्टिकोणबाट स्खलन भएको जनाउछ। किनभने सर्वहारा बर्गीय विश्व दृष्टिकोणले त आफ्नो मात्र भलाई नहेरेर आमश्रमजीविको हितलाई हेर्ने हो। यदि आमश्रमजीविको हितलाई वा आम कार्यकर्ताको हितलाई ध्यान दिएको भए नेपालमै पनि जनयुद्ध तथा जनआन्दोलनहरुमा शहीद भएका परिवार, वेपत्ता परिवार तथा अपांगहरु तथा उनका परिवारनै मन्त्री तथा सभासदहरुको नजरमा पहिलो छनौटको तालिकामा पर्दथे। यो नभएर व्यक्तिगत स्वार्थको जब बोलबाला भएर जान्छ, अनि स्वतः यी गौण बन्न जान्छन् र गौण भएका पनि छन्। मानिस कम्युनिष्ट किन बन्दछ ? केही साथी संगतिले बन्ला, केहीले किताब र पत्रपत्रिका पढेर बन्ला तर अत्यधिक चाहिँ समाजमा हुनेखाने र ठूला ठालुहरुले गरिब, निमुखा र निरीह मानिसहरुमाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन देखेर वा भोगेर त्यसका विरुद्ध विद्रोहगरी समाजमा न्याय र समानताको व्यवस्था स्थापित गर्नुपर्दछभन्ने उद्देश्यबाट कम्युनिष्ट बन्दछन् र बनेका छन्। समाजमा उपल्लो बर्गको सधैभरिको हालीमुहाली र निम्न बर्गको सधैभरिको अभाव, गरिबी, दुख, शोषण, दमन, अन्याय र अत्याचार हुने राजनीतिक तथा सामाजिक व्यवस्थामा आमूल परिवर्तनगरी न्याय र समानतायुक्त सामाजिक संरचना स्थापितगर्ने उद्येश्यबाट प्रेरित भएर मानिसहरु कम्युनिष्ट बनेका हुन्छन्। त्यसका अतिरिक्त कम्युनिष्टको बिश्वदृष्किोण आफ्नै हुन्छ। त्यसैगरी समाज र इतिहासलाई हेर्ने तथा त्यसलाई परिवर्तनगर्ने पनि आफ्नै वैज्ञानिक दृष्टिकोण छ। यी दृष्टिकोणहरु यस्ता छन्, जसलाई गैर कम्युनिष्टले पनि विमती जनाउन एकपटक राम्रैसँग सोंच्नु पर्दछ। त्यसैले कम्युनिष्ट बन्नु वा हुनु समाजमा गर्वगर्ने कुरा हो। कम्युनिष्टहरु मानवीय हुन्छन् किनभने समाजका कमजोर बर्गले न्याय र समानताको व्यवहार पाउनुपर्छ, उनीहरुमाथि कुनै किसिमको शोषण , दमन, अन्याय, अत्याचार हुने व्यवस्थाको अन्त्य हुनुपर्दछ भन्ने कम्युनिष्टको मान्यता रहन्छ। त्यसैकारण कम्युनिष्ट अत्यन्त सभ्य र आधुनिक हुन्छन्। तर, समाजभित्र माथिल्लो बर्गका मानिसहरु पनि हुन्छन्, तिनी अत्यन्त स्वार्थी, आत्मकेन्द्रित, अमानवीय र अत्याचारी हन्छन्। त्यसैले उनीहरु असभ्य र अत्याचारि हुन्छन्, असभ्य र असामाजिक पनि हुन्छन्। यसैले समाजमा यी दुइ बर्गकाबीचमा सङघर्ष चलिरहन्छ। समाजमा जबसम्म असमानता रहन्छ, शोषण दमन , अन्याय अत्याचार रहन्छ, उपल्लो बर्गको सधैभरि एकलौटी हालीमूहाली रहन्छ, तबसम्म समाजमा कम्युनिष्ट पार्टी र कम्युनिष्टहरुको आवश्यकता परिरहन्छ। औधोगिक क्रान्तिको कालमा मार्क्स र एङ्गेल्सले मजदुरहरुमाथि अतिनै अमानवीय शोषण र अत्याचार देखेपछिमात्रै उहाँहरुले वैज्ञानिक समाजवादी सिद्धान्तको प्रतिपादन गर्नुभयो। त्यसैकारण पूँजीवादमा शोषण, दमन, अन्याय, अत्याचारको जुन अन्तरनिहित प्रवृत्ति छ, त्यसबाट निम्न बर्ग, किसान र मजदुर आदिलाई बचाउन र **बाँकी ७ पेजमा**

बाँकी ७ पेजमा

# श्रमिकको न्यूनतम पारिश्रमिक ३० हजार हुनुपर्ने

काठमाडौं। नेपालमा अबका दिनमा श्रमिकको न्यूनतम पारिश्रमिक ३० हजार हुनुपर्ने माग हुन थालेको छ। यसैक्रममा संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र ( जेटियुसिसी)ले श्रमिकको न्यूनतम पारिश्रमिक ३० हजार ४४३ मासिक तोक्नुपर्ने माग राखेको छ। हालै आयोजित एक पत्रकार सम्मेलनमा केन्द्रका अध्यक्ष जगतबहादुर सिम्खडाले न्यूनतम पारिश्रमिकमा अविलम्ब पुनरावलोकन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको पूर्ण कार्यान्वयन तथा श्रमसम्बन्धी कानूनको संशोधनलगायत विषयमा सरकार, रोजगारदाता र सरोकार भएकाहरुको ध्यानाकर्ष गराएको थियो। यी माग सम्बोधन नभएसंयुक्त आन्दोलनमा जाने पनि उहाँको भनाइ थियो। उहाँले वर्तमान बजार मूल्य र परिवारको न्यूनतम जीवनस्तरलाई ध्यानमा रा स्खदा चारसदस्यीय परिवारको लागि मासिक खर्च ३० हजारदेखि ३५ हजारको हाराहारीमा पर्छ। वैज्ञानिक, तुलनात्मक तथा व्यवहारिक आधारमा श्रमिकको न्यूनतम पारिश्रमिक मासिक ३० हजार ४४३ तोकिनुपर्छ भन्नुभएको थियो। अध्यक्ष सिम्खडाले पारिश्रमिक निर्धारणका लागि त्रिपक्षीय वार्तामा श्रमिकका प्रस्तावलाई गम्भीर रुपमा ग्रहणगर्न सरकारसँग आग्रह गर्नुभएको थियो। सरकारले प्रत्येक दुई बर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्नुपर्ने संवैधानिक दायित्व छ। पछिल्लो पटक सरकारले विसं ०८० सालमा १७ हजार ३०० मासिक पारिश्रमिक तोकेको थियो। पछिल्ला दुईबर्षमा मुद्रास्फीति, उपभोग्य वस्तुको मूल्यवृद्धि, आवास तथा स्वास्थ्य सेवाको खर्च बढेसँगै श्रमिकको जीवनस्तर प्रभावित भएको केन्द्रले जनाएको छ। केन्द्रले श्रमसम्बन्धी ऐन नियममा समयसापेक्ष सुधार र संशोधनगरी प्रभावकारी रुपमा कार्यान्वयनलगायत १५ बुँदे माग राखेको छ। अध्यक्ष सिम्खडाले यदि त्रिपक्षीय बैठकमा सकारात्मक निर्णय भएनभने आगामी दिनमा चरणबद्ध संघर्षका कार्यक्रम घोषणा गर्नेछौं। काठमाडौँसँगै सातै प्रदेशमा संयुक्त प्रदर्शन र ज्ञापनपत्र पेशगर्ने कार्यक्रम छ। औद्योगिक करिडोरमा श्रमिक ऱ्याली र सभागर्ने भनिएको छ। श्रम प्रशासनमा सुधार र सुदृढीकरणगर्दै, श्रम ऐनमा व्यवस्था भएअनुसार श्रम निरीक्षण प्रणाली, श्रम अडिट, कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा समिति एवं श्रमसम्बन्ध समिति गठनलगायत कामहरु प्रभावकारीरुपमा लागू गर्नुपर्ने केन्द्रको माग छ। त्यसैगरी नेपालको संविधानले मौलिक हककारुपमा संगठनगर्न पाउने, सामूहिक सौदाबाजी, उचित श्रम अभ्यास र योगदानमा आधारित सामाजिक सुरक्षा अधिकारको व्यवस्था गरेकामा सर्वोच्च अदालतले बैंक तथा **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## विश्व अस्थिरताको मुख्य जड अमेरिका, विश्वभरबाट निन्दा

**कर्तव्य**

विश्व अस्थिरताको मुख्य जड अमेरिका भएको भन्दै विश्वभरबाट निन्दा भैरहेको छ। अन्तराष्ट्रिय समाचार एजेन्सीका पछिल्ला समाचारहरुअनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एक दर्जनभन्दा बढी देशलाई उच्च भन्सार शुल्क लगाउने धम्की दिएर आफ्नो व्यापार युद्धलाई पुनःस्थापित गर्नुभएको छ। यद्यपि त्यसपछि उहाँले सम्झौतामा पुग्नका लागि आफ्नो नयाँ अगष्टको समयसीमा लचिलो हुनसक्ने बताउनुभएको छ। अमेरिकाका प्रमुख सहयोगीहरु जापान र दक्षिण कोरियासहितका व्यापारिक साझेदारहरुलाई गतसाता पत्र पठाउँदै ट्रम्पले अप्रिलमा निलम्बन गरेको भन्सार शुल्क तीन हप्तामा अझ तीव्ररुपमा फिर्ता हुने घोषणा गर्नुभएको थियो। टोकियो र सियोललाई उनीहरुका सामानमा २५ प्रतिशत कर लगाउने उहाँले उल्लेख गर्नुभएको पाइएको छ। इन्डोनेसिया, बंगलादेश, थाइल्यान्ड, दक्षिण अफ्रिका र मलेसियालगायतका देशहरुलाई २५ प्रतिशतदेखि ४० प्रतिशतसम्मका भन्सार शुल्क लगाइएको छ। तर आफ्नो करहरुद्वारा पहिलेनै अस्थिर वैश्विक अर्थतन्त्रमा नयाँ अनिश्चितता निम्त्याउने कदममा ट्रम्पले एक पटक फेरि देशहरुलाई सम्झौतागर्न ठाउँ छाड्नुभएको छ। अगष्ट एकको समयसीमा दृढ छकि छैनभनेर सोध्दा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँगको रात्रिभोजमा ट्रम्पले पत्रकारहरुलाई म दृढ भन्छु, तर सतप्रतिशत दृढ होइन भन्नुभएको थियो। पत्रहरु उहाँको अन्तिम प्रस्ताव होकि होइनभनेर सोधिएको प्रश्नमा ट्रम्पले म अन्तिम भन्छु-तर यदि तिनीहरुले फरक प्रस्तावका साथ फोन गरे र मलाई यो मनपऱ्यो भने, हामी यो गर्नेछौँ भन्नुभएको थियो। अमेरिकी राष्ट्रपतिले अप्रिल दुईमा मुक्ति दिवसभन्दै सबै देशमा आधारभूत १० प्रतिशत भन्सार शुल्कसहित



आयातमा व्यापक भन्सार शुल्क घोषणा गर्नुभएको थियो। तर बजारमा उथलपुथल भएपछि उहाँले तुरुन्तै १० प्रतिशतभन्दा माथिका सबै भन्सार शुल्क ९० दिनका लागि निलम्बन गर्नुभएको थियो। ती पत्र गतसाता बुधबार पुनः लागुहुने तय थियो र ट्रम्पले त्यो समयसीमाअघि नै पत्रहरु पठाउनुभएको थियो। जापानी र दक्षिण कोरियाली नेताहरुलाई ट्रम्पको लगभग समान शब्दको पत्रले वाशिंटनसँगको उहाँहरुको व्यापारिक सम्बन्ध दुर्भाग्यवश, पारस्परिकबाट टाढा भएकाले उहाँले २५ प्रतिशत भन्सार शुल्क लगाउने बताउनुभएको छ। उहाँले भन्सार शुल्कहरुको विरुद्धमा प्रतिशोध भएमा थप वृद्धिको चेतावनी दिनुभयो। तर सोमबार ट्रम्पले गतसाता बुधबारको समयसीमा अगष्ट एकसम्मका लागि औपचारिकरुपमा विस्तारगर्ने आदेशमा हस्ताक्षर पनि गर्नुभएको छ। नयाँ अगष्ट मितिले प्रभावकारी रुपमा थप ढिलाइलाई अंकित गर्दछ र ट्रम्पको पछिल्लो टिप्पणीहरुले समयसीमा वास्तवमा कहिले हुन्छभन्ने अनिश्चिततालाई अझ बढाउने खतरा छ। ट्रम्पको ट्रुथ सोसल प्लेटफर्ममा पोष्ट गरिएका पत्रअनुसार इन्डोनेसियाका उत्पादनहरुमा ३२ प्रतिशत, बंगलादेशमा ३५ प्रतिशत र थाइल्यान्डमा ३६ प्रतिशत भन्सार शुल्क लाग्नेछ। अहिलेसम्म पत्रहरु प्राप्तगर्ने अधिकांश देशमा अप्रिलमा खतरामा परेका भन्सार शुल्कहरुजस्तै वा अपरिवर्तित भन्सार शुल्कहरु थिए। यद्यपि लाओस र कम्बोडियाजस्ता केही देशले उल्लेखनीयरुपमा कम स्तरहरु देखे। ट्रम्प प्रशासन ९० दिनमा ९० सम्झौतागर्ने वाचा गरेपछि परिणाम देखाउने दबाबमा छ। अहिलेसम्म बेलायत र भियतनामसँग दुईवटामात्र दृढ सम्झौता भएका छन्। साथै चीनसँग सुपर-हाई टिट-फर-टयाट भन्सार शुल्क फिर्तागर्ने सम्झौता भएको छ। जापानका प्रधानमन्त्री शिगेरु इशिबाले गतसाताको एक मन्त्रिपरिषद् बैठकमा २५ प्रतिशत भन्सार महसुलको घोषणा 'साँच्चै खेदजनक भएको बताउनुभउको थियो। यसैबीच दक्षिण कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार वाइ सुङ-ल्याकले वाशिंटनमा आफ्ना अमेरिकी समकक्षी मार्को रुबियोसँग भेटगरी मुख्य बिचाराधीन मुद्धाहरुमा पारस्परिकरुपमा फाइदाजनक परिणामहरु प्राप्तगर्न द्विपक्षीय शिखर सम्मेलन चाँडै हुनसक्ने आशा व्यक्त गर्नुभएको थियो। ट्रम्पले जापान र दक्षिण कोरियासँग शुरुगर्न किन रोज्नुभयो भनेर सोधिएको प्रश्नमा ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले यो राष्ट्रपतिको विशेषाधिकार हो, र ती देशहरु उहाँले रोज्नुभएको छ भन्नुभएको थियो। एशिया सोसाइटी पोलिसी इन्ष्टिच्युटका उपाध्यक्ष वेन्डी कटलरले टोकियो र सियोललाई ट्रम्पले लेखेको प्रारम्भिक पत्रलाई उद्धृतगर्दै यो घोषणाले अरुलाई डरलाग्दो सन्देश पठाउने बताउनुभएको थियो। जापान र दक्षिण कोरियाका कम्पनीहरुले हालैका बर्षहरुमा अमेरिकामा महत्त्वपूर्ण निर्माण लगानी' गरेको उल्लेखगर्दै उहाँले दुवै आर्थिक सुरक्षा मामिलामा घनिष्ठ साझेदार रहिआएका छन् भन्नुभयो। अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले सोमबार थप सम्झौताहरु आउने उल्लेखगर्दै हामीले अर्को ४८ घण्टामा धेरै घोषणाहरु गर्नेछौँ भन्नुभयो। ट्रम्पको ताजा धम्कीका कारण प्रमुख अमेरिकी स्टक सूचकांकहरु रेकर्डबाट तल झरेका छन्। नास्डाक ०.९ प्रतिशत र एसएन्डपी ०.८ प्रतिशतले घटेको छ। ट्रम्पले उदीयमान ब्रिक्स राष्ट्रहरुसँग आफूलाई मिलाउने देशहरुमा थप १० प्रतिशत कर लगाउने धम्की दिनुभएको छ। उनीहरुले **बाँकी ७ पेजमा**

# आजका सन्दर्भमा लिपुलेकमा देखिएको नेपाली चासो

सुरेश शर्मा

## बौद्धिक मञ्च

सन् १८१६ मा भएको सुगौली सन्धिअनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालकै भूमि रहेको प्रमाणित हुन्छ। भारतका तत्कालीन ब्रिटिश सर्वेयर जनरलले सन् १८२७ र १८५६ मा प्रकाशित गरेका नक्साहरुमा कालापानी क्षेत्र स्पष्टरुपमा नेपाली भूभागका रुपमा देखाइएको बारे धेरै टिकाटिप्पणी भइसकेका छन्। उत्तर पश्चिम नेपालको भूगोल हेरौं, लिपुलेकदेखि लिम्पियाधुरासम्मको भूभागमा नेपाली दाबी छभने लिपुलेक सीमाविन्दु नेपाल र चीनबीच मात्र पर्छ र त्यसलाई कदापि त्रिदेशीय विन्दु मान्ने आधार हुँदैन। कालापानी क्षेत्र नेपाली भूमि भएकोबारे विभिन्न प्रमाणद्वारा किटान भैसक्दा पनि भारतको मौनता र लिपुलेकसम्मको एकतर्फी दाबी आश्चर्यजनक छ। अझ कहिलेकाहीँ कालापानी क्षेत्रको जमिन साटासाटगर्ने सम्भावना पनि छ

भारत र चीनका विशेष प्रतिनिधिको गत डिसेम्बरमा २३ औं बैठकमा चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका सदस्य तथा विदेश मन्त्री वाङ यी र भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले बेइजिङमा केही महत्वपूर्ण सहमति गरेका थिए। सहमतिका कार्यसूचीहरु विशेषगरी भारत-चीन सीमा सुरक्षाकेन्द्रित थिए। उक्त सहमतिको छैठौं बुँदामा कैलाश मानसरोवर यात्राको पुनः शुरुवात, सीमापार नदीहरुको तथ्यांक आदान-प्रदान र अन्तरसीमा व्यापार लगायतका सीमापार सहयोग र आदान-प्रदानका लागि सकारात्मक दिशामा निर्देशन प्रदान गरिएकोभन्ने उल्लेख थियो। भारत र चीनबीच सहमतिहुँदा नेपाली भूभाग लिपुलेकको प्रशंग यदाकदा आउने गरेको भेटिन्छ यद्यपि सन् २०१५ पश्चातभने उनीहरुले 'लिपुलेक' शब्द किटान गरेको भेटिएको छैन। २०१५ मेमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणकाक्रममा यी दुवै छिमेकी मुलुकले आफ्नो सम्झौतामा 'लिपुलेकमार्फत व्यापारगर्ने सहमति' राखी नेपाली भूमि लिपुलेकको उल्लेख गरेका थिए र त्यसले नेपाललाई झस्काएको थियो। उनीहरुबीच भएको संयुक्त वक्तव्यमा लिपुलेकलाई उल्लेखगर्दा 'यसले नेपालको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई खतरा पुऱ्याएको' भनी नेपालले कूटनीतिक नोटमार्फत तत्काल आपत्ति जनाउनुकासाथै उक्त संयुक्त वक्तव्यबाट लिपुलेक शब्द हटाउनसमेत माग गरेको थियो।

यद्यपि सामान्य प्रतिक्रियामै त्यो विषय सीमित रह्यो। भारतीय रक्षा मन्त्रीले २०२० मेमा भारतको पिथौरागढको घटियाबगरदेखि नेपाली भूमि लिपुलेकसम्म ८० किलोमीटर दूरीको लिंकरोड उद्घाटन गरे, जुन भारतका दृष्टिकोणले रणनीतिक मार्गमध्ये एक थियो र यसमा मानसरोवर तीर्थालु यात्रीलाई सहज हुने कुरा पनि समावेश छ। लिपुलेक नेपाल र तिब्बत (चीन) को सीमानामा रहेको भञ्ज्याङ हो। यो नेपालको भूमि हो तथापि यसको नियन्त्रण भारतले गरिरहेको छ जस्तो बुझिन्छ। नेपाली भूमि भारतको नियन्त्रणमा परेको अवस्थाबारे धेरै बोलिएकासाथै लेखिएका छन् तर भारतीय पक्षले यसमा सकारात्मकता देखेको छैन। कालापानीको पश्चिमतर्फ बग्ने नदीनै मुख्य कालीनदी जुन लिम्पियाधुराबाट उत्पन्न भएको हो भनी धेरै प्रमाण उपलब्ध छन्। उदाहरणका लागि चिङ वंशकालीन 'ओल्ड एटलस अफ चाइना' (सन् १९०३ मा प्रकाशित नक्सा) मा समेत यसको प्रमाण उल्लेख भएको पाइन्छ। उक्त नक्सामा नदीको उत्तरपूर्वी भागलाई 'नेपाल' भनेर चिनाइएको पाइन्छ।

सन् १८१६ मा भएको सुगौली सन्धिअनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालकै भूमि रहेको प्रमाणित हुन्छ। भारतका तत्कालीन ब्रिटिश सर्वेयर जनरलले सन् १८२७ र १८५६ मा प्रकाशित गरेका नक्साहरुमा कालापानी क्षेत्र स्पष्टरुपमा नेपाली भूभागका रुपमा देखाइएको बारे धेरै टिकाटिप्पणी भइसकेका छन्। उत्तर पश्चिम नेपालको भूगोल हेरौं, लिपुलेकदेखि लिम्पियाधुरासम्मको भूभागमा नेपाली दाबी छभने लिपुलेक सीमाविन्दु नेपाल र चीनबीच मात्र पर्छ र त्यसलाई कदापि त्रिदेशीय विन्दु मान्ने आधार हुँदैन। कालापानी क्षेत्र नेपाली भूमि भएकोबारे विभिन्न प्रमाणद्वारा किटान भैसक्दा पनि भारतको मौनता र लिपुलेकसम्मको एकतर्फी दाबी आश्चर्यजनक छ। अझ कहिलेकाहीँ कालापानी क्षेत्रको जमिन साटासाटगर्ने सम्भावना पनि छ किभन्नेजस्ता विषयान्तर पनि हुनेगरेका छन्। सीमा विवाद निराकरण हुन नसक्नु नेपाल-भारत सम्बन्धका लागि राम्रो अवस्था होइन। २०२४ नोभेम्बरमा ब्राजिलको रिओ डे जेनेरिओमा जि-२० सम्मेलनको बखत भारतीय विदेश मन्त्री जयशंकर र चिनियाँ समकक्षी वाङ यीबीच मानसरोवर यात्रा सुचारु गर्नेबारे छलफल भएको थियो। मोदीको सन् २०१५ को प्रस्ताव, ब्राजिलमा जयशंकर-वाङबीचको वार्ता र भर्खर बेइजिङमा सम्पन्न डोभाल र याङबीचको सहमतिभित्र नेपालको लिपुलेकलाई रणनीतिकरुपमा प्रयोगगर्न खोजेको संकेत पाइन्छ। लिपुलेक प्रशंग जोडिएका वार्ता भारतले जारी राख्नुको पछाडि ऊ आफ्नो दाबीलाई मजबुत पार्न प्रयत्नरत छ भन्ने पनि देखिन्छ। भारतको नियन्त्रणमा रहेको नेपाली भूभाग कालापानी-लिपुलेकहुँदै मानसरोवर जाने भारतीय तीर्थालुहरुलाई चीनतर्फ आवतजावत सहज बनाउने मनसायबमोजिम यो व्यवस्था गर्न खोजिएको त हो नै, जुन कोभिड-१९ महामारीपश्चात रोकिएको अवस्था छ तर यसभित्र भारतले आफ्नो व्यापार प्रवर्द्धनगर्न र सीमा क्षेत्रको रणनीतिक फाइदा लिने अन्तर्य रहेको बुझ्न कठीन छैन। भारतीय तीर्थालुहरुलाई मानसरोवर यात्रा पुनः सञ्चालनगर्न भारत र चीन स्वतन्त्ररुपमा सहमतिगर्न सक्छन्। यसलाई नेपालको आपत्ति होइन जबसम्म लिपुलेकको प्रयोग हुँदैन। डोभाल र यांगबीचको यो सम्झौतामा लिपुलेकभन्ने शब्द कतै उल्लेख पनि गरिएको छैन। नेपाल सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रलाई आफ्नो भूभागकारुपमा राख्दै नेपालको नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेकोबारे हाम्रा दुवै छिमेकी चीन र भारत अनभिज्ञ छैनन्। सन् २०१५ मा उनीहरुले चीन-नेपाल सीमा क्षेत्रमा अवस्थित नेपाली सीमाविन्दु 'लिपुलेकलाई व्यापारिक केन्द्रका रुपमा विकास गर्ने' सम्झौता गरेर एक सार्वभौम सम्पन्न स्वतन्त्र मुलुकको राष्ट्रिय स्वाधीनतामाथि कुठाराघात गरेका छन्भने मानसरोवर यात्रा सुचारु गर्न लिपुलेकको प्रयोगगर्न यी सहमतिहरु अघिआएका हुन्कि भन्ने संशय पैदाहुनु स्वाभाविक नै हो। भारत नेपालका यी क्षेत्रहरुका भूमि विवादित भएको स्वीकार्छ। त्यसो होभने एकलौटीरुपमा नेपाली पक्षलाई बेवास्तागरी 'दुवै पक्ष (अर्थात चीन र भारत) ले लिपुलेक भञ्ज्याङमा सीमा व्यापारलाई बढावा दिन वार्तागर्ने सहमति हुनु' हाम्रो राष्ट्रिय सुरक्षाको गम्भीर चासो हो। नेपाल र चीनबीचको द्विदेशीय सीमासम्बन्धी विषयहरुमा कुनै पनि सरसल्लाह, सहमति वा निर्णय गर्नुपर्दा नेपाल सरकार एक अनिवार्य पक्ष हुने अवस्थामा चीनले सन् २०१५ मा भारतसँग लिपुलेकबारे सहमतिगर्न अघिबढ्नु उचित थिएन। र, नेपाल-चीन सम्बन्धमा यसले प्रभाव पार्ने कुरा पनि बुझ्न जरुरी हुन्छ।

सन् २०२० मा लद्दाखको गलवान भिडन्तयता भारत र चीनबीच सीमा क्षेत्रमा रहेको तनावपूर्ण स्थिति रुसको काजानमा २०२४ अक्टोबरमा सम्पन्न ब्रिक्स सम्मेलनमा चीन-भारतका नेतृत्वबीचको भेटघाटपछि सुधारोन्मुख भयो। उनीहरुले उक्त क्षेत्रमा तैनाथ आफ्ना फौजलाई आआफ्ना सीमा (लाइन अफ् एक्चुअल कन्ट्रोल) रेखाबाट केही पछि हटाउन सहमत जनाएपछि भारत चीन सम्बन्धमा नयाँ रेखा कोरिएका हुन्। चीनको यो कदम उसको आर्थिक तथा व्यापारिक केन्द्रीकृत रणनीति हो या हिन्द प्रशान्त क्षेत्रको तनाव (दक्षिण चीन सागर, पूर्वी चीन सागरलगायत ताइवानसमेत) को परिवेशमा दक्षिण एसियामा विशेषगरी भारतसँगको सम्बन्ध सुधारको लक्ष्यअनुरुप आएको हो, हामीले यसको मूल्यांकनगर्नु जरुरी हुन्छ। अमेरिकी विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक जोसुवा एस गोल्डस्टिनका अनुसार हेजेमोनी (वर्चस्व) दमनकारी नै हुनुपर्छभन्ने हुँदैन। हेजेमोनीको अर्थ-प्रभाव, नायकत्व, आधिपत्य पनि हुन्छ।

नेपाल-भारतबीचको कालापानी क्षेत्र बिवादलाई कूटनीतिकरुपमा समाधानगर्न भारतको ढिलासुस्तीले यही उजागर गर्छ। लिपुलेकलाई चीन-भारतबीचको व्यापार विन्दु बनाउने सहमति, लिपुलेकसम्मको बाटो निर्माण र मानसरोवर यात्राका लागि त्यसै सीमा विन्दुको प्रयोगगर्ने मनसाय यसका द्योतक हुन्। नेपालको लिपुलेकमार्फत कैलाश मानसरोवर यात्राको पुनः सञ्चालनगर्न भारत र चीनबीच सहमति भएमा नेपालले यसको विरोध गर्नेछ। यसलाई रोक्न नेपालले आफ्नो कूटनीतिक प्रयासलाई सशक्त बनाउनुपर्छ। यस प्रकारका विवादित भूभागका हकमा नेपाल सरकारको सहमतिविना कुनैपनि एक छिमेकीले अर्को छिमेकीसँग प्रस्ताव **बाँकी ७ पेजमा**

# समसामयिक बिषयमा नेकपा (मसालका) धारणाहरु सार्वजनिक

काठमाडौं। समसामयिक बिषयमा नेकपा (मसालका) धारणाहरु सार्वजनिक भएका छन्। यसैक्रममा सो पार्टीका महामन्त्रि मोहनबिक्रम सिंहले एक प्रतिक्रिया सार्बजनिक गरी कुलिङ पिरियड, संवैधानिक नियुक्ति र अफगास्तिानप्रति रुसको समर्थनबारे आफ्नो पार्टीको धारणा सार्वजनिक गर्नुभएको छ। उहाँले भन्नुभएको छ-संघीय निजामती विधेयकबारे संसदको राज्यव्यवस्था समितिले सर्वसम्मतिले पारित गरेको विधेयकमा कुलिङ पिरियडसम्बन्धी व्यवस्थामा हेराफेरीगरी संसदमा त्यो विधेयक पेशगरिएको र पारितसमेत भएको कुरा एउटा अत्यन्त गम्भीर विषय हो। त्यो प्रश्नको गम्भीरता यो कुरामा निहित छकि देशको सर्वोच्च संस्था संसदलाई नै गुमराहमा पार्ने असफल प्रयत्न गरिएको छ। अहिले त्यो हेराफेरीमा छानबिनगर्ने कुरा भइरहेको छ र त्यसलाई सकारात्मक रुपमा लिनुपर्दछ। त्यस प्रकारको छानबिनकाक्रममा यसबारे पनि छानबिन गर्नुपर्ने आवश्यकता छ। त्यस प्रकारको हेराफेरीमा उच्च राजनीतिक नेतृत्व पनि सामेल ता थिएन ? त्यो प्रश्न खालि कुलिङ पिरियडसितमात्र सम्बन्धित छैन, त्यसले राज्यको सम्पूर्ण प्रणालीको गैरजिम्मेवार र अविश्वसनीय प्रणालीलाई पनि बताउँछ। कुलिङ पिरियडसम्बन्धी व्यवस्थामा गरिएको हेराफेरीले राज्यको उच्च प्रशासनयन्त्र हाकाहाकी रुपले कति तलसम्म उत्रेर कानून निर्माणसम्मको कार्यमा हेराफेरीगर्न तयार हुँदोरहेछ ? त्यो कुरा प्रष्ट हुन्छ। संसदले कानून बनाइसकेपछि वा सरकारले कुनै नीति वा कार्यक्रम निर्धारित गरिसकेपछि त्यसको कार्यक्रमको सम्पूर्ण जिम्मा प्रशासन यन्त्रमानै हुन्छ। निजामती विधेयकबारे गरिएको हेराफेरीबारे पूरा प्रकाशमानै आयो, प्रशासनयन्त्रले सरकारले बनाइरहेका कानूनको व्यवहारमा हेराफेरी वा सरकारका नीति वा कार्यक्रम वा निर्देशनमा स्वेच्छाचारी प्रकारले तोडमोड वा उल्लंघनगर्ने काम पनि व्यापकरुपले गर्नेगरेको कुराको अनुमानगर्न सकिन्छ।

त्यस प्रकारका कारवाहीको छानबिनको प्रभावशाली विधि के हुन सक्दछ ? वास्तवमा निजामती विधेयकबारे सरकार वा प्रशासनको उच्चतहमा गरिएको हेराफेरीबाट त्यस प्रकारको गैरजिम्मेवारी प्रवृत्ति प्रशासनयन्त्रमा व्यापकरुपमा बिद्यमान रहेको कुराको सजिलैसित अनुमानगर्न सकिन्छ। बताइरहनुपर्ने आवश्यकता छैनकि सरकार वा प्रशासनयन्त्रमा बिद्यमान त्यस प्रकारको गैरजिम्मेवार कार्यप्रणालीका कारणलेनै देशमा व्यापकरुपले भ्रष्टाचार र कुशासन बढेर जानुकासाथै देशको विकासमा पनि प्रतिकूल असर पर्नेगरेको छ। अब त्यो विधेयकमाथि राष्ट्रियसभामा छलफलगर्ने र सुधार्ने कुरा भइरहेको छ तर सञ्चारमाध्ययमले बाहिर ल्याएको समाचारअनुसार त्यो विधेयकका प्रति अहिलेसम्म राष्ट्रियसभाका सदस्यलाई उपलब्ध नै गराइएको छैन।

त्यसबाट यो प्रश्न उठ्दछ, जसको षड्यन्त्रअनुसार संसदमा त्यो विधेयकमा हेराफेर गरेर प्रस्तुतगर्ने र पारितसमेत गर्ने गरियो ? त्यो षड्यन्त्रलाई निरन्तरता दिन कहिँ कतै राष्ट्रियसभामा पनि प्रयत्न त हुँदैछैन ? त्यसबारे प्रश्न उठाउने ठाउँ छ तर यो कुराको आशा गर्न सकिन्छ कि राष्ट्रियसभाले त्यो षड्यन्त्रलाई सजिलैसित सफल हुनदिने छैनन् र त्यो विधेयक पुनः संसदमा आएपछि संसदले पनि त्यो विधेयकमा गरिएको हेराफेरीलाई सुधार्नेछ। जहाँसम्म त्यसबारे छानबिनको प्रश्न छ, त्यो छानबिन निष्पक्षतापूर्वक गरेर जिम्मेवार दोषीमाथि कडा कारवाही गर्नुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ। संवैधानिक इजलासको बहुमतले चार बर्षपहिले ५२ संवैधानिक पदको नियुक्तिका विरुद्ध परेका उजुरीहरुलाई खारेजगर्दै त्यस प्रकारको नियुक्तिलाई सदर गरेको छ। त्यस प्रकारको फैसलाबाट सर्वोच्च अदालतको स्वतन्त्रता र सक्षमतमानै आँच पुग्न ता गएको छैन ? त्यो गम्भीर प्रश्न उठेको छ। प्रथमतः त्यो फैसलालाई साढे चारबर्षसम्म लम्ब्याउनुनै गलत थियो। बिभिन्न संवैधानिक पदमा नियुक्ति भइसकेपछि त्यो नियुक्ति संवैधानिक थियो वा थिएन ? त्यो तुरुन्तै निर्णय गर्नुपर्ने विषय थियो किनभने त्यो निर्णय तात्कालिक कार्यसित सम्बन्धित हुन्थ्यो। उनीहरुको नियुक्ति असंवैधानिक ठहरिएमा उनीहरुले गरेका सबै काम वा निर्णय पनि असंवैधानिक हुन सक्दथे। त्यसैले त्यस प्रकारका फैसलालाई लामो समयसम्म अल्झाएर राख्नु अवश्य पनि सही हुँदैनथ्यो। उक्त संवैधानिक नियुक्तिलाई सही ठहऱ्याउनु कुनै पनि अवस्थामा सही वा न्यायसंगत भन्न सकिँदैन। त्यो बेला अकस्मात अध्यादेश निकालेर र न्यायपरिषद्को कोरमलाई तीन संख्यामा झार्नुनै सही थिएन। त्यसो गर्नुको पछाडि त्यो बेलाको ओली सरकारको स्वेच्छाचारिताले काम गरेको कुरा बुझ्न गाह्रो पर्दैन। वास्तवमा त्योबेला ओली **बाँकी ७ पेजमा**

## साहित्य र सिर्जना

# सातै प्रदेशका गीत सार्वजनिक भएपछि

काठमाडौं। नेपाल संगीत तथा नाट्य-प्रतिष्ठानले गतसाता राष्ट्रियता झल्किने सात प्रदेशका उत्कृष्ट सात गीत र दुईवटा म्युजिक भिडियो सार्वजनिक गरेपछि त्यसले बिशेष चर्चा पाएको छ। राष्ट्रिय गीत लेखन प्रतियोगिता-२०८१ मा छनोट भएका सात प्रदेशका गीतमा कोशी प्रदेशबाट तेजकुमार राईको शब्दमा महेश खड्काको संगीत, सन्दीप पनेरु र प्रिया पोखरेल पनेरुको स्वर छ। मधेस प्रदेशबाट लिलाराज दाहालको शब्द रचनामा बसन्त सापकोटाको संगीत, प्रल्हाद तिमल्सिना र मनिसा सुनारले स्वर भर्नुभएको छ। त्यसैगरी बागमती प्रदेशबाट सिर्जना अर्यालको शब्दमा शान्तिराम राईको संगीत तथा रोशन राईको गायन रहेको छ। लुम्बिनी प्रदेशबाट बसन्तकुमार आचार्यको गीतमा आशीष अविरलको संगीत र स्वर छ। कर्णाली प्रदेशबाट क्षितिज समर्पणको गीतमा महेश खड्काको संगीत, मिलन खपाङ्गी र मिना चौधरीले स्वर भर्नुभएको छ। सुदूरपश्चिमबाट धिरन नाथको गीतमा शान्तिराम राईको संगीतमा रोशन राईको स्वर रहेको छभने गण्डकी प्रदेशबाट बाबुराम श्रेष्ठको गीतमा श्रीकृष्ण बम मल्लको संगीत, लक्ष्मी मल्ल, सारिका घिमिरे, उषा गजुरेल र योगेश काजी शाहले स्वर दिनुभएको छ। कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका चार कर्मचारीलाई पनि सम्मान गरिएको थियो। सम्मानित हुनेमा प्रदीप गुरागाईं, प्रवीन सापकोटा, ध्रुव वाग्ले र जगदीश सापकोट हुनुहुन्छ। देशभरबाट छानिएका र मौलिक संस्कृति झल्कने ती गीतसँगै संगीत सार्वजनिकहुँदा गायक, संगीतकार, गीतकार, कलाकार, मोडल तथा पत्रकारको उपस्थिति थियो। सांगीतिक माहोलकाबीच दुईवटा म्युजिक भिडियो र सात वटा अडियो रेकर्ड भएका राष्ट्रिय भावनाले ओतप्रोत गीत सार्वजनिक गरिएको हो। नक्सालस्थित प्रज्ञा-प्रतिष्ठानको कार्यालय भवनमा आयोजित कार्यक्रममा 'तीते तीते...' र 'लहविरे भाका'को गीतको म्युजिक भिडियो सार्वजनिक गरियो। गणतन्त्र दिवस २०८१ का अवसरमा आयोजना गरिएको राष्ट्रिय गीत लेखन प्रतियोगितामा विजयी सातै प्रदेशका राष्ट्रिय भावनाले ओतप्रोत गीतको अडियो रेकर्ड पनि सार्वजनिक गरिएको हो। समारोहमा नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कूलपति निशा शर्मा पोखरेलले राष्ट्रिय भावना र जनचेतना अभिवृद्धिका लागि म्युजिक भिडियो र गीत रेकर्ड गरिएको बताउनुभएको थियो। उहाँले शुरुमा तीनवटा मात्रै गीत छनोटगर्ने कुरा भएपनि असाध्यै राम्रा प्राप्त भएकाले बजेट अभावका बीच पनि सातवटा छनोट गरिएको बताउनुभयो। नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका उपकूलपति शम्भू राईले बिदेशी संस्कृतिको हस्तक्षेप बढिरहेको सन्दर्भमा मौलिक नेपाली संस्कृतिको जगेर्ना र अभिवृद्धिका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिनुभएको थियो। उहाँले सार्वजनिक गरिएका म्युजिक भिडियो र अडियो प्रज्ञा-प्रतिष्ठानको 'अफिसियल युटचुब च्यानल'मा अपलोड गरिएकाले हेरेर प्रतिक्रिया दिन अनुरोध गर्नुभयो। प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव कुश्मा महराले अडियो रेकर्ड गरिएका सातवटै गीतको 'भिजुअल' बनाउने प्रतिबद्धता जनाउनुभयो। प्रतिष्ठानले सार्वजनिक गरिएका भिडियोका निर्देशक र गीतका गीतकार, संगीतकार र गायक गायिकालाई सम्मान गरेको छ। सार्वजनिक भएका भिडियोमध्ये शिक्षासम्बन्धी चेतना फैलाउने 'तीते तीते...' गीतको म्युजिक भिडियो अभि लामाले निर्देशन गर्नुभएको हो। यसको रचना प्रकाश सापकोटा, संगीत महेश खड्का र गायन शान्तिश्री परियारको रहेको छभने कलाकारमा बिना रावत र अलि तामाङ छन्। त्यसैगरी पूर्वी पहाड ओखलढुंगाका वायुङ, थुलुङ र वाम्बुले समुदायले गाउँदै आएको लोपोन्मुख लहबिरे भाकाको गीतमा संगीतकार लाहाङ सुब्बाको संगीत संयोजन र गायक कुमार प्रयास, परेश राई र तेजकुमार राई तथा गायिका इन्द्रकला राई, मनमाबी राई र रश्मी राईको स्वर रहेको छदस। यस गीतको म्युजिक भिडियो पनि निर्देशक अभि लामाले निर्देशन गर्नुभएको हो।

# ललितकलानको १८औं प्राज्ञसभा

काठमाडौं। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको १८ औं प्राज्ञसभा सम्पन्न भएको छ। सभाको गतसाता संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव हरिप्रसाद मैनाली, प्रतिष्ठानका कूलपति नारदमणि हार्तम्छाली र प्रतिष्ठानका पूर्वकूलपति किरण मानन्धरले संयुक्त रुपमा उद्घाटन गर्नुभएको थियो। समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मैनालीले प्रतिष्ठानले सीमित श्रोत र साधनका बीच गरेका कामहरु प्रशंसनीय रहेको बताउनुभउको थियो। उहाँले यस्ता कार्यहरुमा सधैं मन्त्रालयको साथ रहने प्रतिबद्धता पनि जनाउनुभयो। उहाँले नीतिगत कुरामा देखिएका समस्यालाई सबैको सल्लाहबमोजिम संशोधनगर्न मन्त्रालयले काम गरिरहेको धारणा राख्नुभयो। समारोहमा प्रतिष्ठानका कूलपति नारदमणि हार्तम्छालीले प्राज्ञसभाले ललितकला क्षेत्रमा नयाँ आधार तयगर्ने विश्वास व्यक्त गर्नुभएको थियो। प्रतिष्ठानले आगामी दिनमा खोज, अनुसन्धान तथा प्रकाशनको कामलाई थप जोडदिने बताउँदै उहाँले कलालाई पर्यटन प्रवर्धनसँग जोडेर कामगर्न आवश्यक रहेको धारणा राख्नुभएको थियो। प्रतिष्ठानका पूर्वकूलपति किरण मानन्धरले प्रतिष्ठानले अहिले गरिरहेको कार्य सराहनीय रहेको बताउँदै प्राज्ञसभाको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो। प्रतिष्ठानका उपकूलपति लालकाजी लामाले नेपालको ललितकला क्षेत्रलाई कस्तो बनाउने भन्ने कुरा ललितकलाकर्मीको मात्र हुटहुटीले नहुने बताउँदै सबैको सहयोग र सहकार्यमामात्र त्यो सम्भव हुने बताउनुभएको थियो। उहाँले हामी ललितकला क्षेत्रको समृद्धि तथा उन्नयनका लागि योजना बनाउने पूर्वसन्ध्यामा छौं। प्राज्ञिक व्यक्तिहरुबाट प्रज्ञा-प्रतिष्ठानलाई साँच्चैको प्राज्ञिक ढंगले चलाउनका लागि यो सभाको आयोजना गरिराखेका छौं भन्नुभउको थियो। प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्लेले श्रष्टाको भूमिका समाजलाई सकारात्मक दिशातर्फ लाने, सकारात्मक ऊर्जा प्रदानगर्ने हुनुपर्ने बताउनुभएको थियो। त्यसक्रममा उहाँले हामी त्यही अभियानमा छौं। हामीले ललितकलाका माध्यमबाट त्यो भूमिका निर्वाहगर्दै अगाडि बढिरहेका छौं। कला क्षेत्रलाई गति दिन यो सभाले पक्कै पनि केही भूमिका निर्वाहगर्ने छ। हामीले नेपालका सबै ललितकलाकर्मी, संस्कृतिकर्मीको साथ र सहयोगमा गतिविधिहरु गरिरहेका छौं भन्नुभएको थियो। नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव डा धनप्रसाद सुवेदी र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य कुश्मा महराले प्रज्ञासभाको सफलताको शुभकामना दिँदै नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानबाट धेरै सिक्नसकिने बताउनुभएको थियो। सांस्कृतिक संस्थानका महाप्रबन्धक/सदस्य सचिव किरणबाबु पुनले सांस्कृतिक संस्थानकातर्फबाट सहकार्य, समन्वय र ऐक्यबद्धताका कुराहरुमा वर्तमान नेतृत्वले प्रतिष्ठानसँग सहकार्यका हातहरु अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभउको थियो। कार्यक्रममा प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्यहरु, प्राज्ञसभा सदस्यहरु, कलाकार, पत्रकारलगायतको उपस्थिति रहेको थियो।

# नेपालमा रोजगारी सिर्जनाको प्रशंग र आजको चुनौती

रमेश कुमार बोहोरा

## आर्थिक मञ्च

नेपालमा राजगारी सिर्जनाको प्रशंग हालको अवस्थामा बेजोडले उठ्ने गरेको छ। नेपालको आर्थिक समृद्धि, रोजगारीको सिर्जना र आयात प्रतिस्थापनको मेरुदण्ड मानिने लघु साना तथा मझौला उद्यम आज नीति-निर्देशनको प्राथमिकता भित्र पर्दा पर्दै पनि कर्जाको अभावमा संघर्षरत छन्। राष्ट्र बैंकले यो क्षेत्रमा लगानी वृद्धिगर्न बारम्बार बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशदिँदै आएपनि व्यवहारमा लक्ष्यअनुसारको कार्यान्वयन हुनसकेको छैन। परिणामतः उत्पादन क्षमताको विस्तार रोकिएको छ स्वरोजगारको अवसर घटेको छ र आर्थिक प्रणाली झन् आयातमुखी हुँदैगएको छ। गत चैत मसान्तसम्ममा वाणिज्य बैंकहरुले कूल कर्जाको मात्र १०.९२ प्रतिशत मात्र लघु साना तथा मझौला क्षेत्रमा लगानी गरेको देखिएको छ। जबकि राष्ट्रबैंकले ०८२ असार मसान्तसम्म यो अनुपात १२ प्रतिशत र ०८४ सम्म १५ प्रतिशत पुऱ्याउन निर्देशन दिएको पाइन्छ। हालको कर्जाप्रवाह दर हेर्दा आगामी लक्ष्यप्राप्ति असम्भवजस्तै देखिन्छ।

बैंकहरुले लक्ष्यअनुसार कर्जा प्रवाह नगरे राष्ट्रबैंकले जरिवाना लिने व्यवस्था गरिसकेको छ। तर धेरै बैंकहरु जोखिमबाट जोगिन हर्जाना तिर्न तयार देखिएका छन्। कर्जा प्रवाहका लागि क्षेत्रगत लक्ष्यअनुसार कृषि क्षेत्रमा ११ प्रतिशत, उर्जा क्षेत्रमा ६.५ प्रतिशत र साना तथा मझौला क्षेत्रमा ११देखि १५ प्रतिशत लगानी अनिवार्य गरिएको छ। हालसम्म यो लक्ष्यप्रति बैंकहरुको प्रदर्शन निराशाजनक छ। उदाहारणका लागि, कृषि विकास बैंकलेमात्र २३.५२ प्रतिशत कर्जा साना तथा मझौला उद्यम क्षेत्रमा लगानी गरे पनि अधिकांश निजी बैंकहरु १० प्रतिशतभन्दा कममा सीमित छन्। एनआईसी एशिया बैंक १७.०१ प्रतिशतसहित अग्रणी छभने नेपाल बैंक १२.८१ राष्ट्रिय वाणिज्य बैंक १६.२८ माछापुच्छ्रे बैंक ११.६९, सिद्धार्थ बैंक १०.६७ ग्लोबल आइएमई ११.०६ प्रतिशतमा छन्। यता, स्ट्यान्डर्ड चार्टर्ड ४.२५ हिमालयन बैंक ४.७९ एनएमबि बैंक ६.७० सानिमा बैंक ८.२६ जस्ता बैंकहरुभने निकै पछिपरेका छन्। समस्या यत्तिमात्र होइन यस क्षेत्रमा प्रवाह भएको कर्जाको खराब कर्जा दर पनि चिन्ताजनक छ। राष्ट्रबैंकको पछिल्लो तथ्यांकअनुसार साना तथा मझौला क्षेत्रमा प्रवाह भएको कर्जाको औसत दर नौ प्रतिशत पुगेको छ जुन सम्पूर्ण बैंकिङ क्षेत्रको औसत ५.२४ प्रतिशतभन्दा दोब्बर हो।

यसले बैंकहरुलाई थप हतोत्साहित बनाएको छ। बैंकका अधिकारीहरु स्वयंले स्वीकार गर्छन्कि उत्पादनमुखी क्षेत्रमा लगानी गर्दा जोखिम बढ्ने देखिन्छ र फिर्ताहुने ग्यारेन्टी नभएकाले उनीहरु चालु पूँजी कर्जातर्फ आकर्षित छन्। नेपाल इन्भेष्टमेण्ट मेगा बैंकका नायब महाप्रबन्धक राजेश शर्माकाअनुसार अहिले साना तथा मझौला क्षेत्रका धेरै कर्जा निष्क्रिय भएको छ जसका कारण ऋण असुलीमा पनि समस्या आएको छ। यसैकारण बैंकहरुले नीतिगत रुपमा बाध्य हुँदाहुँदै पनि जोखिम मोल्न नसकेको अवस्था छ। अर्कोतर्फ एनआईसी एशिया बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत अर्जुनराज खनियाँकाअनुसार विगतदेखि नै सरल रणनीति लिएकोले कर्जा प्रवाह सहज भएको हो। नयाँ उद्यम नआएको पूराना उद्यमहरु डिफल्टमा गएको र बजारमा माग नरहेको कारणले समस्या बढेको छ। राष्ट्रबैंकको निर्देशनले भने विकास बैंकहरुलाई कूल कर्जाको २० प्रतिशत र फाइनान्स कम्पनीहरुलाई १५ प्रतिशत कर्जा कृषि, उर्जा र त्यस क्षेत्रमा लगानीगर्न बाध्य बनाएको छ। तर व्यवहारमा ती संस्थाहरु पनि लक्ष्यभन्दा निकै पछाडि छन्।

कतिपयले औपचारिकरुपमा न्यूनतम लक्ष्य देखाए पनि वास्तविक लगानी उद्देश्यअनुरुप छैन। नयाँ उद्यम शुरुगर्ने वातावरण नरहेको पूँजी जुटाउने श्रोतको अभाव, सरकारी प्रक्रिया जटिल र अनुत्तरदायी भएको बैंकको धितो मूल्यांकन कठोर भएको र कर्जाको प्रक्रिया ढिलो भएकोजस्ता कारणले साना व्यवसायीहरु कर्जाको पहुँचबाट वञ्चित छन्। साथै साना उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार ( प्रशिक्षण, सल्लाह, बजार पहुँच) को अभाव, कर्जाको माग घट्दै जानु, व्यवसायीहरुको मनोबल गिरनु र सरकारी सहजीकरण नहुनु पनि गहिरो समस्या हो। बैंकहरु आफैं पनि सूचनाको अभाव कारोबार नदेखिने साना व्यवसायीप्रति शंका र जोखिम मूल्यांकनमा कडाइका कारण झनै टाढा भएका छन्। अर्थशास्त्रीहरु भन्छन् यदि नेपालले साना उद्योग प्रवर्द्धनगर्न सकेनभने आयात प्रतिस्थापनको सपना अधुरै रहन्छ। रोजगारी सिर्जनामा गिरावट आउँछ र सन्तुलित क्षेत्रीय विकास सम्भव हुँदैन। यस्ता व्यवसायले अल्पपूँजीमा थोरै श्रोत प्रयोगगरी रोजगार दिन्छन् स्थानीय बजार समेट्छन् र कर प्रणालीमा समावेशहुँदै सरकारलाई राजस्व पनि दिन सक्छन्। तर अहिले बैंकहरुको मौनता र सरकारको उदासीनता यस क्षेत्रको मृत्युदण्डको संकेत बन्नथालेको छ। नीति निर्माणमा स्पष्टता ल्याउनुका साथै कार्यान्वयनमा सहजीकरणगर्न जरुरी छ। डिजिटल प्रणालीमार्फत कर्जा आवेदन, ग्यारेन्टी कोष विस्तार, क्षेत्रगत प्राथमिकता, सहकारी बैंक साझेदारी, अनुदान तथा कर छुट कार्यक्रम र प्रशिक्षण योजना लागूगर्न सकिएमात्र यस क्षेत्रमा नयाँ प्राणभर्न सकिन्छ। हालसालैको राष्ट्र बैंकको चेतावनीअनुसार यदि बैंकहरुले तोकिएको कर्जा लक्ष्य नपुऱ्याए सो अनुपातमा कर्जामा लिने अधिकतम ब्याजदर अनुरुप हर्जाना लगाइनेछ। तीनमासिक हिसाबले हर्जाना गणनागरी आवश्यक रकम राष्ट्रबैंकलाई बुझाउनुपर्ने छ। बैंकहरुले जोखिम मोलेर साना व्यवसायमा लगानीगर्नुको सट्टा जरिवाना भुक्तानीलाई बिवकल्पका रुपमा लिएको संकेत देखिन थालेको छ। साना तथा मझौला उद्यमलाई निरादरगर्नु भनेको नेपालजस्तो विकासशील मुलुकको आर्थिक मेरुदण्डमै प्रहारगर्नु हो। यिनै उद्यमहरुले रोजगारी सिर्जना, उत्पादन विस्तार, कर वृद्धि र आत्मनिर्भर अर्थतन्त्रको जग बिस्तारगर्दै आएका छन्। तर पछिल्ला केही बर्षयता सरकारी नीति, बैंकिङ पहुँच र लगानी प्राथमिकतिमा यो क्षेत्रलाई निरन्तर निरादर गरिएको देखिएको छ।

**(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )**

# समाचार विविध

## मौद्रिक नीतिबारे नेउवा महासंघका सुझावहरु

काठमाडौं। नेपालका उद्योगपति र ब्यापारीहरुको साझा संस्था नेपाल उद्योग वाणिज्य महासंघले सुधारोन्मुख अर्थतन्त्रलाई गति दिने र निजी क्षेत्रको मनोबल बढाउनेगरी आगामी आर्थिक बर्षको मौद्रिक नीति ल्याउन सरकार समक्ष आग्रह गरेको छ। अर्थतन्त्रमा देखिएको शिथिलता, वित्तीय क्षेत्रको जोखिम र अनौपचारिक क्षेत्रको ठूलो हिस्सा तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमलाई सम्बोधन गर्नेगरी नीतिगत सुधार हुनुपर्नेमा महासंघले जोड पनि दिएको छ। आव ०८२/८३ को मौद्रिक नीतिका लागि महासंघका कार्यवाहक अध्यक्ष अञ्जन श्रेष्ठको नेतृत्वको टोलीले नेपाल राष्ट्रबैंकका गभर्नर डा.विश्वनाथ पौडेललाई भेटेर आगामी मौद्रिक नीतिका लागि सुझाव दिएको हो। सुशासन र पूर्वाधारको कमीले नीतिगत सुधारको प्रतिफल प्राप्त हुननसकेकोभन्दै महासंघले पूर्वाधार निर्माणलाई लक्षितगरी नीतिगत योजना ल्याउन सुझाव दिएको छ। महासंघले कर्जा पुनर्तालिकीकरण र पुनर्संरचनासम्बन्धी ठोस कार्यक्रम समावेश गर्नुपर्ने र यो सुविधा साना, मझौला र ठूला सबै उद्योग, व्यवसायका लागि उपलब्ध गराउनुपर्ने सुझाव दिएको छ। उसले व्यवसायको प्रकृति अनुसार चालु पूँजी कर्जाको निर्णयगर्ने अधिकार सम्बन्धित बैंक र ऋणीलाई दिनुपर्ने सुझाव दिएको छ। सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने सन्दर्भमा लघु, घरेलु, साना र महिलाद्वारा सञ्चालित निर्यातजन्य उद्योगको प्रतिस्पर्धी क्षमता कायमै राख्न सहुलियत कर्जा उपलब्ध गराउने नीतिगत व्यवस्थागर्न सुझाइएको छ। त्यस्तै महिला उद्यमशीलता कर्जालाई उत्पादनसँग जोडेर ब्याज अनुदानको व्यवस्थालाई व्यवस्थित गर्नुपर्ने र पाँच करोड रुपियाँसम्मको कर्जामा अधिकतम २५ प्रिमियम दरमा कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने कार्यवाहक अध्यक्ष श्रेष्ठले धारणा राख्नुभएको थियो। त्यसैगरी जेनजी पुस्तालाई व्यवसायमा आकर्षितगर्न नागरिक एपमार्फत व्यवसाय दर्ता र एक करोड रुपियाँसम्मको परियोजना कर्जा उपलब्ध गराउन आवश्यक रहेको महासंघको ठहर छ। औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउने व्यक्तिको नेपालस्थित आश्रित परिवारलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्ने पनि महासंघको धारणा छ। हालको लक्षित कर्जा नीतिलाई परिमार्जनगरी उत्पादनमूलक उद्योग, पर्यटन र पूर्वाधारलाई प्राथमिकतामा राखेर निर्देशित नीति बनाउनुपर्ने आवश्यकता महासंघले औंल्याएको छ। महासंघले सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना र सञ्चालन गर्नुपर्ने सुझाव पनि दिएको छ। हाल रेमिट्यान्स कम्पनीमार्फत आन्तरिक व्रिपेषण पठाउन नपाउने व्यवस्था कम्तीमा एक लाख रुपियाँसम्म आन्तरिक रुपमा पाउने र पठाउने व्यवस्था गर्नुपर्ने महासंघले सुझाव दिएको छ।

## नयाँ मौद्रिक नीतिबारे छलफल जारी

काठमाडौं। नेपालको आर्थिक क्षेत्रमा आगामी आब ०८२/८३ को मौद्रिक नीतिबारे छलफल जारी छ। यसैक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी र नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलबीच गतसाता एक महत्वपूर्ण छलफल भएको थियो। आयोगको कार्यालयमा भएको उक्त छलफलकाक्रममा बजेटसँग समन्वय हुनेगरी आगामी आर्थिक बर्षको मौद्रिक नीति ल्याउने तयारीबारे कुराकारी भएको बताइएको छ। त्यसैगरी राष्ट्रिय विकास समस्या समाधान समितिको ५४ औं बैठकमा लैजानुपर्ने एजेन्डाका विषयमा पनि छलफल भएको थाहाभएको छ। सचिवालयले जारीगरेको प्रेस नोटमा उल्लेख भएअनुसार छलफलका क्रममा उपाध्यक्ष अधिकारीले बिद्यमान आर्थिक मोडल र कार्यशैलीका सन्दर्भमा पुनर्विचार गर्नुपर्ने बेला आएको बताउनुभएको थियो। त्यसैगरी दशकौंसम्म निर्माण सम्पन्न हुननसकेका राष्ट्रिय गौरवका आयोजनालाई कसरी चाँडो सम्पन्नगर्न सकिन्छ भन्नेबारे पनि छलफल भएको थियो। लक्षित आर्थिक वृद्धि हाशिलगर्न प्रत्यक्ष आन्तरिक लगानी बढाउनुपर्नेमा पनि उपाध्यक्ष अधिकारीको जोड थियो। छलफलकाक्रममा गभर्नर पौडेलले हाल अनुत्पादक क्षेत्रमा ठूलो आकारमा कर्जा लगानी भएको उल्लेखगर्दै उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा लगानी गर्न आवश्यक रहेको धारणा राख्नुभएको थियो। त्यसैगरी नेपाल सम्पत्ति शुद्धीकरण मामलामा वित्तीय कारवाही कार्यदल (एफएटिएफ) को खैरो सूचीमा परेकामा चिन्ता व्यक्तगर्दै उहाँले उक्त सूचीबाट चाँडो बाहिर निस्कन राष्ट्र बैंकले आफ्नो क्षेत्रबाट गर्नुपर्ने सबै प्रयास गरिरहेको बताउनुभएको थियो। छलफलकाक्रममा हाल लघुवित्त र सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गरिनुपर्ने, कृषि क्षेत्रमा सहजरुपमा सहुलियत कर्जा प्रवाह हुनुपर्नेलगायत विषय उठेका थिए। त्यसैगरी बैंक तथा वित्तीय क्षेत्रका शाखाहरु शहरी क्षेत्रमा निकै बढी भएपनि ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अझै कमजोर रहेको, बैंक तथा वित्तीय संस्थाहरुमा खराब कर्जा बढेको, ब्याजदर घट्दा पनि अपेक्षाअनुसार कर्जा लगानी हुन नसकेकाजस्ता समस्या समाधान गर्नेगरी आगामी आवको मौद्रिक नीति ल्याइनुपर्ने आवश्यकतामा समेत जोड दिइएको थियो।

## हिमाली क्षेत्रमा मूल्यवृद्धि भएको खुलाशा

काठमाडौं। नेपालको हिमाली क्षेत्रमा मूल्यवृद्धि भएको खुलाशा भएको छ। नेपाल राष्ट्रबैंकले गतसाता सार्वजनिक गरेको चालु आब ०८१/८२ को जेठ महिनासम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनले उपरोक्त खुलाशा गरेको हो। जसअनुसार काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.७३, तराईको २.५८, पहाडको २.४८ र हिमालको ४.१८ प्रतिशत रहेको छ। प्रतिवेदनअनुसार गत जेठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.७२ प्रतिशत रहेको छ। अघिल्लो बर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.१७ प्रतिशत रहेको थियो। यो अवधिमा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति ०.५४ र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९४ प्रतिशत रहेको छ। खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १०.०६, गैह्रमदिराजन्य पेयपदार्थको ५.१३, फलफूलको ३.५१ र दाल तथा गेडागुडीको २.८५ प्रतिशतले बढेको छ। तरकारी उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ७.०४, मरमसलाको ३.०६ र माछा तथा मासुको २.९१ प्रतिशतले घटेको छ। गैह्रखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ९.४३, कपडाजन्य तथा जुत्ताचप्पलको ६.८२, शिक्षाको ५.८८, फर्निसिङ तथा घरायसी उपकरणको ५.०६ प्रतिशत र सुर्तीजन्य पदार्थको ४.६८ प्रतिशतले बढेको छ। त्यस्तै, ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक २.९० र शहरी क्षेत्रको वार्षिक विन्दुगत **बाँकी ७ पेजमा**

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरणबारे छलफल



तस्वीर रासस

काठमाडौं। नेपालमा प्राकृतिक बिपत्तिका घटना बढ्दै गएपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठकले रसुवाको गोसाइँकुण्ड-२, रसुवागढीमा गत २४ गते आएको आकस्मिक बाढीबाट भएको मानवीय र भौतिक क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै बेपत्ता स्वदेशी र बिदेशी व्यक्तिको सकुशल खोज-उद्धार कार्यलाई निरन्तरतासहित थप प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएको छ। प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी ओलीको अध्यक्षतामा प्रधानमन्त्री निवास, बालुवाटारमा भएको बैठकमा बाढीको सम्भावित कारण र क्षतिको विवरणको जानकारीलिँदै दुर्घटनामा जीवन गुमाएकाहरुमा हार्दिक श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गरेको थियो। बैठकले जोखिमपूर्ण स्थितिमा खोज र उद्धारमा संलग्न सुरक्षाकर्मी र स्थानीय जनताप्रति धन्यवाद दिएको छ। बैठकले नेपाल-चीन जोड्ने नाका रसुवागढीस्थित भोटेकोशी नदीको मितेरी पुल बगाइ आवागमन बन्द भएकाले पुल र चीनतर्फको बाटो पुनः निर्माणगरी केरुङ नाका सञ्चालनगर्न परराष्ट्र मन्त्रालयमार्फत् मित्रराष्ट्र चीनसँग समन्वयगर्ने निर्णय गरेको थाहाभएको छ। सडक पूर्वाधार सञ्चालनको व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिइएको छभने चीनसँगका वैकल्पिक नाकाहरुको सुसञ्चालनका लागि पनि आवश्यक तयारीगर्ने निर्णय भएको छ। त्यस्तै क्षतिग्रस्त भन्सार, अध्यागमन, जलबिद्युत आयोजनाका पूर्वाधारको शीघ्र मर्मत गरी सञ्चालनको व्यवस्था मिलाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिइएको छ। व्यवसायीका कन्टेनर, सवारीसाधन र अन्य सामग्रीहरुको क्षतिको बिमालगायतका अन्य प्रक्रियामा सहजीकरणको व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई निर्देशन दिइएको छ। परिषद्को बैठकले घटनामा मृतक र बेपत्ता परिवारलाई प्रचलित कानून अनुसार तत्काल राहत उपलब्ध गराउने व्यवस्था गृह मन्त्रालयले मिलाउने र घाइतेहरुको निःशुल्क उपचारको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलेगर्ने निर्णय गरेको छ। परिषद्ले घटनाको कारण पहिचानका लागि आवश्यक अध्ययन, पूर्वतयारी तथा मित्रराष्ट्र चीनको सरोकारवाला निकायसँग समन्वयको व्यवस्था मिलाउन सरोकारवाला सबै निकायलाई निर्देशन दिने निर्णयगरेको छ। यसैगरी यसबर्ष सरदरभन्दा बढी वर्षा हुने पूर्वानुमान आएकाले पूर्व तयारी तथा प्रतिकार्यका लागि सजग एवं तयार रहन बैठकले सम्बन्धित निकायलाई निर्देश गरेको छ। क्षतिग्रस्त क्षेत्रको स्थलगत अवलोकनबाट फर्किएलगत्तै राखिएको परिषद्को बैठकमा प्रधानमन्त्री ओलीले पूर्वानुमान र कल्पनाभन्दा बाहिरको अप्रत्याशित विपद् उत्पन्न भई क्षति भएको देखिएको बताउनुभयो। उहाँले मानवीय क्षतिप्रति दुःख व्यक्तगर्दै बेपत्ताहरुको तत्काल गर्नुपर्ने उद्धारका काममा सुरक्षा निकायबाट भइरहेको कामलाई निरन्तरता दिन आग्रह गर्नुभयो। उहाँले बगाइएको मितेरी पुलमा तत्काल बेलिब्रिज बनाएर भएपनि नाकाको बाटो सुचारुगर्न नेपालका लागि चिनियाँ राजदूतलाई आफूले आग्रह गरेको जानकारी गराउँदै मुस्ताङको कोरला नाकालगायत वैकल्पिक मार्गलाई व्यवस्थित सञ्चालनको तयारी गर्नुपर्नेमा जोड दिनुभएको छ।

## अनिवार्य र निःशुःल्क शिक्षा हुनुपर्ने माग

काठमाडौं। अनिवार्य र निःशुःल्क शिक्षा हुनुपर्ने माग बढेर गएको छ। यसैक्रममा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी यूनियन (क्रान्तिकारी)ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्कगर्ने संवैधानिक व्यवस्थालाई बिद्यालय शिक्षा विधेयकमा समेट्न प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको ध्यानाकर्षण गराएको छ। अखिल (क्रान्तिकारी) का अध्यक्ष विजयप्रकाश शर्मा सापकोटासहितको प्रतिधिमण्डलले गतसाता समितिका सभापति अम्मरबहादुर थापालाई एक ज्ञापनपत्र बुझाउँदै विधेयकमा शिक्षकको आत्मसम्मानको कदर तथा सेवसुविधा समायानुकूल बनाउन आग्रह गरेको थियो। संगठनले शतप्रतिशत खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्तिको सुनिश्चिततागर्न पनि माग गरेको थियो। क्रान्तिकारीले परम्परागतरुपमा चलिरहेका धार्मिक बिद्यालय मदरसा, गुम्बालगायतका बिद्यालयलाई समकक्षता र यस्ता **बाँकी ७ पेजमा**

## बढ्दो....

जथाभावी र जति पनि ऋण लिने अवस्थामा पुगेको छ । जुन कुरा बर्तमान सरकार सत्ता र शक्तिमा आएपछिका आर्थिक तथ्यांकहरुले स्पष्टगरेका छन् । हाल सरकारमा रहेकाहरुले देशमा राजनीतिक संकट रहेको कुरालाई स्वीकार गरिसकेका छन् । तर उनीहरु त्यसको दोष अरुको टोकोमा थोपरेर आफू पानीमाथि ओभनो हुने प्रयासमा रहेको देखिएको छ । ०७२ को संविधान त्रुटीपूर्ण रहेको कुरा सो संविधान घोषणा गर्दागर्दै पनि स्वीकार गरिएको बिषय हो । किनकी सो संविधान घोषणा गराउने नेकांको तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले तत्काल पहिलो संशोधन गराएबाट उपरोक्त कुराको पुष्टि हुन्छ । त्यसलगत्तै फेरी संशोधन गराउने प्रयास भएको थियो । जुन प्रयास त्यतिबेलाको प्रतिपक्षी दलको प्रतिरोधका कारण सफल हुनसकेन । त्यतिबेला पनि मुख्यत भारतका कारण नेपालको संविधान बिवादास्पद हुनपुगेको थियो । नेपालको संविधान आफ्नो अनुकूल नभएका कारण उसले नेपालमा नाकाबन्दीसमेत लगाएको थियो । त्यतिवेला नेपालका भारत समर्थकहरुले सीमापारी भारतीय भूमिमा रहेर नेपालतर्फ ढुंगा प्रहारगर्नेजस्ता लज्जाजनक काम पनि गरेका थिए । कम्युनिष्टहरुलाई सबैभन्दा बढी देशभक्त शक्ति मानिन्छ । तर नेपालमा कतिपय कम्युनिष्ट पार्टीहरुले इण्डो पश्चिमाको छाता ओडेका कारण उनीहरुनै राष्ट्र र राष्ट्रियताका लागि बढी खतर्नाक शक्ति देखिएका छन् । त्यसैले हाल जुन, जुन पाटीहरुले पार्टी एकताको प्रयास गरेका छन् । उनीहरुको पार्टी एकताको पहिलो शर्तनै राष्ट्रिय एकता र राष्ट्र हित तथा नेपालमा भैरहेको बिदेशी हस्तक्षेपको बिरोध हुनुपर्दछ । पछिल्लो पटक बनाउन खोजिएको माओवादी केन्द्रदेखि नेकपा मसालसम्मको गठबन्धनमा यसबारे छलफल हुनु जरुरी भएको छ ।

## बढ्दो....

ध्यानदिएरनै कुलिङ अफ पिरियडको व्यवस्थागर्न खोजिएको थियो, जुन नेपालको लागि अति आवश्यक थियो र छ । कुलिङ अफ पिरियडका पक्षमा राज्य व्यवस्था तथा सुशासन समिति तथा संसदिभत्र एक प्रकारको सर्वसम्मतिनै थियो तर संसद्द्वारा पारित निजामति सेवा विधेयकमा कुलिङ अफ पिरियड दुई बर्षको हुने र त्यो अवधिमा पूर्व प्रशासकले संवैधानिकबाहेक राजनीतिक तथा अन्य नियुक्तिमा जाननपाउने प्रावधान भएको व्यवस्था प्रकाशन भएको छ । कुलिङ पिरियडसम्बन्धी प्रावधानमा बाहेकभन्ने शब्दले पूर्व प्रशासकलाई संवैधानिक नियुक्ति जाने बाटो खुल्लागर्ने कार्यले कुलिङ अफ पिरियडको भावना र उद्देश्यमाथि गम्भीर कुठाराघात भएको छ । कुलिङ अफ पिरियडसम्बन्धी व्यवस्थालाई हेरफेर गर्ने काम कोबाट भयो ? यो हेरफेरमा कर्मचारी वा राजनीतिक नेतृत्वमध्ये कसको संलग्नता छ र त्यसबारे आवश्यक छानबिन गरिनुपर्दछ । कानून बनाउने मुलुकको सर्वोच्च संस्था संसद्मा प्रस्तुत तथा पारित गरिने कानून वा विधेयकमा यो हदसम्मको हेरफेरले हाम्रो कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वको हद दर्जाको अविश्वसनीय चरित्रलाई देखाउँछ । कर्मचारी वा राजनीतिक नेतृत्व वा दुइटैको साँठगाँठमा मुलुकको सार्वभौम संस्थाको हकअधिकार कुण्ठितगर्ने दुष्कार्य भएको छ । आफूखुसी शब्द हटाउने र थप्ने कार्य सार्वभौम संसद्को घोर अपमान त हो नै, त्यसका साथै सरासर जालसाजसमेत हो । सर्वोच्च अदालतको संवैधानिक इजलासको बहुमतले चार बर्षपहिला ५२ संवैधानिक पदको नियुक्तिका विरुद्ध परेको रिटलाई खारेज गरेको छ, जुन गलत छ । बक्तब्यको अन्त्यमा यस प्रकारका बिवादमा सर्वोच्चले दिएको निर्णयबाट हाम्रो मुलुकको न्यायपालिका कार्यकारीको छायाबाट मुक्त नभएकोनै बताउँछ । तत्कालीन अवस्थामा बिद्यमान कानूनका कारण स्वेच्छाचारी ढंगबाट संवैधानिक पदाधिकारीको नियुक्तिगर्न सम्भव नभएको हुनालेनै तत्कालीन प्रधानमन्त्री केपी ओलीले अध्यादेश जारीगरेका थिए । अध्यादेशमा संवैधानिक परिषद्को बैठकसम्बन्धी गणपूरक संख्या घटाई संशोधन गरेर नियुक्ति गरिएको थियो । सर्वोच्च अदालतको संवैधानिक इजलासले ओली सरकारको स्वेच्छाचारी कदमलाई वैधानिकता दिएर आफूमाथि जनविश्वासलाई ऋणात्मक बनाएको छ भनिएको छ । संसदमा राजमोले खेलेको भूमिकाभने बढी प्रभावकारी र अर्थपूर्ण रहँदै आएको छ ।

## श्रमिकको....

वत्तीय संस्थाहरुमा श्रम ऐन लागूनहुने भनि हालै गरेको निर्णयका सन्दर्भमा सबै श्रमिकका लागि श्रम ऐन लागूहुने कानूनी व्यवस्था कार्यान्वयनका लागि आवश्यक पहल गर्नुपर्ने केन्द्रको माग छ । त्यसैगरी ठेकेदारी प्रथामार्फत कानून विपरीत श्रमिक आपूर्तिगर्ने कार्यलाई रोक्न तत्काल त्रिपक्षीय संयन्त्र बनाई श्रम बजारको नियमन गर्नुपर्ने अध्यक्ष सिम्खडाले बताउनुभएको छ ।

## विश्व....

जोगाउन कम्युनिष्ट पार्टी र कम्युनिष्टहरुको आवश्यकता परेको हो । समाजवादी दर्शन र सिद्धान्तको आवश्यकता परेको हो । कम्युनिष्ट सरल, मृदुभाषी, संघर्षशील आदि चरित्रका हुन्छन् । आफूलाई सर्वहारा बर्गको सांस्कृतिक स्तरमा माथि उठाएर मात्रै कम्युनिष्टहरु सही अर्थमा कम्युनिष्ट बन्दछन् । सामन्ति, पूँजीवादी, निम्न पूँजीवादी तत्वहरुले भैं काम गर्ने होभने एउटा कम्युनिष्टले आफ्नो सांस्कृतिक स्तर माथि उठाउन सक्दैन् । परिणाम पार्टीको क्रान्तिकारी सिद्धान्त र उद्देश्यलाई पूरा अपनाउन असफल रहन्छ । क्रान्तिकारी सिद्धान्त र उद्देश्यअनुसार आफैलाई ढाल्न सक्दैन् । त्यसअनुसारको अनुशासन र जिम्मेवारी पालना गर्न सक्दैन् । त्यसकारण सांस्कृतिक रुपान्तरणको आवश्यकता कम्युनिष्ट पार्टीमा परिरहन्छ । सर्वहारा बर्गको संस्कृतिको आधारभनेको कम्युनिष्ट घोषणपत्रमा लेखेभैं सर्वहारा बर्गको निम्ति गुमाउनको लागि केही हुन्न, जित्नको लागि सारा संसार छभन्ने मान्यता नै हो । यही सैद्धान्तिक मान्यतामाथि सर्वहारा बर्गको संस्कृति टिकेको हुन्छ । यो भनेको कम्युनिष्टहरुको सांस्कृतिक चेतनाले निर्धारण गर्दछ , त्यसैद्धारा निर्देशित रहन्छन् । तर, बिडम्बना के छभने कम्युनिष्ट नेता तथा कार्यकर्ताहरुमा गैर कम्युनिष्ट सोंचाइ, मान्यता वा स्वार्थद्धारा प्रेरित भएर गैरसर्वहारा बर्गीय कमजोरी अगाडि आइरहेका छन् । पिछडिएको मध्ययुगिन तथा सामन्ती संस्कृतिको प्रभावबाट माथि उठेपनि कैयौ कम्युनिष्टहरु पूँजीवादी संस्कृतिको स्तरसम्म पनि उठन सकेको पाइदैन् । विश्वास चाहिँ सबैभन्दा उन्नत संस्कृतिको गर्ने तर व्यवहार र चिन्तनचाहिँ अत्यन्त पीछडिएको संस्कृतिकोगर्ने । भौतिक पक्ष र चेतना मध्य भौतिक पक्षले प्रधानता लिंदालिंदै पनि उन्नत चेतनाले पछि गएर भौतिक पक्षलाई पनि प्रभावित पार्नपर्नेमा भौतिक पक्ष सधै बलियो बन्दै जाने, चेतनामा स्खलनहुँदै जाने, योनै अहिलेको विश्व कम्युनिष्ट आन्दोलन र नेपालको कम्युनिष्ट आन्दोलनभित्रको पनि समस्या हो । **लेखक : क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका नेता हुनुहुन्छ ।**

## समसामयिक....

सरकारले स्वेच्छाचारी प्रकारले संवैधानिक पदमा नियुक्तिगर्न बिद्यमान कानूनले नदिएपछि तुरुन्तै अध्यादेश जारीगरेर ती संवैधानिक पदमा स्वेच्छाचारी तरिकाले नियुक्तिगर्ने कामगरेका थिए । त्यसले कानूनमाथि खेलबाडगर्ने उनको स्वेच्छाचारी कार्यविधिलाई नै बताउँछ । अहिले संवैधानिक इजलासले उनको त्यस प्रकारको स्वेच्छाचारी कार्यप्रणालीमाथि मोहर लगाइदिएको छ । संवैधानिक इजलासको त्यस प्रकारको फैसलाले भविष्यका लागि पनि एउटा गलत प्रकारको नजिर स्थापित गरेको छ । समग्र रुपमा बिचार गर्दा अहिले ५२ वटा संवैधानिक नियुक्तिबारे संवैधानिक इजलासले गरेको फैसला संविधान र कानूनको आधारमाभन्दा पनि त्यस प्रकारको फैसलाका पछाडि सरकारको प्रभावले बढी काम गरेको देखिन्छ । सर्वोच्च अदालतको एउटा मुख्य जिम्मेवारी संविधानको रक्षागर्नु र कार्यपालिकाको स्वेच्छाचारितामाथि नियन्त्रणगर्नु पनि हो । अहिले सर्वोच्चले गरेको उक्त फैसलाबाट न्यायपालिकाको त्यस प्रकारको जिम्मेवारीको उपेक्षा भएको वा सरकारको स्वेच्छाचारितालाई बल पुग्नगएको ता छैन ? त्यो प्रश्न पनि नउठाईकन रहन सकिन्न । त्यो फैसलाबाट न्यायपालिकाको संविधानको विधिशास्त्रीय व्याख्या गर्नेबारे पनि कमजोरी रहेको देखिन्छ र त्यो फैसलाले कार्यपालिकाको स्वेच्छाचारी कार्यविधिलाई अनुमोदन गरेको छ । त्यस प्रकारको पृष्ठभूमिमा न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामा आँच पुग्ननदिन सबै न्यायप्रेमी जनताको ध्यान जानुपर्ने आवश्यकता छ । अफगानिस्तानको तालिबान सरकारलाई रुसले समर्थन दिएको कार्यप्रति नेकपा ( मसाल) को गम्भीर ध्यान आकर्षित भएको छ । तालिबान पहिलेदेखि नै आफ्नो इस्लामिक कट्टरवादी दृष्टिकोणको लागि बदनाम छन् । उनीहरुले महिलाको हकअधिकारमाथि मध्ययुगीन प्रकारले दमनगर्ने नीति अपनाउँदै आएका छन् । उनीहरु महिला शिक्षाका कट्टर विरोधी छन् र महिलाका सबै सार्वजनिक गतिविधिमा पनि उनीहरुले पूरै नियन्त्रण राखेका छन् । आफ्नो त्यो नीतिअनुसार नै महिला शिक्षाको विषयमा बिचार प्रकट गरेको हुनाले उनीहरुले मलालामाथि पनि गोली चलाएका थिए, जसलाई पछि नोबेल पुरस्कार प्राप्तभयो । उनीहरु सत्तामा आएपछि पनि महिलाप्रतिको त्यस प्रकारको मध्ययुगीन र कट्टरपन्थी नीतिलाई कायम राखेका छन् । त्यसैले संसारभरिका सरकारले उनीहरुको सरकारलाई मान्यता दिएका थिएनन् । त्यस प्रकारको पृष्ठभूमिमा अहिले रुसको सरकारले तालिबान सरकारलाई मान्यता दिने जुन कार्य गरेको छ, त्यो खालि रुस र तालिबानको सरकारसित सम्बन्धित विषय मात्र नभएर सम्पूर्ण संसारका महिलाको हक, अधिकार र मानवअधिकार समेतसित सम्बन्धित अन्तर्राष्ट्रिय महत्वको प्रश्न हो । त्यसैले रुसद्वारा तालिबान सरकारलाई दिएको मान्यताको अन्तर्राष्ट्रियरुपमा नै भर्त्सनागर्नु आवश्यक हुनगएको महामन्त्रि सिंहको भनाई रहेको छ ।

## आजका....

पेशहुनु नै अन्तर्राष्ट्रिय मान्यता विपरित हुन्छ । यसो भएको होभने नेपाल सरकारको मौनता पनि स्वाभिमानी नेपालीहरुका लागि सुहाउँदैन। तसर्थ, नेपालको राष्ट्रिय सुरक्षासँग सम्बन्धित सीमा प्रशंगमा विशेषगरी लिपुलेकको प्रयोजनबारे भारत र चीनबिच कुनै सम्झौता हुन खोज्छ भने नेपालको अनिवार्य चासो हुनुपर्छ। **(शर्मा नेपाली सेनाका अवकाशप्राप्त सहायक रथी हुनुहुन्छ । )**

## अनिवार्य....

बिद्यालयलाई मूलधारमा ल्याउनेबारेमा थप स्पष्टतागर्न सुझाव दिएको बताइएको छ । सो संगठनका उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख मदन ढकालले ज्ञापत्रपत्रमा राष्ट्रिय पाठ्यक्रम परिषद् र पाठ्यक्रम विकास केन्द्रलाई गाभेर एउटा निकाय कायम गर्न सुझाव दिइएको छ । ऐन प्रारम्भ भएपछि पाँचदेखि १० बर्षभित्रमा निजी बिद्यालय अनिवार्यरुपमा शैक्षिक गुठीमा रुपान्तरणगरी सञ्चालनगर्नु आवश्यक रहेको औंल्याउँदै क्रान्तिकारीले निजी गुठीकारुपमा सञ्चालित बिद्यालय १० बर्षभित्र सार्वजनिक गुठीमा रुपान्तरणगरी सञ्चालन गर्नुपर्ने सुझाव दिइएको जानकारी दिनुभएको छ ।

## समसामयिक....

उपभोक्ता मूल्य सूचकांक २.६६ प्रतिशतले बढेको छ । प्रदेशगतरुपमा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१८, मधेशको २.५२, बागमतीको २.२९, गण्डकीको १.७५, लुम्बिनीको २.३९, कर्णालीको २.५४ र सुदूरपश्चिम प्रदेशको ३. ८६ प्रतिशत रहेको राष्ट्रबैंकको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## बिश्व...

शिखर सम्मेलनमा ट्रम्पको कर्तव्यको आलोचना गरेपछि उहाँले अमेरिकी विरोधी नीतिहरुको आरोप लगाउनुभएको थियो । तर साझेदारहरु अझै पनि ट्रम्पको भन्सार शुल्कलाई पूर्णरुपमा रोक्न हतारिरहेका छन् । युरोपेली संघ ( इयु) प्रमुख उर्सुला भोन डेर लेयेनले आइतबार कुरागर्दा व्यापारमा ट्रम्पसँग राम्रो आदान-प्रदान भएको युरोपेली आयोगले जनाएको छ । त्यसैगरी राष्ट्रपति ट्रम्पले आगामी अगष्ट एकदेखि ब्राजीलमाथि ५० प्रतिशत ट्यारिफ (शुल्क)लगाउने घोषणा गर्नुभएको छ । उहाँले ट्रुथ सोसियलमा एसबारे एक पत्र पनि सार्वजनिक गर्नुभएको छ । पत्रमा ट्रम्पले अमेरिकी टेक कम्पनीमाथि आक्रमण गरेको आरोप ब्राजीलविरुद्ध लगाउनु भएको छ । ट्रम्पले ब्राजील सरकारमाथि पूर्व राष्ट्रपति जेयर बोल्सोनारोविरुद्ध जासुसी गरेको आरोपसमेत लगाएको छ । यता बोल्सोनारोविरुद्ध पनि ब्राजीलमा २०२२ मा भएको आम निर्वाचनमा नतिजा परिवर्तनगर्न खोजेको आरोपसमेत छ । यसै विषयमा अहिले मुद्धासमेत चलिरहेको छ । ट्रम्पको घोषणापछि ब्राजीलका राष्ट्रपति लुईस लूला दा सिल्भाले अमेरिको ट्यारिफविरुद्ध आफूहरुले पनि ट्यारिफनै लगाउने बताउनु भएको छ । ट्रम्पले केही देशहरुलाई नयाँ एकपक्षीय भन्सार दरहरु पठाउने बताएका कारण लगानीकर्ताहरु सतर्क रहँदा टोकियोको सेयर बजार ओरालो लागेको छ । बजारमा लगानीकर्ताहरुले सक्रियरुपमा कारोबारगर्न नचाहेको देखिएको छ, किनभने ट्रम्पले पठाउने भनिएको भन्सार दरको पत्र जापानलाई पनि लागू हुन्छकि हुँदैनभन्ने विषयमा अनिश्चितता रहेको छ । अहिले चलिरहेको आपसी भन्सार सहमतिको अवधि जुलाई नौमा सकिएको छ, जसले थपअन्योलता सिर्जना गरेको छ । त्यसैगरी विश्वको दोश्रो ठूलो कपडा निर्माता बंगलादेशले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाउने भनेको ३५ प्रतिशत भन्सार महसुल घटाउने आशा राखेको देशका शीर्ष वाणिज्य अधिकारीले बताएका छन् । बंगलादेशको निर्यातमा कपडा र गार्मेन्ट उत्पादनको हिस्सा करिब ८० प्रतिशत छ र गतबर्ष सरकारलाई अपदस्थगर्ने बिद्यार्थी नेतृत्वको क्रान्तिलेगर्दा यो उद्योगले पुनः निर्माण गरिरहेको छ । बंगलादेश बैंक र राष्ट्रिय राजस्व बोर्डका अनुसार सन् २०२४ मा बंगलादेशले अमेरिकामा आठअर्ब ३६ करोड डलर मूल्यका सामान निर्यात गरेको थियोभने त्यहाँबाट दुईअर्ब २१ करोड डलरको आयात भएको थियो । बंगलादेशबाट उत्पादनहरु प्राप्तगर्ने अमेरिकी कपडा कम्पनीहरु फ्रुट अफ द लुमदेखि लेवी स्ट्रसदेखि भिएफ कर्पसम्म छन् । यिनीहरुका ब्रान्डहरुमा भ्यान, टिम्बरल्यान्ड र द नर्थ फेस समावेश छन् । ट्रम्पले अप्रिल २ मा गरेको घोषणामा बंगलादेशलाई ३७ प्रतिशत कर लगाउनुभएको थियो, तर हालै जारी गरिएको पत्रमा उहाँले अब यो ३५ प्रतिशत हुने बताउनुभयो । यो कपास उत्पादनहरुमा पहिले नै राखिएको १६ प्रतिशतभन्दा दोब्बरभन्दा बढी हो । व्यापार घाटा कमगर्न ढाकाले बोइङ विमानहरु खरिदगर्न र अमेरिकी गहुँ, कपास र तेलको आयात बढाउन प्रस्ताव गरेको छ । व्यापार घाटालाई ट्रम्पले पीडादायी कर लगाउनका लागि औचित्यकारुपमा प्रयोग गर्नुभएको छ । बंगलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसन (बिजिएमइए) का अध्यक्ष महमुद हसन खानले यसलाई 'गार्मेन्ट क्षेत्रका लागि ठूलो चुनौती भन्नुभएको छ । यसैबीच संयुक्त राष्ट्रसंघले एक विज्ञप्ति जारीगर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित आयात शुल्क केही हप्ताका लागि स्थगन गरिएको निर्णयले विश्वव्यापी व्यापार वातावरणमा अनिश्चितता झनै गहिरिएको चेतावनी दिएको छ । राष्ट्रपति ट्रम्पले यसअघि अप्रिल दुईमा सबै मुलुकका सामानहरुमा कम्तीमा १० प्रतिशत भन्सार शुल्क लगाउने घोषणा गर्नुभएको थियो । तर बजारमा देखिएको अस्थिरतापछि उहाँले ती शुल्कहरु जुलाई नौसम्म स्थगनगर्ने निर्णय गर्नुभएको थियो । पछिल्लो निर्णयअनुसार सम्झौतागर्न समय दिनका लागि यो म्याद अब अगष्ट एक सम्म लम्ब्याइएको छ । संयुक्त राष्ट्रसंघ अन्तर्गतको अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आईटीसी) की निर्देशक पामेला कोक-ह्यामिल्टनले सोमबार जेनेभामा आयोजित पत्रकार सम्मेलनमा शुल्क केही समयका लागि रोकिए पनि, यो निर्णयले व्यापारिक अनिश्चितता अझ लम्ब्याएको छ । यस्ता अवस्थाले लगानी र दीर्घकालीन व्यापार सम्झौताहरुमा नकारात्मक असरपार्न सक्छ भन्नुभएको थियो । उहाँले व्यापारका लागि स्थायित्व र पूर्वानुमानयोग्यता अत्यावश्यक हुने बताउनु भयो । उहाँले नियम पटक,पटक बदलिदा व्यवसायले भविष्यको योजना बनाउन सक्दैन भन्नुभयो । कोक-ह्यामिल्टनले हालका व्यापारिक चुनौती केवल अमेरिकासँग मात्र सीमित नरहेको उल्लेख गर्नुभयो । युक्रेन युद्ध, आपूर्ति समस्या, वस्तुको मूल्यवृद्धि र घट्दो अन्तर्राष्ट्रिय सहयोगले विश्व व्यापारमा थप दबाब सिर्जना गरेको बताउँदै उहाँले यो समयलाई एक प्रकारको संकटको आँधीबेहरीभनेर चित्रण गर्नुभएको छ । यद्यपि उहाँले विकासशील देशहरुले आफ्ना क्षेत्रीय बजारहरु बलियो बनाउन, आफ्नै देशमै प्रशोधन प्रक्रिया बढाउन, साना व्यवसायहरुलाई प्रवर्द्धनगर्ने जस्ता उपायबाट केही स्थायित्व र नयाँ अवसरहरु पाउन सक्ने उल्लेख गर्नुभएको छ । त्यसैगरी चीनले अफ्रिकी देशहरुलाई आफ्नो बजारमा शुल्करहित पहुँच दिने घोषणा एउटा सकारात्मक सम्भावना भएको उहाँले बताउनुभएको छ । उपरोक्त सबै घटनाक्रमहरुले गर्दा अमेरिकी राष्ट्रपति ट्रम्पको शाख घट्दैगएको छभने आगामी दिनमा अमेरिका अनिर्णयको बन्दी बन्ने संभावना बढेको छ ।

## देशका....

गरिएको समितिले जनाएको छ । त्यसैगरी मर्स्याङ्दी नदीको किनारैकिनार लमजुङको बैँशीशहरबाट हिमालपारिको मनाङ पुग्ने बैँशीशहर-चामे सडक अत्यन्तै जोखिमपूर्ण बनेको छ । सोही सडकमा दैनिक सयौँयात्रु जोखिम मोल्दै यात्रागर्न बाध्य छन् । साँघुरो कच्चीसडक, सधैँ जोखिम मोल्नुपर्ने अवस्था छ । त्यसमा पनि अहिले ठाउँठाउँमा खसेको पहिरोका कारण जोखिमपूर्ण सडक पारगर्दै दैनिक सयौँ यात्री भगवान्को नाम जप्दै यात्रागर्न बाध्य छन् । यस्तो जोखिमपूर्ण बाटोमा दर्जनौँ सवारीसाधन लमजुङ-मनाङ आवतजावत गर्दछन् । हिमालपारिको जिल्ला मनाङबाट लमजुङहुँदै बिभिन्न ठाउँमा आउने र यहाँबाट मनाङ जाने एउटै बैँशीशहर-चामे सडक हो । भिरैभिर र मर्स्याङ्दी नदीमाथिमाथि हुँदै ढुँगैढुंगाको सडक व्यवस्थित नहुँदा यात्री बेशीशहर-चामे सडकमा त्रसितहुँदै जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । बैँशीशहरबाट खुदी, भुलभुले, स्याँगे, जगत, च्याम्चेहुँदै मनाङको तालबजार, तिमाङहुँदै मनाङ सदरमुकाम चामेबजारसम्म ६५ किलोमिटर दूरी छ । यस सडकमा यात्रा जोखिमपूर्ण रहेको यात्रीहरु बताउँछन् । अधिकांश सडकखण्ड चट्टाने पहरो काटेर बनाइएकाले जोखिमपूर्ण छभने अग्लो भिर, ससाना मोड, ग्रेडिङ नमिलेका र साँघुरो भएकाले थप जोखिमपूर्ण भएको स्थानीयको भनाई छ । बिभिन्न ठाउँमा बेलाबेलामा पहिरो गइरहन्छ, पहिलाभन्दा पनि बाटो बिग्रँदै गएको छ, कुन बेला के हुन्छ डर रहन्छ । सडकबाट खसिहाल्योभने सिधै मर्स्याङ्दीमा पुग्ने भएकाले बाँच्ने कुनै सम्भावना छैन । यात्राकाक्रममा अधिकांश यात्री सडक र भिरको अवस्था देखेर डराउँछन् । कहिले त जीप गुड्दागुड्दै पनि माथिबाट ढुंगा र पहिरो खस्ने गर्छ, अझ बढी बर्खायाममा जोखिम हुने गरेको उहाँको भनाइ छ । डुम्रे-बैँशीशहर-चामे सडक योजना कार्यालयका सूचना अधिकारी नवीन विष्टकाअनुसार बैँशीशहर-चामे सडकको यात्रा जोखिमपूर्ण छ । सरकारले आवश्कतानुसार पर्याप्त बजेट दिन नसक्दा सडक गुणस्तरीय नहुँदा जोखिम बनिरहेको छ । चालु आर्थिक बर्षमा ३६ करोड बजेट प्राप्त भएको थियो । आगामी आवका लागि यस सडकका लागि ४० करोड प्रारम्भिक बजेट सरकारले उपलब्ध गराउन लागेको छ । बिभिन्न ठाउँमा दैनिकजसो पहिराले सडक अवरुद्ध बनाउँदा मनाङवासी चिन्तित छन् । लामो समयसम्म पहिराले यो सडक अवरुद्ध बनाउँदा मनाङबाट बैँशीशहरहुँदै बिभिन्न ठाउँमा जान हेलिकप्टर प्रयोगगर्नुको बिवकल्प छैन । जिल्लालाई सडक सञ्जालमा जोड्ने सरकारको योजनाअनुरुप ०५१ सालदेखि सडक डिभिजन कार्यालय दमौली तनहुँले सडक निर्माणगर्न शुरुगरेको थियो । बिभिन्न कारणले ०५७ सालदेखि नेपाली सेनाले उक्त सडक निर्माणको जिम्मेवारी पायो । बाँदर लड्लाजस्तो जोखिमपूर्ण भिरमा ज्यानको बाजी लगाएर सेनाले उक्त सडक निमार्णगर्न सफल भयोभने बाटो निर्माणका क्रममा केहीको मृत्युसमेत हुनपुग्यो । यसरी सेनाले निर्माण गरेको सडकबाट मनाङवासीको सपना पूरा भए पनि सडक स्तरोन्नति हुननसक्दाभने मनाङवासी निराश छन् । उनीहरुमात्र नभई लमजुङवासी, यात्री तथा पर्यटकसमेत सडक स्तरोन्नति नहुँदा चिन्तित छन् । सबैको एउटै चाहना छ, सडक गुणस्तरीय होस् र दुर्घटनाको जोखिम न्यून होस् । बैँशीशहरस्थित तत्कालीन नेपाली सेना कार्यगणले ०६९ सालमा सडक निर्माणकार्य सम्पन्न गरेसँगै सडक डिभिजन कार्यालय दमौली तनहुँलाई हस्तान्तरण गरेको थियो । गणका इञ्जिनियर भरत श्रेष्ठ र इन्द्रीवर गुरुङको नेतृत्वमा सडक निर्माण गरी हस्तान्तरण गरिएको हो ।

# नगरमा खानेपानीको संकट, स्थानीय आन्दोलित

काठमाडौं । पर्साको वीरगञ्ज महानगरमा लामो समयदेखि खानेपानीको संकट देखिएपछि स्थानीय आन्दोलित भएका छन् । उनीहरुले सो समस्याको दीर्घकालीन समाधानको माग गरेका छन् । खानेपानीको समस्या दीर्घकालीन रुपमा समाधान गर्नुभन्दा तत्कालीन रुपमा केही़दिन ट्यांकर तथा दमकमबाट पानी वितरण गरेर नहुने उनीहरुको भनाइ छ ।

वीरगञ्ज महानगरले ट्यांकर र पर्साको सखुवाप्रसौनी गाउँपालिकाले दमकलबाट पानी ओसारेर आपूर्तिगर्न थालेपछि सर्वसाधारणले दिगो समाधानमा जोड दिएका हुन् । वीरगञ्ज महानगरप्रमुख राजेशमान सिंह ०७९ सालको स्थानीय तहको निर्वाचनमा उम्मेदवारहुँदा पनि वीरगञ्जमा खानेपानीको समस्या समाधानगर्न लागिपर्ने घोषणा पनि गर्नुभएको थियो । उहाँको चुनावी सभामा पर्साका प्रतिनिधिसभाका सांसद तथा खानेपानीमन्त्री प्रदीप यादवले पनि खानेपानीको दीर्घकालीन समाधानगर्ने घोषणा गर्नुभएको थियो । उहाँ नगरप्रमुखमा निर्वाचित भएको तीन बर्ष बित्दा पनि समस्या यथावत छ । वीरगञ्ज महानगर-१३ श्रीपुरका कैफुल मियाँ खानेपानीको संकट समाधानगर्न महानगर अग्रसर नभएकामा खिन्न हुनुहुन्छ । चापाकलमा एकथोपा पनि पानी आउँदैन यस्तै होभने हाम्रो उठिबास हुनेछ । यहाँस्थित नेपाल खानेपानी संस्थानका प्रमुख प्रवीणकुमार साहले महानगरको खानेपानी समस्या दीर्घकालीनरुपमा समाधान गर्नेतर्फ ध्यान दिन जरुरी भएको बताउनुभएको छ ।